चैत १५, २०६३

# समय

राष्ट्रिय साप्ताहिक







चैत ७, २०६३

# गौर नरसंहार

मूल्य रु. २५



माओवादी ज्यादतिको विरोधमा वसन्तपुरमा कार्यक्रम गर्दै व्यवसायीहरू

भास्वर ओझा



मधेसी जनाधिकार फोरमको आक्रमणमा घाइते भएका माओवादी कार्यकर्ताहरू

विपीन गौतम

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १४९, चैत ९–१५, २०६३

**आवरण :** राजाबाट राज्यसत्ताको अधिकार दलहरूमा फिर्ता भएको ११ महिनापछि मुलुकको इतिहासमा भयानक रक्तपात मच्चिएको छ। मधेसी जनाधिकार फोरमसँगको झडपमा कम्तीमा २७ माओवादी कार्यकर्ता मारिएका छन्, रौतहटको गौरमा। अन्तरिम सरकार गठन झमेला, माओवादीविरुद्ध व्यवसायीको आक्रोश, संविधानसभाको निर्वाचनमा ढिलाइजस्ता समस्यामा मुलुक फसिरहेको बेला गौर नरसंहारको नयाँ अध्याय थपिएको छ २४




## राजनीति

अन्तरिम सरकार गठनको मिति सर्दै जाँदा वयोवृद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला लाचार बन्दै गएका छन् ३२

## संविधानसभा

संविधानसभाको निर्वाचन छिटोमा कात्तिकमा सम्पन्न हुने निश्चित भइसक्दा पनि प्रधानमन्त्रीलगायत आठ दलका जिम्मेवार नेताहरू जेठमा चुनाव नहुने भनेर मुख फोर्न सकिरहेका छैनन् ३५

## स्वास्थ्य

तराईका जिल्लामा कालाजारको प्रकोप देखिन थालेको छ १८

डाउन्स सिन्ड्रोम भएका बालबालिकाको एउटै उपचार हो, माया २०

## रिपोर्ट

जनतान्त्रिकविरुद्ध आक्रोश बढ्दै छ ४०

## समाज

चेपाङबस्तीमा आउन छाडे वन्यजन्तुहरू ४४



निरज सापकोटा

**रंग :** पुलिट्जर पुरस्कार प्राप्त अमेरिकी नाटकको नेपाली अनुवाद 'किसमिसको बिस्कुन' राजधानीमा प्रदर्शन भइरहेको छ ५४

सम्पादकीय ........ ५
डाँक ........ ८
दर्शन ........ १०
टिपोट ........ ११
मुलुक ........ १२
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
मनोज दाहाल
**विशेष संवाददाता (ब्यूरो चिफ)**
विश्वमणि पोखरेल
**प्रमुख संवाददाता**
किरण भण्डारी
**वरिष्ठ संवाददाता**
सुवास देवकोटा
मधुसूदन पौडेल
नवीन अर्याल
छत्र कार्की
**संवाददाता**
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी **(संयोजक)**
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल **(प्रबन्धक)**
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा

**भृकुटी प्रकाशन (प्रा) लि.द्वारा**
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# चुनावको रटान

## सम्पादकीय

**सरकार र माओवादीबीच** विभिन्न समयमा भएका सहमति, बृहत् शान्ति सम्झौता र देशमा जेठ मसान्तसम्म संविधानसभाको निर्वाचन सम्पन्न गर्ने अठोटलाई निरपेक्षरुपमा हेर्न मिल्दैन । राजनीतिकरुपमा वा सहमतिको ढाँचाभित्रबाट विश्लेषण गर्दा निर्वाचनको मिति विधिवत्रुपमा घोषणा गर्न माओवादीसहितको अन्तरिम सरकार गठन आवश्यक हुन्छ । तर, निर्वाचनका लागि केही आवश्यक पूर्व सर्तहरू हुन्छन् : भयरहित वातावरणमा चुनाव प्रचार प्रसारको स्वतन्त्रता, उपयुक्त सुरक्षा व्यवस्था तथा निर्वाचन आयोगको दायित्व र अधिकार क्षेत्र तोक्ने स्पष्ट कानुनको व्यवस्था । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले हुकुम प्रमांगीको शैलीमा जेठभित्रै निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगलाई निर्देशन दिँदा यी तीनवटै सर्त पूरा नभएको अवस्था छ ।

त्यति मात्र हैन, ती सर्तहरूलाई खुलारुपमा उल्लंघन गर्न माओवादी उद्यत देखिन्छन् । झापामा राष्ट्रिय प्रजातन्त्र पार्टीमाथि माओवादी आक्रमणबारे सरकार मौन रहेकै मौका छोपेर माओवादीले राजधानीमै दुईजना उद्योग व्यवसायीहरू हरि श्रेष्ठ र सुरेश मल्लमाथि सांघातिक आक्रमण गरेका छन्, कानुन आफ्नो हातमा लिँदै ।

एकातिर शान्ति प्रक्रियालाई माओवादीहरूले सकारात्मक सघाउ पुऱ्याउँदै अन्तरिम सरकारमा प्रवेश गर्न पात्रता कमाउने आशा धमिलिँदै गएको छ भने अर्कोतिर सरकारका गृहमन्त्री मात्र हैन, अब प्रधानमन्त्री पनि निरीह बन्दै गएका छन् । जेठमा चुनाव हुन सक्ने वातावरण बनाउन सरकार असफल भइसकेको छ र त्यस्तो अवस्थामा हुने चुनावले मुलुकभित्र र अन्तर्राष्ट्रिय जगत्को मान्यता र विश्वसनीयता हासिल गर्न नसक्ने पनि स्पष्ट छ ।


समय

अझ दुःखद कुरा त के हो भने आठ महिनाअगाडि संक्रमणकालीन मुलुकले विश्वास गरेको सारथीका रुपमा चम्केका कोइराला अब असम्भव र अव्यवहारिक चुनावको जिद्दीमा लागेका छन् । शान्ति प्रक्रिया र त्यसपछि जनअनुमोदन हासिल गर्नुअघि नै माओवादीका आपराधिक गतिविधिलाई रोक्ने चेष्टा नै नगरेर उनले आफ्नो गर्धन प्रजातन्त्र र कानुनी व्यवस्थाको रक्षाभन्दा प्रचण्डसँग ज्यादा आत्मीयतापूर्वक जोड्न पुगेका छन् । माओवादीद्वारा पीडित पक्षका रुपमा प्रधानमन्त्री निवास बाहिर पुगेका व्यापारी शिष्टमण्डलसँग भेट्ने र कुरा सुन्ने न्यूनतम संवेदनशीलता नदेखाउने प्रधानमन्त्रीले निश्चय पनि जनआदर, विश्वास र आधार गुमाउनेछन् ।

निर्वाचन एउटा संवैधानिक औपचारिकता मात्र हैन । कानुन हातमा लिने प्रवृत्ति र विशेष वर्गको निर्माण अनि त्यसलाई रोक्न सरकार असफल भएमा कोइराला शासनमा हुने चुनाव र राजाको शासनमा गरिएको (माघ २५) को चुनावमा खासै अन्तर रहनेछैन । त्यसले प्रजातन्त्र र चुनावलाई केवल हाँसोको विषय मात्र बनाउनेछ । सम्भवत: कोइरालाले अन्ततोगत्वा त्यो चाहनेछैनन् । ■




## समय साता

**नरसंहार**
मधेसी जनाधिकार फोरमद्वारा रौतहटको गौरमा माओवादीमाथि आक्रमण । कम्तीमा २६ माओवादी कार्यकर्ताको हत्या ।

**प्रतिबद्धता**

आठ दलद्वारा व्यवसायलाई निर्बाध रूपमा चल्न वातावरण बनाउने प्रतिबद्धता । माओवादीले व्यवसायीमाथि गरेको आक्रमणको विरोधपछि आठ दलद्वारा प्रतिबद्धता । प्रचण्डद्वारासमेत सुरक्षित वातावरणमा व्यवसाय चल्न गम्भीर भएर लाग्ने अठोट ।

**विरोध**

माओवादीद्वारा होटल उडल्यान्डका सञ्चालक हरिलाल श्रेष्ठमाथि माओवादीद्वारा भएको आक्रमणको विरोधमा व्यवसाय क्षेत्र बन्द । सुरक्षाको प्रत्याभूति गर्न सरकारसँग माग ।

**छानबिन**

सर्वोच्च अदालतद्वारा न्यायक्षेत्रको घूस प्रकरण छानबिन गर्न उच्चस्तरीय छानबिन समिति बनाउने घोषणा ।

**घट्यो**
नेपाल विद्युत् प्राधिकरणले लगाउँदै आएको साताको ४० घन्टा लोडसेडिङ १६ घन्टाले घट्यो ।

**प्रदर्शन**

पुलिट्जर पुरस्कार प्राप्त नाटक 'अ रेइजिन इन द सन' नेपालीमा राजधानीमा प्रदर्शन ।

**जनसार्क**
सार्क सम्मेलनको पूर्वसन्ध्यामा काठमाडौंमा जनसार्कको आयोजना । शुक्रवारदेखि आइतवारसम्म हुने जनसार्कमा नागरिक समाज, मजदुर, पिछडिएका वर्गलगायतको सहभागिता रहने ।


**घोडेजात्रा**


उपत्यकाको परम्परागत पर्व घोडेजात्रामा इतिहासमा पहिलोपल्ट प्रधानमन्त्री सहभागी । यसअघि राजा यो पर्वको प्रमुख अतिथि रहने व्यवस्था ।

**लोकतन्त्र दिवस**
सरकारद्वारा वैशाख ११ लाई लोकतन्त्र दिवसका रूपमा मनाउने घोषणा ।

**अवरोध**

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता पशुपतिशमशेर राणालाई उनको गृहजिल्ला सिन्धुपाल्चोक जान माओवादी कार्यकर्ताद्वारा रोक ।




## भारतको ढोङ

समय (वर्ष ३, अंक १४८) हेर्ने अवसर पाएँ। 'भुटानी शरणार्थी'सम्बन्धी रिपोर्ट पढेपछि केही कुरा खड्कियो। भारत आफूलाई संसारकै प्रजातान्त्रिक शक्ति र यसको ठेकेदार सम्झन्छ। ऊ नेपालमा प्रजातान्त्रिक व्यवस्था भएन भनेर कयौंपटक कुर्लन्छ र कतिपय अवस्थामा नाकाबन्दी लगाउन पनि पछि पर्दैन। यस्तो अवस्थामा भारत पुरानो राज्यव्यवस्थासँग कयौं किसिमका मोलमोलाइ गर्छ भने आन्दोलनरत शक्तिलाई पनि समर्थन गरेर दोहोरो चरित्र देखाउँछ।

त्यही भारत र त्यहाँको प्रशासन भुटानी जनताको मामलामा भने किन तानाशाहको पृष्ठपोषक भएर बस्छ। भुटानमा भइरहेको जनआन्दोलनलाई द्वि-देशीय मामिला भनेर पन्छिरहेको छ। भुटानीहरू नेपाल आउँदा भारतको बाटो भएर आएका हुन्। तर, उनीहरू भुटान फर्कन खोज्दा भने भारतले सुरक्षादस्ता प्रयोग गरेर जबरजस्ती नेपाल फर्काउँछ। भुटानका शासकहरू भनेका भारतका कठपुतली हुन्। यस्तो अवस्थामा सत्र-अठार वर्षदेखि आन्दोलनरत भुटानी जनताको बारेमा आँखा चिम्लिएर त्यहाँको तानाशाही राजालाई आशीर्वाद दिएर संरक्षण दिनुको अर्थ छर्लंग हुन्छ। प्राकृतिक सम्पदा दोहन गर्नको लागि मात्रै भारत प्रजातन्त्र र स्वतन्त्रताको वकालत गर्छ।

■ **डुकु आचार्य**
हेकुली-५, दाङ
हाल : लाजिम्पाट-२, काठमाडौं

## खरा नेताका खरा विचार

एमालेका खरा नेता वामदेव गौतमद्वारा अभिव्यक्त खरा विचार पढ्दा (*'के शपथ नलिई सरकार चलाउनु संसद्को सम्मान हो ?'* समय १४८) साह्रै दुःख लाग्यो। उनले भनेझैं वास्तवमा जनताको सम्मान जनताको सर्वोपरितामा मात्र हुन्छ। सच्चा लोकतन्त्रवादी त्यो मात्र हुन्छ, जसले आफैं निर्माण गरेको वा समर्थन गरेको संविधान, कानुन, नियम र आचारसंहिता दृढतापूर्वक पालना गर्छ। हाम्रा वृद्ध प्रधानमन्त्रीलगायत सत्ताको स्वाद चाखिरहेका मन्त्रीहरूले मुलुकको सर्वोच्च कानुन बनाए। त्यसको पालनाका लागि लामा भाषणहरू पनि दिए, तर कार्यान्वयनको पहिलो कदममै त्यसलाई कुल्चेर हिँडे। सत्तारुढ दलको सदस्य भएर पनि आफ्नो आत्मसम्मानलाई नबेची जनता र मुलुकको मुल कानुन पालनाका लागि आफ्ना विचार राखिदिएकोमा वामदेव गौतमलाई धन्यवाद।

■ **विनिता खरेल**
धुम्बाराही, काठमाडौं

## वास्तविकता

समय (वर्ष ३, अंक १४८) पढेँ। शिक्षकहरू आन्दोलनमा उत्रिएका छन्। गुरुहरू आन्दोलनमा उत्रिनु भनेको पक्कै पनि सुखद अवस्था होइन। निजी क्षेत्रमा कार्यरत शिक्षकहरू शोषित र प्रताडित छन्। यस्तो कुरालाई *समय* पत्रिकाले घुमाउरो कुरा गरेर पन्छाउने प्रयास गरेको देखियो। अहिलेसम्म निजी शिक्षण संस्थाले शिक्षकहरूलाई नियुक्ति पत्र समेत दिँदैनन्। यो कतिसम्म घृणित र नीच कार्य हो। पाठ्यक्रममा मनलागी छ, बढी



कमिसन पाइने भयो भने जस्तोसुकै किताब भए पनि लागू गर्न हिच्किचाउँदैनन्। वर्षौं सेवारत शिक्षकहरूलाई नोकरको व्यवहार गर्न पछि पर्दैनन्।

उनीहरू शिक्षकहरूको वृत्तिविकास गर्ने र तालिमको व्यवस्था गर्दैनन्। आखिर तालिमप्राप्त शिक्षक भएमा समग्र विद्यालय र विद्यार्थीलाई फाइदा हुन्छ भन्ने कुरा नेपालका विद्यालय सञ्चालकहरूले कहिले बुझ्ने हुन्, कुन्नि ?

एमालेका नेता वामदेव गौतमको लेख पढ्दा ठिकै लाग्यो। त्यस्तो विधि र नियमका कुरा गर्ने नेता गौतमले सहिदका सन्तानलाई दिएको कोटामा आफ्ना सन्तानलाई पठाएर कसरी भ्रष्ट बने होलान् भनेर जान्न मन लाग्यो। त्यस्तो क्रान्तिकारी कुरा गर्ने वामदेवले सहिदका सन्तानलाई डाक्टरी पढ्न चीन सरकारले उपलब्ध गराएको कोटामा, आफ्ना सन्तानलाई पठाएको कुरा जनताले बिर्सिसके भन्ने ठानेका छन् कि कसो ?

■ **एन्थस खनाल**
धापासी-८, काठमाडौं

## हाँस उठ्दो निर्णय

राजनीतिक व्यक्ति गैसस नेतृत्वमा नबस्ने आग्रहसम्बन्धी समाचार पढ्दा भित्रभित्रै हाँसो उठ्यो (*समय* वर्ष ३, अंक १४८)। समाचारअनुसार संयुक्त राष्ट्रसंघलगायत ११ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले '...हाम्रा सहयोगलाई कुनै किसिमको सैनिक, राजनीतिक वा साम्प्रदायिक अभिप्रायको लागि प्रयोग गर्ने कुरा हामीलाई मान्य हुनेछैन' भनेका रहेछन्। साथै समाचारअनुसार गैसस महासंघको आचारसंहितामा राजनीतिक दलको नेतृत्वमा बस्ने र गैरसरकारी संस्थाको पदाधिकारी एकै समयमा हुन नपाइने व्यवस्था छ। तर यथार्थ कस्तो छ, गैरसरकारी संस्थाहरूको ? ठूला नामधारी गैरसरकारी संस्थाहरू प्रायः एमालेको कब्जामा छन् र यसको जानकारी ती सबै अन्तर्राष्ट्रिय दातृ संस्थाहरूलाई थाहा पनि छ। तैपनि तिनै दातृसंस्थाहरू छानीछानी तिनै गैससलाई अनुदान दिन्छन्। अब यसमा नहाँसेर के गर्नु ?

■ **आभास सत्याल**
ट्याङ्ला फाँट, कीर्तिपुर

## अनियमित समय

म *समय*को नियमित पाठक हुँ। यो पत्रिका पढ्न मन लाग्छ, तर नियमित पाठकलाई निरास पार्ने काम यो पत्रिकाले बारम्बार गर्दै आएको छ। *समय*को अनियमितताको सिकार मजस्ता नियमित पाठक हुनु भनेको अवश्य पनि राम्रो होइन।

मेरो विचारमा गत साता नेपालगन्जमा समय आएन। धेरै सोधिखोजीपछि *समय* नआएको टुंगोमा पुगेर यो पत्र लेख्दै छु। हड्ताल, बन्द जस्ता व्यवधानका कारण नेपालगन्जमा पठाउन नसकिएको समयको आफ्नै तर्क हुन सक्छ। शुक्रवारको पत्रिका शनिवार वा आइतवार पठाएको भए के फरक पर्ने थियो र ? फेरि अचम्मको कुरा समयबाहेक काठमाडौंबाट प्रकाशित सबै खाले पत्रिका आउन सक्ने नेपालगन्जमा *समय*लाई केले रोकेको हो, थाहा हुन सकेन। दिनदिनैका बन्द, हड्ताल, आन्दोलनले जनजीवन बिथोलिएको छ। यस्ता बेला के भयो भनेर पाठकमा पढ्ने-बुझ्ने चाहना अत्यधिक हुन्छ भन्ने कुरा *समय*ले बुझ्नु पर्‍यो। पत्रिका अन्य उपभोग्य सामग्री जस्तो पाए खाने, भोगचलन गर्ने नपाए चित्त बुझाउने सामान्य खुराक होइन। यो कुरामा समय पनि सहमत हुनैपर्छ। म भन्न चाहन्छु, नियमित पाठकको संवेदनशीलताको कदर गर्ने काम हओस् र पत्रिका नियमित गरियोस्।

■ **नवीन खड्का**
धम्बोजी, नेपालगन्ज

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

**बौद्ध तीर्थहरूको अतिशय क्षय बाह्रौं शताब्दीतिर मुसलमानहरूको भारतप्रवेशपछि सुरु भयो । त्यही बेला अधिकांश बौद्ध बिहारहरू जलाइए । अधिकांश बौद्धधर्मावलम्बीहरूलाई शस्त्रको बलमा धर्म परिवर्तन गर्न लगाइयो, नमान्नेहरू भारतक्षेत्रबाटै पलायन हुन बाध्य भए ।**



# बुद्धधर्मको पुनरुत्थान- १

■ स्वामी आनन्द अरुण

बुद्धको देहावसानपछि बुद्धधर्मको इतिहासमा सबैभन्दा ठूलो घटना क्रूर सम्राट अशोकको बुद्धधर्म प्रवेश हो । कलिंगयुद्धको दर्दनाक विजयपछि उनको हृदय परिवर्तन भयो र उनी प्रायश्चित स्वरूप बुद्धधर्ममा प्रवेश गरे । अशोकले बुद्धधर्म सारा एसियाभरि फैलाए । उनले बुद्धले पाइला टेकेका सम्पूर्ण ठाउँलाई चिनाउन अशोकस्तम्भ स्थापना गरी ती सबै ठाउँलाई सदाका लागि इतिहासमा अंकित गरे । उनले आफ्ना छोरा महेन्द्र र छोरी संघमित्रालाई बौद्धभिक्षु बनाई बोधिवृक्षको पवित्र शाखा उपहार स्वरुप दिई बुद्धधर्मको प्रचारका लागि श्रीलंका पठाए । बोधिवृक्षको त्यो शाखालाई सम्मानपूर्वक अनुराधापुरमा रोपियो । बोधगयाको मूल वृक्ष अनेकचोटि धर्मान्धहरूद्वारा नष्ट गरिँदा अनुराधापुरबाट शाखा पुनःपुनः ल्याई बुद्ध निर्वाणक्षेत्रमा पुनर्रोपण गरिएको छ । अशोकपछि आदिशंकाराचार्यको समयसम्म करिब १ हजार वर्षसम्म बुद्धधर्मले राज्यको संरक्षण पायो र भारतवर्षको प्रमुख र सबैभन्दा प्रतिष्ठित धर्मको रुपमा रह्यो । यही समयमा बौद्धभिक्षु जापानदेखि लिएर इरानसम्म पुगेका थिए । बुद्धको प्रतिभा, तार्किक शिक्षण र बुद्धधर्मले पाएको राजकीय सम्मान र संरक्षणले हिन्दुधर्म मलीन भइसकेको थियो । तर सम्राट अशोकले संगठित र व्यवस्थित गरी छोडेको बुद्धसंघमा पनि कालान्तरमा अनेक विकृति र विभेद पसिसकेको थियो । राज्यबाट पूर्ण समर्थन र सहयोग पाएकोले नै संघमा अल्छी र अकर्मण्यहरूको बाहुल्यता भइसकेको थियो । बुद्धधर्मको यही अस्वस्थ अवस्थामा आदिशंकाराचार्यको उदय भयो । शंकराचार्य तिक्ष्ण बुद्धि भएका विलक्षण प्रतिभाशाली हिन्दु संन्यासी थिए । उनले हिन्दुधर्मको पुनर्जागरण गरे र हिन्दु संस्कृतिलाई शिखरमा पुऱ्याए । त्यही पालामा अनेक बौद्धविहारहरू हिन्दु मठ मन्दिरमा परिणत भए । बौद्धधर्मावलम्बीहरूको भनाइ छ कि यही कालखण्डमा मुक्तिनाथ, बद्रीनाथ जस्ता बौद्ध तीर्थस्थलहरू हिन्दु तीर्थस्थलहरूमा परिणत गरिए ।

तर बौद्ध तीर्थहरूको अतिशय क्षय बाह्रौं शताब्दीतिर मुसलमानहरूको भारतप्रवेशपछि सुरु भयो । त्यही बेला अधिकांश बौद्ध बिहारहरू जलाइए । अधिकांश बौद्धधर्मावलम्बीहरूलाई शस्त्रको बलमा धर्म परिवर्तन गर्न लगाइयो, नमान्नेहरू भारतक्षेत्रबाटै पलायन हुन बाध्य भए । मेरो आफ्नो अवलोकन के छ भने प्राचीन बुद्धतीर्थहरूको वरिपरि घना मुसलमान बस्तीहरू छन् । त्यो मैले प्रायः सबै बुद्धतीर्थहरूको वरपर देखेको छु । लुम्बिनी, बोधगया, वैशाली, श्रावस्ती इत्यादिमा । यसले के देखाउँछ भने त्यहाँका स्थानीय बौद्धधर्मावलम्बीहरू बाह्य आक्रमण र दबाबका कारण इस्लाम धर्ममा परिवर्तित हुन बाध्य पारिएका हुन् ।

तेह्रौं शताब्दीमा कुख्यात मोहम्मद गौरीको सेनापति बख्तियार खिज्लीले प्रसिद्ध नालन्दा बौद्ध विश्वविद्यालयमाथि आक्रमण गरी पुस्तकहरू जलाउन लाग्दा त्यहाँका प्रध्यापकहरूले खिज्लीसँग नजलाउन अनुनय विनय गरे । 'हामीलाई बरु मार, तर यी किताबलाई छोडिदेऊ किनभने यी त ज्ञानका पुस्तकहरू हुन्, पुस्तकहरू निर्दोष छन्' भनी प्रार्थना गरे । तर खिज्लीले कुरान हातमा निकाली उनीहरूलाई सोधे, 'तिम्रा यी पुस्तकमा यो पवित्र कुरानमा लेखेको भन्दा बाहिरको कुरा छ कि छैन ? छ भने ती सबै अधार्मिक र अपवित्र छन् र तिनीहरूलाई नष्ट गर्नै पर्छ । यदि कुरानमा लेखेकै कुरा त्यहाँ छ भने त्यो सबै यहाँ छँदै छ, त्यही कुराको लागि त्यति धेरै पुस्तक किन चाहियो ? त्यसकारण यी दुवै कारणले यो सबै जलाउनै पर्छ ।' त्यस बेला त्यहाँ अध्ययनरत विद्यार्थीहरू र प्रध्यापकहरूमध्ये करिब ६ हजार मारिए । नालन्दामा तीनतले विशाल भवनमा विभिन्न अलगअलग विषयका रत्नोदधि, रत्नसागर र रत्नरञ्जक नामक तीनवटा प्रसिद्ध पुस्तकालयहरू थिए, जसमा ९ लाख महत्त्वपूर्ण दुर्लभ पुस्तकहरू संगृहीत थिए । भनिन्छ, पुस्तकालय ६ महिनासम्म बलेको थियो ।

हातमा तरबार र बन्दुकको मद तथा अगाडिको व्यक्ति निरस्त्र हुँदा यस्तै अन्धा तर्कहरू सुज्दा रहेछन् । यस्तै कुतर्क दिएर सांस्कृतिक क्रान्तिका नाउँमा तिब्बतका दुर्लभ गुम्बा र पुस्तकालयहरू जलाइए । ५ हजार गुम्बाहरूमध्ये अहिले तिब्बतमा ९० वटा गुम्बाहरू मात्र बाँकी छन् । विश्व दुर्लभ सम्पदाको कत्रो हानि भयो, यसको कुनै हिसाब छैन । यस्तो मतान्धता र अन्धो तर्कले अफगानिस्तानका बामियानका विशाल बुद्धमूर्तिहरू सधैंका लागि नष्ट गरिए । मनुष्यले शक्तिको मदमा मानवीय संवेदना र दुर्लभ सांस्कृतिक सम्पदा कसरी सदाका लागि नष्ट गर्दो रहेछ भन्ने कुरा यी घटनाबाट शिक्षा लिनुपर्छ ।

बाह्रौं शताब्दीपछि बुद्धको जन्मथलो नेपाल र कार्यथलो भारतबाट ८ सय वर्षका लागि बुद्धधर्म लुप्त भयो । बुद्धधर्मावलम्बी तरबारको डरले धर्म परिवर्तन गर्न बाध्य भए वा बुद्धतीर्थ छोडी विदेसिए । बुद्धधर्म र बुद्ध मन्दिरलाई श्रद्धा गर्ने र आफ्नो भन्ने यो क्षेत्रमा कोही भएन । सारा बुद्धतीर्थ खण्डहर र जंगलमा परिणत भए र विस्तारै हिन्दु महन्तहरूले त्यसका सम्पत्तिहरू अधिकारमा लिए ।

उन्नाइसौं शताब्दीमा यी बौद्धक्षेत्रहरूलाई खोजेर विश्वलाई पुनः चिनाउने कार्य अंग्रेज पुरातत्त्वविद् एलेजेन्डर कनिंघम र जोन मार्सललाई जान्छ । प्रसिद्ध चिनियाँ यात्री ह्युएन साङ र फाइहानका यात्रा वर्णनलाई आधार मानी माटोमा आठ सय वर्षदेखि दबेका यी बुद्ध तीर्थलाई उत्खनन गरी उनीहरूले विश्वलाई चिनाए । साथै पूर्वीय दर्शनका महान् पश्चिमी विद्वान्हरू म्याक्स मुलर तथा एडविन आर्नोल्डले बुद्धको महिमाको वर्णन युरोपमा गरे । तर यी तीर्थहरूलाई आफ्नो पहिचान, गौरव र गरिमा प्रदान गर्ने पूर्णश्रेय श्रीलंकाली भिक्षु अनागरिक धर्मपाललाई जान्छ ।

भिक्षु धर्मपालको जन्म १७ सेप्टेम्बर १८६४ मा श्रीलंकाको एक धनाढ्य परिवारमा भएको हो । भिक्षु पूर्वको उनको नाम डोन डेविड हेवा वितरान थियो । उनी २२ वर्षको उमेरमा भिक्षु भए र २७ वर्ष उमेरमा बुद्धतीर्थहरूको दर्शन गर्न भारत आए । सबैभन्दा पहिला उनी सारनाथ पुगे । बुद्धले धर्मचक्रपरिवर्तन सुरु गरेको स्थल फोहोर फाल्ने तथा सुँगुर पाल्ने ठाउँको रुपमा परिणत भइसकेको थियो । पुराना चैत्य र विहारका खण्डहरहरूबाट बेरोकटोक इँटा झिकी मानिसहरूले घरगोठ बनाइरहेको उनले देखे । २२ जनवरी १८९१ मा उनी बोधगया आए । बोधगयाको मन्दिर पनि सुनसान र निर्जन थियो । दिउँसै बाघभालु हिँड्थे । राति त्यहाँ कोही बस्न मान्थेन । मन्दिरमाथि गिरी सम्प्रदायका शैव महन्तको पूर्ण अधिकार थियो । महन्त र पण्डाहरू सबै बुद्धविरोधी भएकाले बुद्धको दर्शन गरिसकेपछि प्रायश्चित गर्नुपर्छ भन्थे । बुद्धमूर्तिमा ढुंगा हान्ने काम चलिरहन्थ्यो । यो देखी धर्मपालको धार्मिक हृदय छियाछिया भयो । बुद्धतीर्थको यो हाल देखेर उनी रोए । त्यहीं बुद्धले बोधि प्राप्त गरेको स्थानमा ध्यानमा बसे । अब जीवनपर्यन्त यी बुद्धतीर्थलाई घनघोर अपमानबाट मुक्त गरी सम्मान र गौरव फर्काउने पवित्र महाभावको उनीभित्र उदय भयो ।

osho@tapoban.com

# स्पष्ट शिक्षा नीति आवश्यक




**शिक्षासँग सम्बन्धित** समसामयिक विषयमा काठमाडौंस्थित चेल्सी इन्टरनेसनल एकेडेमीको आयोजनामा एकदिने सेमिनार भयो। कार्यक्रममा काठमाडौं विश्वविद्यालयका उपकुलपति डा. सुरेशराज शर्माले 'शैक्षिक विकासमा निजी क्षेत्रको भूमिका' विषयमा कार्यपत्र प्रस्तुत गर्दै सरकारले निजी शैक्षिक संस्थाबारे स्पष्ट नीति ल्याउनुपर्ने बताए। कार्यपत्रमाथि टिप्पणी गर्दै शिक्षाविद् डा. तीर्थ खनियाँले निजी शैक्षिक संस्थाको सहभागिताविना अहिलेको अवस्थामा सरकारले मात्र शिक्षा क्षेत्र अगाडि बढाउन सक्ने अवस्था नरहेकाले निजी शैक्षिक संस्थालाई व्यवस्थितरूपमा सञ्चालन गर्नुपर्ने उल्लेख गरे।

शिक्षाविद् प्रा. डा. श्रीरामप्रसाद लामिछाने, डा. टंकनाथ शर्मा, शिक्षाविद् डा. मनप्रसाद वाग्ले, शान्ता दीक्षित र शिक्षाविद् डा. विद्यानाथ कोइरालाले प्रस्तुत गरेका अन्य कार्यपत्रमाथि डा. पूर्णकान्त अधिकारी, डा. लेखनाथ बेलवासे, हरि रोका, डा. तेजरत्न कंसाकार र आनन्द आदित्यले टिप्पणी गरे। एकेडेमीका प्रिन्सिपल सुधीरकुमार झाले शिक्षालाई सरकारले प्राथमिकतामा राखेर नीति नियम बनाउनुपर्नेमा जोड दिए।

# जनसार्कको तयारी

**दक्षिण एसियामा** सामाजिक न्याय, शान्ति र लोकतन्त्रको प्रवर्द्धनका लागि यही चैत ९ गतेदेखि १२ गतेसम्म काठमाडौंमा आयोजना हुने जनसार्कको तयारी सुरु भएको छ।

कार्यक्रमको अन्तिम दिन चैत १२ गते आयोजना हुने आमसभामार्फत दक्षिण एसियाली जनताका तर्फबाट जारी हुने घोषणालाई भारतको नयाँदिल्लीमा हुने चौधौं सार्क शिखर सम्मेलनमा प्रस्तुत हुने आयोजकहरूले जनाएका छन्।

आयोजकहरूका अनुसार सभामुख सुवास नेम्वाङद्वारा उद्घाटन हुने जनसार्कमा खाद्य सम्प्रभुता, किसान अधिकार, श्रम अधिकार, शान्ति र निरस्त्रीकरण प्रक्रिया, राज्य, लोकतन्त्र र शासन प्रणाली, महिला तथा शान्ति, अन्तर धार्मिक सवालहरू, एचआइभी/एड्स, व्यापारजस्ता २३ विषयमा छलफल गरिनेछ। सो कार्यक्रममा नेपाललगायत दक्षिण एसियाका राजनीतिज्ञ र सांसदहरूसमेत ५ सय प्रतिनिधिले भाग लिनेछन्।

नेपाल चौतारी सुन्नुहोस
तपाईंको सरोकारका राष्ट्रिय मुद्दामा
आफ्नो विचार, प्रश्न, र भोगाइ सुनाउनुहोस्
फोन गर्नुहोस् १६ ६० ०१ ३४५६७




विविध विचारको मदानी
पैसा नलाग्ने फोन-१६ ६० ०१ ३४५६७

एकसाथ देशभरका ३० एफ.एम. स्टेशनबाट
हरेक दिन बिहान ८:१० देखि ९ बजेको
प्रत्यक्ष प्रसारण सुन्नुहोस्, सहभागी बन्नुहोस्।

CRAYONS/AFN/07

AFN
Antenna Foundation Nepal

१६ ६० ०१ ३४५६७ मा फोन गर्दा
पैसा लाग्दैन।

काठमाडौं: रेडियो सिटी एफ.एम. 98.8MHz, उज्यालो नेशनल नेटवर्क. 90MHz, पालुङ: रेडियो पालुङ 107.2MHz, सोलुखुम्बु: सोलु एफ.एम. 102.2MHz, विराटनगर: कोसी एफ.एम. 94.3MHz, इटहरी: सप्तकोशी एफ.एम. 90.0MHz जनकपुर: रेडियो जनकपुर 97MHz, विरगञ्ज: नारायणी एफ.एम. 103.8MHz, रेडियो विरगञ्ज 99MHz, चितवन: सिनर्जी एफ.एम. 91.6MHz, हेटौंडा: हेटौंडा एफ.एम. 96.6MHz पोखरा: हिमचुली एफ.एम. 92.2MHz, माछापुछ्रे एफ.एम. 91MHz, बाग्लुङ: धौलागिरी एफ.एम. 98.6MHz, रुपन्देही: तिनाउ एफ.एम. 98.2MHz, रेडियो लुम्बिनी 96.8MHz, रुपन्देही एफ.एम. 102MHz पाल्पा: मुक्तिनाथ एफ.एम. 90.8MHz, श्रीनगर एफ.एम. 93.2MHz, रेडियो मदनपोखरा 106.9MHz, रेडियो पश्चिमाञ्चल 99.4MHz, नवलपरासी: विजया एफ.एम. 101.6MHz नेपालगञ्ज: बागेश्वरी एफ.एम. 94.6MHz, रेडियो भेरी आवाज 95.6MHz, भेरी एफ.एम. 105.4MHz, दाङ: रेडियो तुल्सीपुर 106.4MHz, सुर्खेत: रेडियो भेरी 106.4MHz, बझाङ: साइपाल एफ.एम. 100.6MHz, कैलाली: घोडाघोडी एफ.एम. 100.4MHz, कञ्चनपुर: रेडियो शुक्लाफाँट 94.4MHz

# मिसावट गर्नेलाई मुक्ति

**मधेस बन्दका** बेलामा पेट्रोलको हाहाकारको मौका छोपेर पेट्रोलमा मिसावट गरी बिक्री गरेको पोखराको एउटा पेट्रोलपम्पले फेरि आफ्नो व्यापार सुरु गरेको छ। पोखराको मालेपाटनमा रहेको विश्वास पेट्रोलपम्पले पेट्रोलको अभावमा पिरोलिएका उपभोक्तालाई मट्टितेल मिसाएर पेट्रोल बिक्री गरेको थियो।

७५ प्रतिशत मट्टितेल र २५ प्रतिशत पेट्रोल मिसावट गरेर बिक्री गरेको पम्पको ठगी तुरुन्तै उपभोक्ताले थाहा पाएपछि प्रशासनले पम्प सञ्चालक कपिल अधिकारीलाई पक्राउ समेत गरी पम्पमा सिलबन्दी गरिदिएको थियो।

गत माघ २६ गते झन्डै २ सय उपभोक्तालाई ठगेका कपिललाई तीन साताअघि नै जिल्ला प्रशासनले मुक्ति दिएको रहस्य अहिले खुलेको छ। तीन साताअघि थुनामुक्त भएर व्यापार गर्न छुट अनुमति पाएका उनले चैत पहिलो साताबाट व्यवसाय फेरि नियमित गरेपछि उनलाई प्रशासनले कारबाही नगरी मुक्ति दिएको खुलेको हो। माघ २६ मा मिसावट गरेपछि सयौं आक्रोशित उपभोक्ताका माझमा प्रशासनले संचालकलाई पक्राउ गरेको थियो। तर प्रमुख जिल्ला अधिकारी विमलप्रसाद ढकालले भने अझै अनुसन्धान नसकिएको बताएका छन्। उनी भन्छन्, 'थप अनुसन्धान हुँदै छ। गल्ती हो भन्ने ठहर भयो भने कारबाही गर्छौं।'

माघ १६ गते सार्वजनिक गरिएको पेट्रोलमा पेट्रोलको रंग र गन्धभन्दा बढी प्रस्टै मट्टितेल देखिएको थियो। कपिलले पनि त्यसपछि आफूले मिसावट गरेको स्विकारेका थिए। साँच्चै नै मिसावट गरेको प्रस्टै भएपछि उनले १३ लाख क्षतिपूर्ति दिएका थिए। प्रशासनले त्यतिखेर मोटरसाइकललाई ५ र ट्याक्सीहरूलाई ८ हजारका दरले क्षतिपूर्ति दिन लगाएर कपिलबाट १२ लाख ७४ हजार भराएको थियो। तर त्यसको महिनादिनपछि नै सोही प्रशासनले उही पेट्रोलपम्पलाई फेरि व्यवसाय गर्न छुट दिएको छ। जब कि आयल निगमको नियमावलीले दुईपटकसम्म मिसावट गर्ने पम्पलाई व्यापार फेरि चलाउने दिन नमिल्ने कुरा स्थानीय कानुनव्यवसायीहरू बताउँछन्। विश्वास पेट्रोलपम्पले गरेको मिसावट यसपटकको पहिलो थिएन। तीन वर्षअघि पनि उसले मिसावट गरेपछि आयल निगमले मिसावट गरेको भेट्टाएर केही समय व्यापार रोक्का गरेर फुकुवा गरेको थियो। आयल निगमको नियमावलीमा पहिलोपटक गल्ती गर्दा १ लाखसम्मको जरिवाना र दोस्रोपटक गल्ती गर्दा व्यवसाय नै बन्द गरिदिनुपर्ने प्रावधान छन्।

कास्की प्रशासनले भने विश्वास पम्पलाई आयल निगमको नियमको सट्टा कालोबजारी ऐन २०३२ अनुसार कारबाही चलाएको छ। यो ऐनअनुसार कालोबजारी गर्ने अर्थात् ठगी प्रशासनले फेरि व्यवसाय नियमित गर्न छुट दिँदा पम्पमा बाँकी रहेको तेल रित्तो बनाएर मात्रै फेरि संचालन गर्नु भनेबाट पनि मिसावट भएको स्वीकार गरिएको प्रस्ट हुन्छ। उता नापतौल तथा गुणस्तर विभागको प्रतिवेदन नआउँदै हतारमा मुक्ति दिइएकाले समेत उपभोक्ताले अनियमितता भएको लख काटेका छन्। पेट्रोलियम पदार्थहरूमा पटक-पटक मिसावट हुने गुनासो कयौंपटक आउँदा पनि त्यस्तो प्रवृत्ति नरोकिनुको पछाडि प्रमाणसहित दोषी भेटिएकामाथि पनि कारबाही नगर्ने प्रशासनिक लाचारीपन जिम्मेवार रहेको प्रस्ट हुने उपभोक्ता नवराज सापकोटा बताउँछन्।

■ **केशव लामिछाने/पोखरा** (तस्बिर पनि)


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**अंग्रेजी सिक्न सघाउने कार्यक्रम**

**Tunning In To Language and Culture**

**प्रसार हुने समय** : हरेक शुक्रबार बेलुका (९:१५-९:३५), हरेक आइतबार बेलुका (१:४०-२:००)

**'रेडियो सगरमाथामा नियमित सुनौं, अंग्रेजी सुधारौं'**

*(रेडियो सगरमाथा र अमेरिकी राजदूतावास, अमेरिकी केन्द्रको सहकार्य)*

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**

**नेपाली आवाज**

ठेगाना :
**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**
**बखुण्डोल, ललितपुर**
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

# शिक्षा विभागमा तालाबन्दी

**बारम्बारको हड्ताल** र बन्दबाट मुलुकका शिक्षण संस्था प्रभावित भइरहेको अवस्थामा विद्यालय शिक्षाको अनुगमन गर्ने शिक्षा मन्त्रालयअन्तर्गतको शिक्षा विभागमा नेपाल शैक्षिक गणतान्त्रिक मञ्चले तालाबन्दी गरेको छ। निजी विद्यालयका शिक्षकहरूको मागलगायत विभिन्न शैक्षिक माग पूरा गर्न सरकारले उदासीनता रहेको कारण जनाउँदै मञ्चले विभागमा तालाबन्दी गर्नुपरेको जनाएको छ।

स्थायी नियुक्ति र सेवासुविधाको माग राखी मुलुकका संस्थागत निजी विद्यालयमा कार्यरत शिक्षकहरूले गरेको आन्दोलनमा ऐक्यबद्धता जनाएको मञ्चले एसएलसी परीक्षाको मुखमा आएर गरेको तालाबन्दीले परीक्षा कार्यक्रमलाई प्रभावित पार्न सक्ने देखिएको छ। शिक्षा मन्त्रालयले भने मञ्चका मागप्रति सरकार गम्भीर रहेको जनाउँदै तत्काल तालाबन्दी खोल्न आग्रह गरेको छ। आगामी चैत २१ गतेदेखि हुने एसएलसी परीक्षामा करिब साढे ३ लाख विद्यार्थी सहभागी हुँदै छन्।

# नेपालीको मृत्युले बबाल

**स्कटल्यान्डमा बसोवास** गरिरहेका नेपाल प्रहरीका पूर्व अधिकृत तथा रानी ऐश्वर्यका अंगरक्षक भनिएका उद्धव भण्डारीको आत्महत्यापछि बेलायतमा शरणार्थी कानुनका विषयमा निकै ठूलो विवाद भएको छ। बेलायतमा शरणार्थी बन्ने आफ्नो धोको पूरा नभएपछि उनले आफ्नो शरीरमा आगो लगाएका थिए। त्यही आत्मदाहका कारण अस्पतालमा उपचार गर्दागर्दै उनको मृत्यु भएको थियो।

प्रहरी सेवामा छँदा चालीस वर्षीय भण्डारीद्वारा प्रदान गरेको सूचना तथा तस्बिरका आधारमा साप्ताहिक जनआस्थामा अभिनेत्री श्रीषा कार्कीको नग्न तस्बिर छापिएको थियो र त्यसकै कारण श्रीषाले आत्महत्या गरेकी थिइन्।



नेपालमा उनी निकै बदनाम भए पनि उनका बारेमा भने बेलायतमा ठूलै बबाल भएको छ। पोजेटिभ एक्सन इन हाउजिङका निर्देशक रविना कुरेसी भन्छिन्, 'उद्धव भण्डारी बेलायतको शरणार्थी कानुनको एउटा सिकार हुन्। ६ वर्षदेखि उनले बेलायतको कानुनी यातना भोगेका थिए।'

# माओवादी पत्रकारको अधिवेशन

**माओवादी पत्रकारहरूको** पहिलो अधिवेशनले आफ्ना समर्थक संचारमाध्यमहरू एउटै केन्द्रीय नीतिअन्तर्गत संचालित हुने रणनीति अख्तियार गर्ने भएको छ। क्रान्तिकारी पत्रकार संघको पहिलो भेलाले आफ्ना समर्थक पत्रपत्रिका र विद्युतीय संचारमाध्यमलाई एउटै छातामुनि राख्ने नीति लिएको हो। चैत १ मा सम्पन्न संघको पहिलो भेलाले गरेको समाचार तथा विचार केन्द्रीय नियन्त्रण गर्ने निर्णय उसको बृहत् गणतान्त्रिक मोर्चा निर्माण गर्ने अभियानअन्तर्गतको पाटो हो। संघका अध्यक्ष महेश्वर दाहाल भन्छन्, 'जनपक्षीय पत्रपत्रिका एउटै संयन्त्रभित्र राख्ने सोच हो।' समाचार र विचारलाई एकीकृत रुपमा प्रस्तुत गर्ने उद्देश्यले संघअन्तर्गत एउटा संयन्त्र निर्माण गर्ने जानकारी दाहाल दिन्छन्। दाहालले भने, 'हामी सूचना भूमण्डलीकरणको विरुद्ध जनवादी भूमण्डलीकरणको पक्षमा छौं।' राजधानी र राजधानीबाहिर माओवादी समर्थकका पत्रपत्रिकाको उपस्थिति उल्लेखनीय छ। त्यस्ता प्रकाशन कति छन् भन्ने यकिन नभएको दाहाल बताउँछन्।

दुई वर्षअघि दाहालकै संयोजकत्वमा गठित अखिल नेपाल क्रान्तिकारी पत्रकार संघ पहिलो भेलापछि क्रान्तिकारी पत्रकार संघमा रूपान्तरण भएको छ। माओवादी सशस्त्र विद्रोहको अवस्थामा गठन भएको संघका तत्कालीन २१ सदस्यीय समिति विस्तार भएर ३३ सदस्यीय बनेको छ। दाहालको अध्यक्षमा सर्वसम्मतिबाट निर्वाचित केन्द्रीय माओवादी पत्रकारको रुपमा परिचित नामहरू नै कार्यसमितिमा छन्। संघको महासचिवमा ओम शर्मा र कोषाध्यक्षमा खिलबहादुर भण्डारी छन्। माओवादी राजनीतिक दर्शनका पक्षधर र माओवादी राजनीतिक उद्देश्य पूरा गर्न सक्रिय संघमा व्यवसायिक पत्रकारहरूको उपस्थिति शून्य देखिन्छ।



# दुई वर्षदेखि छाप्रोमा विद्यालय



**सुर्खेतको पश्चिम** विद्यापुर गाविस माझीगाउँस्थित प्राथमिक विद्यालयमा भवन नहुँदा दुई वर्षदेखि छाप्रोमा पढाइ भइरहेको छ। २०४५ सालमा स्थापित यो विद्यालय सानो कटेरोमा सुरु भएको र विद्यार्थी संख्या बढेपछि लामो टहरो बनाइएको थियो। 'खरको छानो मात्र छ, वरिपरि हवाँगै छ', प्रधानाध्यापक जनकदेव गिरी भन्छन्, 'पानी परेपछि पढाइ पनि बन्द हुन्छ।' स्रोत र साधनको अभावमा निर्माणाधीन भवन पुरा नहुँदा खरले छाएको टहरोमा पढाउनु परेको उनी बताउँछन्।

स्थानीय बासिन्दाले सामुदायिक वन, मन्दिरको कोषबाट करिब २ लाख रुपैयाँ जम्मा गरेर दुई वर्षअघि तीनकोठाको पिलर उठाए पनि सहयोगका लागि शिक्षा कार्यालय, जिविस, गाविस र अन्य संघसंस्था धाउँदा कुनै उपलब्धि हात नलागेपछि छाप्रोमै विद्यार्थी पढाउनुपरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुदेव गिरी गुनासो गर्छन्। भवन पुरा गर्न स्थानीय बासिन्दाहरुको क्षमता नपुगेपछि पिलरमात्रै ठड्याइएको उनी बताउँछन्। उनका अनुसार करिब पाँच-छ लाख रुपैयाँ भएमात्र भवन पुरा गर्न सकिन्छ। विद्यालयमा विद्यार्थी बस्ने बेन्चसमेत पर्याप्त छैन। पुग्ने बेन्चमा र बाँकी भुइँमै बस्ने गरेका छन्।

■ **गणेशकुमार कार्की/सुर्खेत** (तस्वीर पनि)







# ‘मिर्मीमुनि काली थुनेको ...’

**‘मिर्मीमुनि काली** थुनेको’ बोलको गीत जति चर्चित बनेर बजारमा निस्कियो त्यति नै चर्चित बनेको छ अहिले, कालीगण्डकी जलासय । हो कलाकारले साँच्चिकै सत्य तथ्य घटनालाई लयमा उतारेर एल्बममा उतारेका छन् ।

कालिगण्डकी ‘ए’ जलविद्युत् आयोजना निर्माणका क्रममा बनेको उक्त जलाशय छिमेकी जिल्ला स्याङ्जा र पर्वतको सिमानामा पर्छ । स्याङ्जा जिल्लाको मिर्मीको बाँधबाट दैनिक एक दर्जनभन्दा बढी मोटरबोट र डुंगाहरू सञ्चालनमा आएका छन् । यस जलाशयमा हाल दैनिक एक दर्जन मोटरबोट र स्टिमरले यात्रु र मालसमानहरू ढुवानी गर्छन् ।

यस जलाशयमा स्टिमर र मोटरबोट सञ्चालनमा आएपछि छिमेकी बागलुङ, गुल्मी र स्याङ्जामा अवस्थित आसपासका क्षेत्रहरूलाई यातायात र मालसमान ढुवानी कार्यमा सहज भएको छ ।

पहिलोपटक ०५९ सालमा पर्वत जिल्लाका शालिग्राम गाविसमा गठित शालिग्राम क्षेत्र विकास समितिले डुंगा सञ्चालनमा ल्याएको कुरा स्थानीय बासिन्दाहरू बताउँछन् । यसमा थप्दै शालिग्राम माविका प्रअ अशोक पाण्डे भन्छन्, ‘यहाँ डुंगा र मोटरबोट सञ्चालन हुनुभन्दा पहिला ३ घन्टाको बाटो हिँडेपछि मात्र गन्तव्यस्थानमा पुगिने ठाउँमा अहिले आधी घन्टामा नै बाटो छोटिएको छ ।’



▲ मोटरबोटबाट मालसामान र यात्रु ढुवानी गर्दै स्थानीयवासी

अहिले आधा दर्जन जति संस्थाहरूले स्याङ्जा जिविससँग अनुमति लिएर ढुवानी र यात्रु ओसारपसार गर्ने काम गर्दै आएका छन् ।

स्याङ्जा जिविसले रोयल्टी उठाउँदै आए पनि जलयात्राको सुरुवात हुने स्थानको विकासका लागि कुनै पहल नगरेको गुनासो व्यवसायीहरूले गरेका छन् । सुरुवात हुने स्थानमा व्यवस्थित घाट बनाउनुपर्ने माग उनीहरूको छ ।

■ **सन्तोष थापा/पर्वत** (तस्वीर पनि)



# काँकडभिट्टाबाट निकासी ह्वात्तै घट्यो

■ नारायण खड्का/झापा (तस्वीर पनि)

भारतको अव्यवहारिक नीतिले नेपालको पूर्वीनाका काँकडभिट्टाबाट भारतमा हुने सामानको निकासीमा व्यापक गिरावट आएको छ। झन् कृषिजन्य पदार्थको निकासीमा ३० प्रतिशतभन्दा धेरै गिरावट आएको सम्बन्धित सरकारी कार्यालय र व्यवसायीले बताएका छन्।

यो नाकाबाट वार्षिक १ अर्ब बराबरको राजस्व उठ्ने गरेको छ भने यहाँबाट बंगलाबन्ध मार्ग हुँदै तेस्रो मुलुक र भारतमा सामान निकासी हुने गरेको छ। यो नाकाबाट निकासी गर्दा भारतको केन्द्रीय खाद्य प्रयोगशालाबाट खाद्यान्न नमुना जाँच गर्नुपर्ने, सिलिगुडीमा रहेको सहायक अधिक्षक (एसी) कार्यालयबाट स्वीकृत गर्नुपर्ने, त्यही रहेको बैंकबाट बैंकिङ कारोबार गर्नुपर्ने लगायतका प्रावधान राखेकाले झन्झटिलो बनेको छ। गत वर्षको तुलनामा यो वर्ष कृषिजन्य पदार्थको निकासीमा ३० प्रतिशतभन्दा धेरै कमी आएको प्लान्ट क्वारेन्टाइन क्षेत्रीय कार्यालय काँकडभिट्टाका प्रमुख सुखदेव मैनाली बताउँछन्।

व्यवसायीहरूका अनुसार यो नीति दुई देशबीच सन् १९९७ मा भएको व्यापारिक सन्धिविरुद्ध छ। उक्त सन्धिअनुसार द्विदेशीय व्यापार गर्दा आपसी सहमति र सल्लाहमा पायक पर्ने तथा सहज हुने स्थानमा कार्यालयहरू राख्नुपर्छ। कलकत्तामा राखिएको केन्द्रीय खाद्य प्रयोगशालाबाट परीक्षण गर्नुपर्ने नियम भारतकै खाद्य मिसावट ऐन १९५४ र त्यसको नियमावली १९५५ विरुद्ध रहेको मेची उद्योग वाणिज्य संघका अध्यक्ष विजय डालमियाको भनाइ छ। प्रशोधित कृषि सामानहरू निकासी गर्दा भारत सरकारले खाद्यपरीक्षणको बहानामा नेपालका निकासीकर्तालाई दुःख दिएको


भारततर्फ सामान निकासी गर्न नाकामा रोकेर राखिएका मालवाहक गाडीहरू

उनको आरोप छ।

यो नाकाबाट भारततर्फ सुपारी, अलैंची, अदुवा, चियालगायतका कृषिजन्य पदार्थ निकासी हुँदै आएका छन्। भन्सार कार्यालयको तथ्यांक र व्यापारीहरूकै भनाइमा पनि आठ महिनायता भारततर्फको सामान निकासीमा उच्च गिरावट




असल बनौं, इमानदार बनौं, सन्ततिलाई दिशा निर्देश गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग



आएको छ । भारतबाटको सामान आयातमा भने सोही अनुपातमा वृद्धि भएको छ । यो आठ महिना नेपालबाट २ अर्ब १० करोड रुपैयाँको सामान निकासी भएको छ, जुन गत वर्ष ३ अर्ब २० लाख रुपैयाँ थियो । गत वर्षको यसै अवधिमा यो नाकाबाट ८८ करोड ५० लाख रुपैयाँको सामान आयात भएकोमा यो वर्ष वृद्धि भएर १ अर्ब २२ करोड रुपैयाँ पुगेको छ । भन्सार कार्यालय र व्यवसायीहरूकै अनुसार यो आर्थिक वर्षमा यहाँबाट अलैंची र एक गेडो सुपारी निकासी भएको छैन भने अदुवा, चियालगायतका कृषिजन्य पदार्थको निकासीमा पनि व्यापक मात्रामा गिरावट आएको छ । गत वर्ष ३३ लाख १४ हजार केजी चिया निकासी भएकोमा यो वर्ष २२ लाख केजीमा झरेको छ । अदुवा १ करोड ६९ लाखबाट ३० लाख ८८ हजार केजीबाट झरेको छ ।

केन्द्रीय खाद्य प्रयोगशालाबाट जाँच गराउनुपर्ने, सिलिगुडीबाट स्वीकृति लिनुपर्ने, त्यहीँको बैंकबाट काम गराउनुपर्ने लगायतका झन्झट पूरा गर्न ३ साताभन्दा लामो समय लाग्ने र त्यो अवधिमा ट्रकमा लोड गरिएका कृषिजन्य पदार्थ बिग्रिएर जाने गुनासो गर्छन्, व्यापारीहरू । तीन सातासम्म सीमानजिकको भारतीय बजार पानीट्यांकीमा ट्रक राख्दा यसबापत हजारौं रुपैयाँ शुल्क बुझाउनुपर्छ । भारतीय सरकारको यही नीतिले नै सामान निकासीमा अप्ठ्यारो सिर्जना भएको झापा उद्योग वाणिज्य संघका अध्यक्ष राजेन्द्र घिमिरे बताउँछन् । यसबारे भारत सरकारका सम्बन्धित निकायका अधिकारीलाई पटक-पटक आग्रह गर्दा पनि कुनै सुनुवाइ नभएको घिमिरेमात्र होइन, प्रमुख भन्सार अधिकृत लावण्यनाथ ढकालसमेत बताउँछन् । केही व्यापारीहरू भने भारतले यस्तो नीति बनाउनुमा यो नाकाबाट खुला रूपमा तस्करी बढ्नु प्रमुख कारण रहेको दाबी गर्छन् ।

## सुपारीको छुट्टै कथा

यो नाकाबाट भारत सरकारले वार्षिक ५ हजार मेट्रिक टन नेपाली सुपारी निकासी गर्ने अनुमति दिएको छ । तर सुपारी निकासी एक वर्षदेखि ठप्प छ । सुपारी निकासीकर्ताहरूले भारत सरकारको झन्झटिलो नीतिकै कारण निकासी गर्न नसकिएको भनिरहे पनि केही व्यापारीहरू नेपालको सुपारी भन्दै इन्डोनेसिया, मलेसिया र श्रीलंकाका सुपारी पठाउने गरेकाले रोकिएको दाबी गर्छन् ।

नेपाली कृषिजन्य पदार्थ भन्दै विदेशी सामान निकासी हुन थालेपछि भारत सरकारले निकासीमा कडाइ गरेको भन्सार कार्यालयकै अधिकारी स्विकार्छन् । ६ महिनाअघि केही व्यापारीहरूले कानुनी रूपले सुपारी निकासी गर्न खोदा भारत सरकारको प्रयोगशालाले 'अयोग्य' भनेर रिपोर्ट दिएपछि त्यसयता सुपारी निकासीका लागि कुनै पहल नगरिएको व्यापारिक स्रोतको दाबी छ ।






सामान्यतया कालाजारले प्रत्येक १५ वर्षको अवधिमा महामारीको रुप लिने र अरू बेलाका भन्दा धेरै मानिसको ज्यान लिने गरेको छ।

# महामारीको खतरा

■ ओमआस्था राई/धरान

**गर्मी चढ्दै छ,** तराईमा कालाजारको प्रकोप पनि बढ्दै छ। कालाजारबाट प्रभावित तराईका १२ जिल्लामध्ये सप्तरी र झापामा यो रोगबाट डेढ महिनायता ६ जनाको मृत्यु भइसकेको छ। मृत्यु हुनेमा एकै परिवारका ३ जनासम्म परेका छन्।

झापाको अनारमनी र सप्तरीको बथनाहामा कालाजारले प्रकोपकै रूप लिएको छ। बथनाहा-७, ढिकली गाउँको मुसहरी टोलमा फैलिएको कालाजारबाट एक मुसहरको परिवार नै मृत्युको सिकार भएको छ। माघ २६ गते कालाजारका कारण ज्यान गुमाएका ३५ वर्षीय दशरथ सदाका दुई सन्तानको पनि यही रोगबाट मृत्यु भएको छ।

दशरथ सदाको मृत्यु भएको एक महिना नबित्दै उनका छोरा १२ वर्षीय शैलेन्द्र र छोरी १० वर्षीया विनिताको पनि कालाजारकै कारण मृत्यु भयो। कालाजारबाट बथनाहामै फुलोदेवी राम र १७ वर्षीय सुकराती सदाको पनि मृत्यु भएको छ। मृत्यु हुनेमात्र हैन, कालाजारबाट प्रभावित हुने पनि प्रायः सबै पिछडिएको जाति र समुदायका मानिस छन्।

इन्धनको रुपमा गुइँठाको प्रयोग गर्ने, गोबरमाटोले लिपेको, छेउछाउमा फोहर पानी जम्ने खाल्डाखुल्डी भएको घरमा बस्ने तराईवासी कालाजारको जोखिममा छन्। त्यसमध्ये पनि उपचारका लागि अस्पतालसम्म पुग्न नसक्ने मुसहर, चमारजस्ता अति पिछडिएका तराईवासी कालाजार र गरिबीको चपेटामा परेका छन्। उनीहरूलाई कालाजारको औषधी सित्तैमा पाइन्छ भन्ने पनि थाहा छैन।

उता, झापाको अनारमनी-७ मा पनि कालाजारबाट एक व्यक्तिको मृत्यु भएको छ। झापामा सतार, राजवंशी समुदायका मानिस कालाजारको खतरामा छन्। सप्तरीका ६४ गाविसमा कालाजारबाट करिब २ सय मानिस प्रभावित छन्। बथनाहामा मात्रै ३६ जना कालाजार लागेर थलिएका छन्। सगरमाथा अञ्चल अस्पतालमा कालाजारका १६ विरामी उपचारका लागि भर्ना भएका छन्।

बथनाहामा दशरथ सदा र उनका दुई सन्तानको कालाजारबाट मृत्यु भएपछि जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरीले स्वास्थ्यकर्मीको एउटा टोली पठाएको थियो। मुसहरी टोलमा फैलिएको कालाजार लगभग नियन्त्रणमा आए पनि सप्तरीका दर्जनौं गाविसमा रोग फैलिने क्रम तीव्र छ। बथनाहासँगै लालापट्टी, बेल्ही चपेना, पातो, सकरपुरालगायतका गाविसमा कालाजारको अत्यधिक प्रकोप देखिएको जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरीका प्रमुख राकेश ठाकुरले बताए।

गर्मी चढ्दै जाँदा कालाजार तराईका अन्य जिल्लामा पनि फैलिने निश्चित छ। झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा प्रत्येक वर्ष गर्मीयाममा कालाजार फैलिँदै आएको छ।

यी जिल्लामा घरका भुइँ र भित्ता लिप्न गोबरको प्रयोग गर्ने, गोबरबाटै बन्ने गुइँठा बालेर खाना पकाउने, घरवरपर पानी जम्ने खाल्डाखुल्डी पुर्न ध्यान नदिने, राति सुत्दा झुलको प्रयोग नगर्ने चलन छ। जसले कालाजारको फैलावटलाई सहज पार्दै आएको छ।

योभन्दा पनि महत्त्वपूर्ण पक्ष के छ भने यस्तो जोखिमपूर्ण परिवेशमा बसोवास गर्ने थुप्रै मानिसलाई बिहानबेलुकी हातमुख जोर्ने समस्या छ। उनीहरू कालाजारको लक्षणप्रति ध्यान दिँदैनन्। ज्वरो आयो भने 'सिटामोल' खोज्न थाल्छन्। हत्तपत्त अस्पताल जाँदैनन्। साह्रै सिकिस्त परेपछि मात्रै डाक्टरलाई देखाउँछन्, तर त्यति बेला ढिलो भइसकेको हुन्छ।

'कालाजार लाग्नेबित्तिकै अस्पताल आउने कुनै मानिस मर्दैन', कालाजार रोकथामका लागि विषादियुक्त झुलको प्रभावकारिता पत्ता लाउन सञ्चालित 'कालानेट' परियोजनाका अनुसन्धान अधिकृत सुरेन्द्र उराँव भन्छन्, 'धेरै विरामी अन्तिम अवस्थामा मात्रै अस्पताल पुग्छन्।' प्रायः सबै विरामी ढिलो अस्पताल पुग्नु नै कालाजारको मृत्युदर ज्यादै उच्च रहनुको कारण रहेको निचोड उराँवको छ।

## सतर्क हुनुपर्ने वर्ष

यो वर्ष कालाजारको प्रकोप विगतको भन्दा चर्को हुन सक्छ। किनभने कालाजारले प्रकोपको रुप लिने १५ वर्षे अवधि यसै वर्ष पूरा भएको छ। सामान्यतया कालाजारले प्रत्येक १५ वर्षको अवधिमा महामारीको रुप लिने र अरू बेलाका भन्दा धेरै मानिसको ज्यान लिने गरेको छ।



कालाजारबाट पीडित एक महिला



कालाजारबाट बालकहरू पनि अछुतो छैनन्

तस्वीरहरू : श्यामसुन्दर यादव

भारतको अनुभवलाई हेर्ने हो भने सन् १९७७ मा विहारको उत्तरी क्षेत्रमा कालाजारले महामारीको रुप लिएको थियो । त्यसको १३ वर्षपछि सन् १९९० मा कालाजारले फेरि सन् १९७७ कै जस्तो महामारीको रुपमा हजारौंको ज्यान लियो । 'आउटलुक' पत्रिकाले गत वर्ष प्रकाशित गरेको एक रिपोर्टका अनुसार सन् १९९० मा कालाजारबाट भारतमा अढाई लाख मानिस प्रभावित भए भने करिब ४ हजारको मृत्यु भएको थियो ।

अर्थात्, कालाजारले फेरि दोब्बर शक्ति लगाएर आक्रमण गर्ने र हजारौं मानिसको ज्यान लिने समय आइसकेको छ । भारतीय स्वास्थ्य अधिकारीहरू १३ देखि १५ वर्षभित्र कालाजार नियन्त्रणभन्दा बाहिर जाने बताउँछन् । 'कालाजारले दोब्बर शक्ति लाएर आक्रमण गर्ने समय आएको संकेत मिल्न थालेको छ', कालाजार विशेषज्ञ डा. सिपी ठाकुरले 'आउटलुक'मा भनेका छन् ।

विपी प्रतिष्ठान, धरानमा सञ्चालित 'कालानेट' परियोजनाका प्रमुख डा. सुमन रिजाल भने १३ देखि १५ वर्षको अवधिमा कालाजारले निश्चित रुपमा दोब्बर शक्ति लाएर आक्रमण गर्छ भन्ने कुनै वैज्ञानिक आधार नरहेको बताउँछन् । 'विगतको अनुभवले निश्चित चक्र पूरा गरेपछि कालाजारले सोचेभन्दा बढी मानिसको ज्यान लिने गरेको देखाएको छ', डा. रिजालले भने, 'तर, यस्तो हुन्छ नै भन्ने वैज्ञानिक आधार भने छैन ।'

वैज्ञानिक आधार नरहे पनि सतर्कता अपनाउनु भने जरुरी रहेको डा. रिजाल बताउँछन् । कालाजारमै विशेषज्ञता हासिल गरेका डा. रिजाल अस्वभाविक रुपमा प्रकोप फैलिने र अनपेक्षित परिमाणमै मानिसको ज्यान जाने अवस्थालाई 'एपेडेमिक' भन्छन् । यो अवस्था अरू बेलाको भन्दा धेरै जोखिमपूर्ण रहेको डा. रिजालको भनाइ छ ।

विगतको भारतीय अनुभवलाई नेपालमा त्यति धेरै ध्यान नदिइएको देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय, झापाका प्रमुख नवराज सुब्बा कालाजार नियन्त्रणका लागि सरकारीस्तरबाट 'अल्फासाइफर मेथ्रिन' नामक किटनाशक औषधी छर्किने गरिएको बताउँछन् । तर, त्यतिले मात्रै कालाजार नियन्त्रण नहुनेमा उनको स्वीकारोक्ति छ ।

'कालाजारको प्रकोप गरिबीसँग जोडिएको छ', सुब्बा भन्छन् । कालाजार प्रभावित क्षेत्रका मानिसको आर्थिक अवस्था नसुध्रिएसम्म यसबाट हुने मृत्युदर कम गर्न नसकिने उनको भनाइ छ । 'कति मानिससँग अस्पतालसम्म पुग्ने गाडीभाडा पनि हुँदैन', सुब्बा भन्छन्, 'अनि उनीहरू रोग पालेर बस्छन् ।'

भारतमा महँगो मूल्य पर्ने कालाजारको औषधी नेपालमा सित्तै पाइन्छ । सरकारी अस्पतालमा सित्तैमा पाइने एम्फोटेरिसिएन 'बी' र स्यागजस्ता औषधी निकै प्रभावकारी पनि छन् । विपी प्रतिष्ठानले यसै वर्ष 'मेल्टिफोसिन' नामक औषधी पनि प्रयोगमा ल्याएको छ । तर, यी औषधी सित्तैमा पाइन्छ भन्ने थाहा नभएकाले पनि कतिपय विरामी मन मारेर घरमै बस्छन् ।

**सुनसरीको धरान, दुहबी, तनमुना, अमाहीबेल्हा, भोक्राहा, औरावनी, मोरङको पथरी र सप्तरीको जोगनियालाई कालाजार प्रभावित क्षेत्र मानेर त्यहाँका ११ सय ५६ परिवारमा अनुसन्धान सुरु गरिएको छ ।**

पाँचकन्या-५, सुनसरीका ३५ वर्षीय लाखधन तामाङ र उनका छोरा १० वर्षीय राजु दुवैलाई कालाजार लागेको छ । तर, लाखधनले छोरालाई मात्रै विपी प्रतिष्ठान, धरानको ट्रपिकल वार्डमा भर्ना गरेका छन् । एकैसाथ दुवैजना अस्पताल भर्ना हुन पैसा नपुग्ने भएकाले छोराको मात्रै उपचार गराएको तामाङ बताउँछन् ।

'औषधी त किन्नुपर्दैन, तर त्यतिले मात्रै पुग्दो रहेनछ', तामाङ भन्छन् । धरानको एउटा हार्डवेयर पसलमा गर्दागर्दैको काम छाडेपछि श्रीमतीको थोरै कमाइको भरमा जीविकोपार्जन गरिरहेका तामाङलाई छोरा निको हुँदासम्म आफ्नो अवस्था निकै बिग्रिने चिन्ता छ । तर, उनी निरुपाय हुँदै भन्छन्, 'जे पर्छ, त्यो टर्छ ।'

### नयाँ औषधी प्रयोगमा

'सेन्ड फ्लाई' नामक भुसुनाको टोकाइबाट संक्रमण हुने कालाजारविरुद्ध झन्डै ३ वर्षदेखि एउटा नयाँ औषधी परीक्षणमा थियो । 'मेल्टिफोसिन' नामक त्यो औषधी प्रभावकारी हुने देखिएपछि प्रयोगमा ल्याइएको छ । अहिलेलाई 'मेल्टिफोसिन'को प्रयोगमा धरानको विपी प्रतिष्ठानमा मात्रै सीमित छ ।

कालाजार रोगीलाई बढीजसो दिइने औषधी 'स्याग'का दुर्गुणहरू निकै छन् । 'स्याग' विरामीको शरीरको मासुमै सुई रोपेर दिइन्छ । जसले गर्दा विरामीले धेरै दुखाइ सहनु पर्छ । फेरि यो औषधी नियमित रूपमा ३० दिनसम्म दिनुपर्छ । यसबाट मुटुमा पनि असर पर्ने बताइन्छ । त्यसैगरी सुईमार्फत नशामा लगाइने 'एम्फोटेरिसिएन बी'को प्रयोग पनि झन्झटिलो छ ।

यसैले खानेचक्कीको रुपमा 'मेल्टिफोसिन' प्रयोगमा ल्याइएको हो । यसको सबैभन्दा राम्रो पक्ष के छ भने यो अरू सामान्य औषधीसरह घरमै रहेर कुप्लुक्क निल्न सकिन्छ । कालानेट परियोजना प्रमुख डा. सुमन रिजालका अनुसार १ सय २५ जना विरामीलाई परीक्षणका लागि 'मेल्टिफोसिन' ख्वाउँदा ९० प्रतिशतमा यो प्रभावकारी सिद्ध भएको थियो ।

कालाजारविरुद्ध संघर्षकै क्रममा कालानेट परियोजना पनि सञ्चालन गरिएको हो । यो परियोजनाअन्तर्गत सुनसरीको धरान, दुहबी, तनमुना, अमाहीबेल्हा, भोक्राहा, औरावनी, मोरङको पथरी र सप्तरीको जोगनियालाई कालाजार प्रभावित क्षेत्र मानेर त्यहाँका ११ सय ५६ परिवारमा अनुसन्धान सुरु गरिएको छ । तीमध्ये ७ सय ४९ परिवारलाई झुल दिइएको छ । कालाजार रोकथामका लागि झुलको प्रभावकारिता पत्ता लाउनु यो अनुसन्धानको उद्देश्य रहेको छ । अनुसन्धान क्षेत्रमा परेका ११ सय ५६ परिवारका कुनै पनि सदस्यलाई कालाजार संक्रमण भएमा उसलाई निःशुल्क उपचारमात्र हैन, अस्पताल आउने-जाने खर्चका लागि भत्ता पनि दिइन्छ ।

■ **सप्तरीमा श्यामसुन्दर यादव**

# एउटै उपचार माया

■ छत्र कार्की/काठमाडौं




समय

डाउन्स सिन्ड्रोमबारे चेतना जगाउन राजधानीमा यो साता कार्यक्रमहरू गरिए

'डाउन्स सिन्ड्रोम भएका बालबालिकाले अवसर पाएमा आफ्नो भाग्यरेखा आफैं कोर्न सक्छन्, अरूसँग आश्रित हुनु पर्दैन', विश्व ड्राउन्स सिन्ड्रोम दिवसका अवसरमा बुधवार राजधानीमा आयोजना गरिएको कार्यक्रममा आफ्ना अनुभव बाँड्ने क्रममा डाउन्स सिन्ड्रोम पीडित बालक संगम उप्रेतीले भने। संगममात्र होइन, कार्यक्रममा उपस्थित वक्ताहरूको मतैक्य थियो- डाउन्स सिन्ड्रोम पीडितहरूको लागि सबैखाले हक सुनिश्चित गरिनुपर्छ र उनीहरूलाई घरमा लुकाएर राख्ने अवस्था अन्त्य गरी उनीहरूमा निहित प्रतिभा उजागर गर्ने अवसर दिनुपर्छ।

डाउन्स सिन्ड्रोम रोग पहिचान भएको लामो समय बितिसके पनि यसप्रतिको सामाजिक दृष्टिकोणमा रतिभर परिवर्तन आएको छैन। 'लठेब्रो, यसले त केही गर्न सक्दैन, पृथ्वीको भार मात्र हुने भयो', यस्तै संकीर्ण सोच छ, समाजमा। यही सामाजिक मान्यता चिर्न डाउन्स सिन्ड्रोम पीडित बालबालिकाका अभिभावक सामाजिक अभियानमा जुटेका छन् र यस्ता बालबालिकाको समग्र व्यक्तित्व विकासमा खटेका छन्, नेपाल डाउन्स सिन्ड्रोम संघमार्फत। संघको पहलमा भएका विभिन्न कार्यक्रमबाट बालबालिकाले नृत्य, गायन, लेखन, चित्रकलालगायत अन्य व्यवसायिक तालिमसमेत लिएका छन्। संघकी अध्यक्ष शीला थापा भन्छिन्, 'हाम्रो शिशुस्याहार केन्द्रमा थेरापी, काउन्सिलिङलगायत कार्यक्रम सञ्चालन गरिन्छ। यसको प्रभावबाट पीडित बालबालिकामा छिट्टै नै सकारात्मक परिवर्तन देखिन्छ।'

### के हो त डाउन्स सिन्ड्रोम ?

डाउन्स सिन्ड्रोमलाई जेनेटिक डिसअर्डर (जिनमा हुने गडबडी)का रूपमा लिइएको पाइन्छ। बच्चा जन्मँदैखेरि यस्तो खालको विकृति देखिने विज्ञहरूको धारणा छ। डा. गौरीशंकरलाल दास भन्छन्, 'बच्चामा यो समस्या बाबुआमाबाट विरासतका रुपमा छोराछोरीमा आउँछ।'

## आमाको पीडा

मातृत्व सुखको अनुभव सबै महिलाले गर्छन्। मैले पनि गरें। मैले जन्म दिएको बच्चा कमजोर र सुस्त थियो। महिना दिनको डाक्टरी उपचारपछि हामी सबै अस्पतालबाट बाहिर आयौं। डाक्टरले भने, 'बच्चालाई डाउन सिन्ड्रोम (सुस्त मनस्थिति) छ। हुर्काउन गाह्रो हुन्छ। यस्ता बच्चाहरूमा रोगसँग लड्ने क्षमता कम हुन्छ।'

बच्चालाई रोगले कहिल्यै छाडेन। अनेकौं डाक्टरसँग उपचारका लागि भौतारियौं। जब मानिसले हरेस खान्छ, तब देवीदेउता जस्ता विषयमा विश्वास लाग्न थाल्छ। मैले पनि यी सबै प्रयास गरें तर कुनै परिणाम हात लागेन।

जब म बच्चाको मुख र आँखाको भाका बुझ्दिनथें, मलाइ लाग्थ्यो, हे ईश्वर मलाई यी सबै पीडाबाट मुक्त गरिदेऊ। समयसँगै बच्चा बढ्दै गयो। यस्तो बच्चासँग खेल्ने साथी कोही हुँदैनन्। यस्तो बच्चाको अभिभावक पनि समाजबाट अलग्गै बस्न पर्ने बाध्यता हुँदो रहेछ। सबैले कुरा बुझेजस्तो गर्छन् तर अलि दिनपछि टाढिँदै पनि। कसैले यस्ता बच्चाको मनोभावना बुझ्दैनन्। उसको पूरा जीवन संघर्षमय हुँदो रहेछ। बच्चाकै कारण परिवारको पनि मानसिक, शारीरिक, आर्थिक, सामाजिक दु:ख बढ्दै जाँदो रहेछ।

आजको वैज्ञानिक युगमा कसैले पनि सुस्त मनस्थितिका बच्चा नपाऊन्। पाए पनि यस्तो बच्चा हुर्काउन समाजले सहयोग गरोस्। यसका लागि सरकार र सबैको सहयोग चाहिन्छ। यसका लागि निम्न उपाय अपनाउन सकिन्छ :–

१. गर्भवती भएको दुई महिनामै रगत परीक्षणबाट बच्चाको मानसिक अवस्था तथा क्रोमजोमको स्थिति थाहा हुन सक्छ। तर, नेपालमा यसबारे न कुनै डाक्टरले सल्लाह दिन्छन्, न कतै यस्तो परीक्षणका लागि व्यवस्था छ। यस्तो खाले परीक्षणवाट बच्चाको मानसिक र शारीरिक स्थिति थाहा हुन सक्छ।

२. यस्तो बच्चा पाइहाले पनि हुर्काउन समाजका सबैले आफ्नो क्षेत्रबाट मद्दत गर्नु पर्छ। जस्तै अस्पताल, हवाई यातायातमा विशेष सहुलियत दिने। (यो सहयोगको एउटा उदाहरणमात्र हो।)

३. यस्ता बच्चाहरूलाई विशेष गरी अभिभावक तथा परिवारका सम्पूर्ण सदस्यहरूको माया चाहिन्छ।

४. यस्ता बच्चाहरूका लागि विशेष तालिम व्यवस्था गर्ने, सुस्त मनस्थिति केन्द्रमा राख्ने व्यवस्था मिलाउने।

५. स्वास्थ्य मन्त्रालय तथा प्रसूति गृहहरूबाट यस्ता समस्याबारे जानकारी गराउने खाले जनचेतना कार्यक्रम गर्न जरुरी छ।

यस्तो भयो भने सुस्त मनस्थितिका बच्चा जन्माउने अभिभावकले कम दु:ख सामना गर्नुपर्छ।

■ रीता पिया

हरेक मानिसको प्रत्येक कोषको न्युक्लियसमा ४६ वटा क्रोमोजोम हुन्छ। गर्भाधानका बेला शिशुले आमाबाट २३ र बाबुबाट २३ गरी ४६ वटा क्रोमोजोम लिने गर्छ। यसरी सामान्य अवस्थाको बच्चाको कोषमा अहिलेसम्म एउटा कोषमा ४६ वटा क्रोमोजोम भए पनि डाउन्स सिन्ड्रोम समस्याले ग्रस्त बच्चाहरूको कोषमा ४७ वटा क्रोमोजोम रहेको पाइन्छ। बढी भएको उक्त क्रोमोजोम एक्काइसौं जोडा क्रोमोजोमसँग जोडिएर रहने भएकाले यसले बच्चाको शारीरिक तथा मानसिक विकास बाधा पुऱ्याउँछ। यस्तो अवस्थाको क्रामोजोमलाई ट्राइसोमी- २१ को संज्ञा दिइन्छ। नेपाल डाउन्स सिन्ड्रोम संघका अध्यक्ष थापा भन्छिन्, 'यस्तो गडबडी देखिएका बच्चा अरू सामान्य बच्चाभन्दा शारीरिक र मानसिक हिसाबले सुस्त देखिन्छन्। तर, शारीरिकरुपले पूरै लुलो लंगडोजस्तो रहने अवस्था भने होइन।'

डा. दासका विचारमा डाउन्स सिन्ड्रोम पीडित बच्चालाई मन्दबुद्धि (मेन्टल्ली रिटार्डेड) भएको शिशुको काँटमा राख्न मिल्दैन, बरु विशेष उपचार र तालिम प्रदान गरेर उनीहरूको जीवनलाई सहज बनाउन सहयोग पुऱ्याउनुपर्छ। डाउन्स सिन्डोमलाई बौद्धिक अपांगको एउटा रूप मानिएको छ। डाउन्स सिन्ड्रोम भएका बच्चाहरू हेर्दा थाहा हुन्छ, उनीहरूको समग्र शारीरिक संरचना मात्र होइन, कान, जिब्रो, छाती, टाउको लगायतका अंगहरू असामान्य देखिन्छ। वरिष्ठ बालरोग विशेषज्ञ मणीन्द्ररञ्जन बरालका अनुसार डाउन्स पीडित बालबालिकाको टाउको सानो हुने, नाक नेप्टो तथा डाँडीविहीन हुने, कान सानो हुने, जिब्रो मोटो र बाहिर निस्किरहने, हातखुट्टाका औंलाहरू छोटो हुने, घाँटी छोटो हुने, मुखभित्रको तन्तुमा गहिरो खाल्डो देखिनेलगायत लक्षण देखिन्छन्।

डाउन्स सिन्ड्रोम भएका बालबालिकाको अनुहार मंगोल जनजातिको अनुहारसँग मिल्ने भएकाले यसलाई पहिले 'मंगोल शिशु' भनेर समेत चित्रण गरिन्थ्यो। तर, पछि यसलाई जाति विशेषसँग जोड्न नहुने भनेर बहस सुरु भएपछि मंगोल प्रतिनिधिको अनुरोधमा विश्व स्वास्थ्य संगठनले सन् १९६५ मा मंगोलियन शब्द हटाएको थियो। सन् १९६६ मा बेलायती डाक्टर जोन ल्याङडन डाउनले यो रोगलाई मानसिक अपांगताको संज्ञा दिई यसको कारणसमेत पत्ता लगाए। तिनै डाक्टरको नामबाट पछि यसलाई डाउन्स सिन्ड्रोम नामकरण गरिएको थियो। सन् १९७५ मा अमेरिकी राष्ट्रिय स्वास्थ्य प्रतिष्ठानको सम्मेलनले पनि यही नामलाई अनुमोदन गरेको थियो। अन्तर्राष्ट्रिय डाउन्स सिन्ड्रोम एसोसिएसनका अनुसार अहिले विश्वमा बीस लाखभन्दा बढी डाउन्स सिन्ड्रोम पीडित रहेका छन्। नेपालमा भने डाउन्स सिन्ड्रोम पीडितको यकिन संख्या कति हो भन्ने थाहा हुन सकेको छैन।

डाउन्स सिन्ड्रोम पीडित बालबालिकामा सुन्ने, देख्ने, पाचन प्रणाली, मोटोपनलगायत विभिन्न स्वास्थ्य समस्या देखापर्ने अनुसन्धानले देखाएको छ। खासगरी डाउन्स सिन्ड्रोमपीडत बालबालिकालाई रुघाखोकी र निमोनियाले बारम्बार सताइरहने वरिष्ठ बालरोग विशेषज्ञ बराल जानकारी दिन्छन्। एक अनुसन्धानका अनुसार करिब १ हजार शिशुमध्ये एकजनामा यस्तो समस्या देखिने गरेको छ। आमाको उमेर ३५ वर्ष पुगेको अवस्था र धेरै बच्चा जन्माएमा पनि यस्तो समस्या भएका बच्चा जनिमने सम्भावना प्रचुर रहेको उक्त अनुसन्धानको निचोड छ।

सामाजिक लोकलाजका कारण बच्चाहरूमा डाउन्स सिन्ड्रोम भएको थाहा भए पनि अभिभावकले सार्वजनिक गर्न चाहँदैनन्। वरिष्ठ बालरोग विशेषज्ञ डा. बराल भन्छन्, 'डाउन्स सिन्ड्रोम पीडित बालबालिकाहरूलाई समाजमा हेयको दृष्टिकोणले हेरिन्छ। त्यसले गर्दा पनि बाबुआमाले सकेसम्म त्यस्तो सूचना बाहिर ल्याउन चाहँदैनन्।' उनीहरूप्रतिको सामाजिक व्यवहारमा परिवर्तन ल्याउनुपर्ने डा. बरालको भनाइ छ। यस्ता बालबालिकाको शारीरिक र मानसिक विकासका लागि विभिन्न क्रियाकलाप आवश्यक पर्ने विज्ञहरूको धारणा छ। मनोविज्ञ प्रा. डा. मुरारिप्रसाद रेग्मी यस्ता बालबालिकाका लागि प्रभावकारी रुपमा उपचारात्मक प्रक्रिया अघि बढाउनुपर्ने धारणा राख्छन्। उनीहरूको उपचारका लागि विहेभियर मोडिफिकेसन, सेन्सरी इन्टिग्रेसन, प्ले थेरापी, डेभलपमन्टल अप्रोच, मोडल अफ ह्युम्यान अकुपेसनलगायत विभिन्न प्रविधि अपनाउनुपर्ने विज्ञहरूको विचार छ। ■


**IDEAL MODEL SCHOOL**

Announces

**ADMISSION OPEN**

for the **Academic Session 2064 (2007/08)**




*School Prospectus and Admission forms are available at the school office from Sunday to Friday between 10:00 a.m. to 3:00 p.m. at Dhobighat, Lalitpur.*

**Learn About us**

- Operated and patronized by a group of highly prominent educationists of the nation.
- A team of 'Qualified' 'Dedicated' and 'Experienced' faculty members.
- Quality and life related education with emphasis on personality development and positive attitude building.
- Excellent academic environment for all round development and analytical thinking enhancement.
- Spacious and fully equipped infrastructure with modern facilities.
- Numerous co-curricular activities, games and sports.

**COME VISIT US, WE HAVE MUCH MORE**

*Limited seats for admission.*

**For further details contact us at:** **5527703, 5521331**

# सुरक्षा संयन्त्र नै छैन

राजधानीका मेडिकल कलेजहरूमा फेरि आपराधिक गिरोहले फोनमार्फत रकम माग्न थालेका छन् । काठमाडौं मेडिकल कलेजका प्राचार्य डा. हेमांग दीक्षितले आफूलाई नाजायज दबाब र चन्दा असुलीको धम्की आएको बताए । यसअगाडि पनि आपराधिक गिरोहले मागेको रकम नदिएको भन्दै डा. दीक्षितमाथि गोली प्रहार भएको थियो ।




समय

■ **गोविन्द परियार/काठमाडौं**


**प्रहरीले राजधानीका** आपराधिक गतिविधिमा सुधार आएको दाबी गरे पनि अपराध अझ बढिरहेको छ । हतियारधारी समूहद्वारा प्रत्येक दिनजस्तै लुटपाट र चोरी डकैतीका घटना भइरहेका छन् । राजधानीको सुरक्षाका लागि माओवादी र प्रहरी दुवैले राजधानीमा रात्रि गस्ती लगायतका सुरक्षा संयन्त्र परिचालन गरेको बताए पनि अवस्थामा कुनै सुधार आएको छैन ।

मुलुक एक दशक लामो सशस्त्र द्वन्द्वबाट शान्ति प्रक्रियामा रुपान्तरण हुने क्रममा रहेको अहिलेको संक्रमणकालीन अवस्थामा प्रहरी प्रशासनको कमजोरीको फाइदा उठाउँदै अपराधीहरू सक्रिय हुन थालेका छन् । विज्ञहरू राजधानीको सुरक्षा अवस्था कमजोर भएका कारण अपराधीहरू सक्रिय हुन थालेकाले सरकारले सुरक्षा रणनीतिमा परिवर्तन गरेर शान्ति सुरक्षाको अवस्थामा सुधार गर्नु पर्ने बताउँछन् । अपराधशास्त्री डा. माधवप्रसाद आचार्य भन्छन्, 'अपराधीहरू सक्रिय भएको अवस्थामा सुरक्षाको जिम्मेवारी बोकेको निकायले चुस्त संयन्त्र निर्माण गरेर अपराध नियन्त्रण गर्नु पर्छ ।' तराई र राजधानीमा विभिन्न समूहले गरेको आन्दोलनको फाइदा अपराधीहरूले लिएको विश्लेषण स्वयं प्रहरी प्रशासनको छ । महानगरीय अपराध अनुसन्धान शाखाका प्रमुख एसपी केशवप्रसाद अधिकारी भन्छन्, 'राजधानीमा लुटपाट गर्ने अधिकांश गिरोह पक्राउ परेकाले विगतको तुलनामा राजधानीको अपराधमा धेरै सुधार भएको छ ।' एसपी अधिकारका अनुसार विगत तीन सातादेखि लुटपाट र डकैतीमा सक्रिय आपराधिक गिरोहहरू समातिएका छन् । राजधानीको सुरक्षा अवस्था मजबुत नभएको भन्दै सांसदहरूले समेत तुरुन्त सुरक्षाको अवस्थामा सुधार गर्न संसद्मार्फत सरकारलाई अनुरोध गरेका छन् । गृह मन्त्रालय र प्रहरी प्रशासनबीचको 'ल एन्ड अर्डर'को समस्याले गर्दा सुरक्षा अवस्थामा कडाइ गर्न अप्ठ्यारो परेको प्रहरीका उच्च अधिकारीले बताएका छन् ।

महानगरीय प्रहरी आयुक्त एआजी दिपक थाङदेन भन्छन्, 'महानगरमा हुनुपर्ने न्यूनतम पूर्वाधार लगायतका प्रणालीहरूमा देखिएको कमजोरीका कारण सुरक्षामा पनि समस्या देखिएको हो, तर तुलानात्मकरुपमा अहिले राजधानीको अपराध घटेको छ ।' महानगरीय प्रहरीले असीवटा 'कन्ट्रोल रुम भेहिकल' राजधानीमा परिचालन गरेको छ । यसअघि सवारीसाधनको अभावमा राजधानीमा भएका घटनाहरूमा बढीमा १० मिनेटभित्र प्रहरी पुग्ने योजना सफल हुन नसकेको बताए पनि अहिले पनि अवस्थामा सुधार आएको छैन । एआइजी थाङदेन भन्छन्, 'राजधानीमा बढेको बेरोजगारी र पश्चिमी मुलुकको आधुनिकताको नक्कलले गर्दा युवावर्गमा आपराधिक मानसिकता बढेको छ ।' अपराध नियन्त्रण गर्न आधुनिक उपकरणहरूको आवश्यकता भएको गुनासो प्रहरीको छ । भारत लगायतका अधिकांश मुलुकले प्रयोग गर्दै आएको 'ग्लोबल सेल फोन मोनिटरी सफ्टवयर'को अभावमा मोवाइल फोनमार्फत हुने अपराधका गतिविधिमा प्रहरीको पहुँच हुँदैन । भारतका दिल्ली, मुम्बई लगायतका प्रहरीले यो सफ्टवयर धेरै वर्ष अगाडिदेखि प्रयोग गर्दै आएका छन् । राजधानीमा हुने अधिकांश अपराधमा मोवाइल फोन प्रयोग हुने गरेको प्रहरीकै तथ्यांकले देखाएको छ । नेपाल टेलिकमको ताररहित फोनमा सजिलै जडान गर्न सकिने 'कल रेकर्डिङ सिस्टम' पनि जडान गरिएको छैन । यस्ता अपराध नियन्त्रण गर्ने न्यूनतम प्रणाली समेत नभएकाले पनि अपराध बढ्दै गएको छ । विश्वमा बढ्दै गएको आधुनिक अपराध शैलीहरू नेपालमा पनि देखिन थालेकाले सरकारले सोहीअनुरुप आफ्ना सुरक्षाका पूर्वाधारहरू तयार गर्नुपर्ने सुझाव विज्ञहरूको छ ।

राजधानीका मेडिकल कलेजहरूमा फेरि आपराधिक गिरोहले फोनमार्फत रकम माग्न थालेका छन् । काठमाडौं मेडिकल कलेजका प्राचार्य डा. हेमांग दीक्षितले आफूलाई नाजायज दबाब र चन्दा असुलीको धम्की आएको बताए । यसअगाडि पनि आपराधिक गिरोहले मागेको रकम नदिएको भन्दै डा. दीक्षितमाथि गोली प्रहार भएको थियो । सुरक्षाको अवस्थामा सुधार गरी स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न विभिन्न क्षेत्रका संघसंगठनले सरकारसँग माग गरेका छन् । काठमाडौं मेडिकल कलेजले विज्ञप्तिमार्फत आपराधिक गिरोहका साथै विभिन्न राजनीतिक दलका भातृ संगठनको नाममा चन्दा माग्ने र धम्की समेत दिएको बताउँदै त्यस्तो आपराधिक क्रियाकलापलाई तुरुन्त नियन्त्रण गर्न सरकारलाई अनुरोध गरेको छ ।

यसैबीच सशस्त्र प्रहरीबलले निलम्बनमा परेका एसएसपी माधव थापालाई 'सचेत' गराउँदै सेवामा फिर्ता गराएको छ भने गृहमन्त्रीका नातेदार सशस्त्र प्रमुख वासुदेव ओलीलाई अप्ठ्यारो नपार्न निलम्बित अतिरिक्त महानिरीक्षक रविराज थापालाई गृहमै कुनै पद सिर्जना गरेर थन्क्याइने भएको छ । ■




# माओवादी संहार

■ विश्वमणि पोखरेल/काठमाडौं ■ अशोक पहाडी/रौतहट

**माओवादी र मधेसी जनाधिकार फोरमबीच चैत ७ गते रौतहटमा भएको भिडन्त नरसंहारमा परिणत भएको छ। घटनामा माओवादीका कम्तीमा २७ कार्यकर्ता मरेका छन्। शान्ति प्रक्रियामा आएपछि एउटै घटनामा माओवादीतर्फ भएको यो सबैभन्दा ठूलो क्षति हो।**

माओवादीविरुद्ध उत्रिएका मधेसी जनाधिकार फोरमका कार्यकर्ताहरू





नरसंहारमा मारिएका माओवादी



घाइतेहरू

तस्वीरहरू : विपीन गौतम




गौर नरसंहारको सुत्रपात मधेसी जनाधिकार फोरमले नै गरेको थियो

दुई महिनादेखि एकापसमा शत्रुवत् व्यवहारमा ओर्लिएका माओवादी र मधेसी जनाधिकार फोरमबीच चैत ७ गते रौतहटमा भएको भिडन्तले नरसंहारको रूप लिएको छ। एकै समयका एउटै चौरमा आमसभा गर्ने चाहनाका कारण भएको भिडन्तमा माओवादीका कम्तीमा २७ कार्यकर्ता मरेका छन्। शान्ति प्रक्रियामा आएपछि एउटै घटनामा माओवादीतर्फ भएको यो सबैभन्दा ठूलो क्षति हो। मध्य क्षेत्रीय प्रहरी कार्यालय हेटौंडाले कम्तीमा २७ जनाको मृत्यु भएको र चालीसभन्दा बढी घाइते भएको जनाएको छ।

माओवादीको सबैभन्दा कान्छो भातृ संगठन युथ कम्युनिष्ट लिग (वाइसिएल) केही सातादेखि मधेसी जनाधिकार फोरमविरुद्ध जाइलाग्ने जुझारु संगठनका रुपमा चिनिँदै आएको थियो। फोरमको कार्यक्रम बिथोल्ने उद्देश्यले माओवादीको मधेसी मुक्तिमोर्चाले हतारमा कार्यक्रम तय गर्नु र त्यसलाई सफल पार्न वाइसिएलका युवा परिचालन गर्नुले नै गौरमा नरसंहारको अवस्था निम्त्याएको हो। गौर भिडन्तमा मारिनेमा अधिकांश वाइसिएलका कार्यकर्ता छन्।

पछिल्लो घटनापछि गृहमन्त्रीको राजीनामालाई प्रमुख राजनीतिक माग बनाउँदै आएको मधेसी जनाधिकार फोरमको 'शान्तिपूर्ण' आन्दोलनमा गम्भीर प्रश्न उब्जाएको छ, यो घटनाले। गौरमा फोरमका तर्फबाट धन्धाधुन्ध गोली चलेकोमात्र होइन, अमानवीय किसिमले बाँसका भाटाले कुटपिट गरेर मारिएको छ, माओवादीहरूलाई। गोली हानेर, बाँसका भाटा र लट्ठीले हिर्काएर, घाँटी निचोरेर उनीहरूको हत्या गरिएको प्रत्यक्षदर्शीहरू बताउँछन्। फोरम र माओवादीको मुक्तिमोर्चा भिडन्त गर्ने मनस्थितिमा गौरको राइस मिल फिल्डमा तम्तयार रहेकाले ठूलो संख्यामा मानवीय क्षति भएको हो। भिडन्तमा पाँच महिलासहित २७ माओवादीको मृत्यु भएको प्रहरी उपरीक्षक रामकुमार खनालले जनाए।

प्रहरीले भिडन्तस्थल तथा गाउँबाट माओवादीका लास ल्याएको छ। गौर नजिकैको हजमिनियाको एक विद्यालयबाट एकै स्थानबाट फोरमको आक्रमणबाट मारिएका ११ जना माओवादीको लास फेला परेको थियो। त्यसैगरी मुडवलबा गाविसबाट एउटा लास ल्याइएको थियो। घाइतेमा केही फोरम कार्यकर्तासमेत छन्। घटनाको प्रकृति र घटनास्थलभन्दा टाढा लासहरू भेटिनुले माओवादीलाई लखेटी-लखेटी मारिएको पुष्टि हुन्छ।

फोरमले घटनामा माओवादीलाई आक्रमण गर्न भारतीय पेसेवर अपराधी प्रयोग गरेको सुरक्षा अधिकारीहरू बताउँछन्। एक अधिकारीका अनुसार भिडन्तमा आधुनिक हतियार र भारतमा बनेका कट्टुवा बन्दुक प्रयोग भएका छन्।

फोरमले दाबी गरेजस्तो उसको आन्दोलन शान्तिपूर्ण नभएर सशस्त्र बन्न थालेको गौर



**प्रहरीले भिडन्तस्थल तथा गाउँबाट माओवादीका लास ल्याएको छ । गौर नजिकैको हजमिनियाको एक विद्यालयबाट एकै स्थानबाट फोरमको आक्रमणबाट मारिएका ११ जना माओवादीको लास फेला परेको थियो । त्यसैगरी मुडवलबा गाविसबाट एउटा लास ल्याइएको थियो । घाइतेमा केही फोरम कार्यकर्तासमेत छन् । घटनाको प्रकृति र घटनास्थलभन्दा टाढा लासहरू भेटिनुले माओवादीलाई लखेटी–लखेटी मारिएको पुष्टि हुन्छ ।**

घटनाले देखाएको छ । फोरमका स्थानीय कार्यकर्ताहरू भने मधेसमा सशस्त्र विद्रोह गरिरहेको जनतान्त्रिक मुक्तिमोर्चा (ज्वालासिंह)का कार्यकर्ताले हतियार चलाएको दाबी गर्छन् भने मोर्चाको स्थानीय नेतृत्व आफ्ना कार्यकर्ता गौर घटनामा संलग्न नभएको स्पष्टीकरण दिन्छ । फोरमको आन्दोलनलाई जनतान्त्रिक मुक्तिमोर्चाका ज्वाला सिंह तथा गोइत समूहले सघाउँदै आएका छन् । माओवादी मधेसी मुक्तिमोर्चाका संस्थापक अध्यक्ष गोइत र पछि गोइतबाटै छुट्टिएको ज्वाला समूह माओवादीविरुद्ध जाइलाग्दै आएका छन्, तर औपचारिक रुपमा गौर नरसंहारको जिम्मेवारी बुधवार मध्यरातसम्म कसैले लिएको छैन ।

फोरमले दुई साता अघिदेखि गौरमा आमसभा गर्ने घोषणा गरेर त्यसको प्रचार प्रसार गर्दै आएको थियो । तर, माओवादीको भातृ संगठन मधेसी राष्ट्रिय मुक्तिमोर्चाका कार्यकर्ताहरूले दुई दिन अघिमात्र आफूहरूले पनि आमसभाको कार्यक्रम राखेर प्रचार गर्न थालेका थिए । एक सुरक्षा अधिकारीका अनुसार परस्पर विरोधी फोरम र माओवादीको मधेसी मुक्तिमोर्चा एकै दिन, एउटै समय र एउटै चौरमा आमसभा गर्ने योजनामा लागेको थाहा पाएपछि प्रशासनले त्यस्तो नगर्न आग्रह गरेको थियो । स्थानीय प्रशासनले माओवादीलाई गौरको विपीचोकमा कार्यक्रम गर्न सुझाइएको थियो । तर, चैत ४ मा वीरगन्जमा वाइसिएल प्रयोग गरेर फोरमका ठूलो संख्याका कार्यकर्तामाथि जाइलाग्न सफल माओवादीले पेलेर कार्यक्रम गर्ने सोच बनाएको देखिन्छ । सुरक्षा स्रोतका अनुसार माओवादीले चैत ६ मा करिब वाइसिएलका २ सय छापामार गौरमा ल्याएर तैनाथ गरेको थियो ।

जबरजस्ती फोरमको कार्यक्रम बिथोल्ने नियोजित योजना माओवादीको भए पनि बुधवारको भिडन्तको सुरुवात फोरमबाटै भएको देखिन्छ । प्रत्यक्षदर्शीका अनुसार फोरमका समर्थकहरू नगरमा लाठीजुलुस प्रदर्शन गरेर आमसभा गरिरहँदा माओवादी समर्थकहरूले पनि नगरपरिक्रमा गरिरहेका थिए ।

यसैबीच फोरमका कार्यकर्ताले माओवादीको मञ्च भत्काए । मञ्च भत्काएको प्रत्युत्तर दिन फोरमको आमसभाको बीचमै भिडन्त गर्न पुगेका वाइसिएलका छापामारहरूमाथि लुकेर बसेका फोरमका सशस्त्र कार्यकर्ताले आक्रमण सुरु गरेको बुझिएको छ । गोली सुरुमा कसबाट चलेको हो भन्ने बारेमा सुरक्षा अधिकारीहरू पनि अन्योलमा देखिन्छन् । भिडन्तमा करिब एक घन्टासम्म गोली हानाहान भएको थियो ।

माओवादीका जिल्ला कमिटी सदस्य समीर फोरमले भारतबाट मान्छे ल्याएर माओवादीमाथि आक्रमण गरेको दाबी गर्छन् । मधेसी राष्ट्रिय मुक्तिमोर्चाले आयोजना गरेको कार्यक्रममा विधायक प्रभु साहले बोल्ने कार्यक्रम रहेको माओवादीले जनाएको छ । गौर अस्पतालका हेल्थ असिस्टेन्ट प्रमोद यादव अधिकांश मृतकको टाउकोमा आक्रमण गरिएको र घाइतेहरूको पनि टाउकोमा आक्रमण भएको बताउँछन् । प्रहरी स्रोतले घटनामा लामो आधुनिक हतियारको प्रयोग भएको उल्लेख गरेको छ, तर त्यो हतियार कुन पक्षले प्रयोग गरेको थियो भन्ने खुलेको छैन । मृतकमध्ये केहीलाई गोली लागेको छ भने अधिकांशको टाउको फुटेर मृत्यु भएको छ ।

फोरमका कार्यकर्ताले हातमा बाँसको लट्ठी लिई जुलुससहित सभास्थलमा पुगेको केही बेरमै माओवादीको मञ्चमा तोडफोड गरी क्षति पुऱ्याएका थिए । 'हामीले दुवै पक्षलाई कार्यक्रमको स्थान सार्न भनेका थियौं', प्रहरी उपरीक्षक खनालले भने, 'स्थिति तनावपूर्ण हुन्छ भनेर गरेको अनुरोधलाई उनीहरूले मानेनन् ।'

नाम उल्लेख गर्न नचाहने एक सुरक्षा अधिकारी भन्छन्, 'निहुँ खोज्ने काम माओवादीबाट भएको हो, पेसेवर अपराधी प्रयोग गरेर माओवादीमाथि आक्रमण गर्ने काम फोरमबाट भएको हो ।'

२०५६ सालदेखि माओवादीले मधेसका जिल्लाहरूमा आफ्नो उपस्थिति विस्तार गरेको हो । तर, मधेसमा राजनीतिक संगठनबाट प्रभाव फैलाउनेभन्दा आपराधिक प्रवृत्तिका मानिसहरूको सहयोगमा आतंक फैलाउने रणनीतिका कारण माओवादीको आधार मधेसमा कमजोर छ ।

गौर घटनालाई लिएर माओवादीले संयमित भनाइ सार्वजनिक गरेको छ जसमा यस्ता खाले घटना नदोहोऱ्याउन र छानबिन गरी दोषीलाई कारबाही गर्ने आग्रह गरिएको छ । तर, गौर घटनाले मधेसमा थप आगो फैलाउने र माओवादी प्रतिशोधमा उत्रने त होइन ? प्रश्नचिन्ह खडा भएको छ ।

फोरमका अध्यक्ष उपेन्द्र यादव भने घटनापछि एकाएक सम्पर्कबाट टाढिएका छन् । फोरमका काठमाडौं संयोजक उपेन्द्र झाले अध्यक्ष यादवको मोबाइल फोनमा कुरा गर्दै भने, 'उहाँ संगठनको काममा पश्चिमका जिल्ला जानुभएको छ ।' उनका भनाइमा गौर घटना माओवादीको फोरममाथिको शृंखलाबद्ध आक्रमणको परिणाम हो । भैरहवा, विराटनगर, वीरगन्जलगायतका स्थानमा माओवादी फोरमविरुद्ध जाइलागेको, आमसभाहरू गर्न नदिएको उल्लेख गर्दै झा प्रश्न गर्छन्, 'गौरमा हामीले आमसभा गर्ने निर्णय दुई साताअघि गरेका थियौं, हाम्रो कार्यक्रम बिथोल्न दुई दिनअघि किन कार्यक्रम राखियो ?'

गौर घटना माओवादी र फोरमबीचको आपसी भिडन्तको पराकाष्ठा त हुँदै हो, योसँगै दुई महिनादेखि अस्थिर मधेसको राजनीतिमा थप जटिलता पैदा भएको छ । ■



तस्वीरहरू : भास्वर ओझा

माओवादीविरुद्ध वसन्तपुरमा कार्यक्रम गर्दै राजधानीका व्यवसायीहरू

# आक्रोसित

■ मधुसूदन पौडेल/काठमाडौं

**दरबारमार्गमा** मानिसको ओहोरदोहोर रोकिएको थिएन। साँझको झिसमिसेसँगै पर्यटकहरू होटलको रेस्टुराँ छिर्ने सुरसारमा थिए, कतिपय भने पेटीमा टहल्दै थिए। चैत ४ गते आइतवारको साँझ ठिक साढे ६ बजे एउटा भ्यान बन्द भइसकेको होटल उडल्यान्डभित्र वेगले छिर्‍यो। कल्पदीप राई, मुकुन्द पोखेलको नेतृत्वमा आएका १५-२० जना युवाहरू फटाफट होटलभित्र छिरे। उनीहरूले निर्माणाधीन आफ्नो होटलमा काम गरिरहेका हरि श्रेष्ठलाई निर्दयी ढंगले नियन्त्रणमा लिए र भ्यानमा जबरजस्ती कोचेर त्यसैगरी बाटो लागे। यो घटना नजिकबाट देख्नेहरू भन्छन्, 'उनीहरूको शैली कुनै भूमिगत आपराधिक गिरोहको भन्दा फरक थिएन।'

अपहृत व्यवसायी हरि श्रेष्ठ आफ्नो व्यथा पोख्छन्, 'भ्यानमा उनलाई सिटमुनि सुताइयो र शरीरमा माओवादी कार्यकर्ताहरूले लात्ती बजार्न सुरु गरे। सबैभन्दा पहिले आँखामा पट्टी बाँधियो, अश्लील गालीको वर्षा सुरु गर्दै कुनै अज्ञातस्थलमा पुगेर गाडी रोकियो।'

कुनै ठूलो भवनको एउटा अँध्यारो कोठामा पुर्‍याइएपछि माओवादीको विधिवत् यातना सुरु गरियो। श्रेष्ठको शरीरमा तातो पानी खन्याउँदै लठ्ठीले कुटियो। पोलिथिनका पाइपले पैतलामा हिर्काइयो र मुख, आँखा वा शरीरका कुनै पनि अंग माओवादीको कुटाइबाट बच्न सकेनन्। उनी सम्झिन्छन्, 'पोलिथिन पाइपले सयभन्दा धेरैपटक हानियो होला।' श्रेष्ठको अनुमानमा कुटपिटका लागि खटाइएका १०-१५ जना युवाहरूले उनलाई तबसम्म कुटिरहे जबसम्म उनी माओवादीले भनेका सबै कुरा मान्न सहमत भएनन्। अन्तिममा जीवन नै गुम्ने डर लागेपछि उनी माओवादीले जे जे भन्छन्, ती सबै मान्न तयार भए। त्यसपछि उनलाई आदेश जारी गर्ने माओवादीको कुनै उपल्लो दर्जाको 'कामरेड'कहाँ उपस्थित गराइयो। त्यहाँ उनलाई १ करोड रुपैयाँ र होटलका १० कोठा माओवादीलाई निःशुल्क दिन तयार रहेको कागजमा हस्ताक्षर गर्न लगाइयो। यो सबै प्रक्रियापछि आँखामा पट्टी लगाएकै अवस्थामा उनलाई बबरमहल कर कार्यालयनजिक पुर्‍याएर माओवादी छापामारहरूले बाटोमा ओह्रालिदिए र भूमिगत शैलीमा गायब भए।

श्रेष्ठको यो बयान शान्तिवार्ता प्रक्रियामा सामेल हुनुअघि सरकारी हिरासतमा माओवादी छापामारहरूले भोगेका पीडाभन्दा कत्ति पनि फरक लाग्दैन। लामो हिरासत जीवनपछि मुक्त भएका माओवादी कार्यकर्ताहरूले सैनिक शिविरभित्र आफूहरूलाई दिइएको यातना वर्णन गर्ने क्रममा यस्तै पीडा सुनाउने गरेका छन्, कतिपयले पुस्तकमार्फत सार्वजनिक गरेका छन्। कारबाहीका लागि माओवादी 'यातना शिविर'मा पुर्‍याइएका व्यवसायीमाथि दिइएका यातनाहरू पनि माओवादी छापामारहरूले सैनिक हिरासतभित्र भोगेका यातनासँग मिल्दाजुल्दा छन्। माओवादीले मागेको २० लाख रुपैयाँ चन्दा दिन नसक्दा श्रेष्ठलाई माओवादीले सैनिकबाट आफूहरूले पाएजस्तै यातना दिएका थिए।

माओवादी उग्रताको थप रूप अर्को दिन बिहान दरबारमार्गमा देखा पर्‍यो। माओवादी 'यातना



शिविर'बाट मुक्त गर्नुअघि श्रेष्ठलाई माओवादीले धम्क्याएका थिए- प्रहरी वा अन्य कसैसँग पनि यो कुरा खोलिएमा थप कारबाही गरिनेछ। तर, माओवादी कुटाइबाट अशक्त श्रेष्ठ राति ११ बजे वीर अस्पतालको उपचारपछि घर फर्किएका थिए। यसैबीचमा मुलुकका नेतृत्वदायी उद्यमी व्यवसायीहरू श्रेष्ठलाई सान्त्वना दिन र बढ्दो असुरक्षाका बारेमा छलफल गर्न सोमवार बिहान उनको निवास दरबारमार्ग पुगेका थिए। त्यहाँ नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चण्डिराज ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष विनोद चौधरी, होटल संघका अध्यक्ष प्रकाश श्रेष्ठ, वरिष्ठ उद्यमी पदम ज्योती, सुरज वैद्य लगायत व्यवसायसँग सम्वन्धित विभिन्न संस्थाहरूका करिब एक सयभन्दा बढी व्यवसायीहरू बैठकमा छलफल गरिरहेका थिए। त्यति नै बेला करिब दुई सयको संख्याका माओवादीहरू श्रेष्ठको घरमा पुगे र तोडफोडमा उत्रिन थाले। उनीहरूले उद्यमीहरूलाई धम्क्याउन र श्रेष्ठको घर तोडफोडमा उत्रिन थाल्दा पनि सँगै रहेको प्रहरी भने मुकदर्शक बनेपछि उनीहरूलाई असह्य भयो। दरबारमार्गमा रहेको वडा प्रहरी कार्यालयसँग श्रेष्ठको घरको पर्खाल जोडिएको छ। तर, त्यहाँ माओवादी व्यक्तिगत घरमा पुगेर मनपरी गर्न लाग्दा समेत प्रहरीले कुनै प्रतिक्रिया नदेखाएपछि उद्यमीहरूले गृहमन्त्रीसँग भेट्न समय मागे। तर, गृहमन्त्रीले समय दिन सकेनन् र उनीहरू प्रधानमन्त्रीलाई भेट्न बालुवाटार पुगे। प्रधानमन्त्रीले पनि समय नदिएपछि प्रधानमन्त्री निवास बाहिर गेटबाटै उनीहरूले घोषणा गरे- अनिश्चितकालीन बन्द। महासंघका अध्यक्ष ढकाल भन्छन्, 'सुरक्षा नै नभएपछि व्यवसाय संचालन गर्न सक्ने अवस्था रहँदैन। सुरक्षा माग्न पनि आन्दोलन गर्नु परेपछि हामीसँग अनिश्चितकालीन बन्द गर्नुको विकल्प रहेन।'

होटल उडल्यान्डका मालिक श्रेष्ठमाथि माओवादीले गरेको यातना उत्कर्ष थियो, व्यवसायीका लागि। अन्तरिम संसद्मा प्रवेश गरिसकेको र सरकारमा जाने अन्तिम तयारीमा रहेको माओवादीले 'आतंक'का भरमा उद्यमी व्यवसायीलाई यति धेरै हैरानी दिइसकेको थियो, उनीहरू आफैं उद्योग, कलकारखाना बन्द गरेर सडकमा आउनुको विकल्प थिएन। त्यसमाथि थपिएको थियो, 'माओवादी आतंकका लागि सरकारले दिएको वैधानिकता।' चन्दा आतंक, अपहरण, तालाबन्दी, धम्की र जहाँ जतिखेर पनि उनीहरूमाथि दुर्व्यवहारहरू आकाशिँदै गएका थिए। जसका कारण सहने हद नघिसकेको थियो। महिला उद्यमी लक्ष्मी शर्माले आफ्नो पीडा सुनाइन्, 'मृगको बथानमा बाघ पसेजस्तै भयो मेरो उद्योगमा। मैले यो कुरा बारम्बार सरकारलाई अवगत गराएँ, तर सुरक्षाको त के कुरा, कुनै सरोकार नै राखिएन। हाम्रा छोराछोरीलाई पनि मार्ने धम्की दिएका छन्। हे भगवान्! हामीले के नगर्नु गरेका छौं र?' नेपाल बार एसोसिएसनका निवर्तमान अध्यक्ष शम्भु थापाले सरकारसँग सोधेका छन्, 'नागरिकले हत्या र हिंसाको विरोधमा उजुर गर्ने ठाउँ कहाँ हो?' मुलुकको दुर्दशा औंल्याउँदै उनले भने, 'कस्तीमा अन्तरिम संसद्लाई यो कुरामा लाज हुनु पर्ने हो!'

## आतंकको शृंखला

हरिलाल श्रेष्ठलाई 'यातना शिविर'मा माओवादीले कुटपिट गरिरहँदा सबनम गार्मेन्ट्सका सञ्चालक महेश गोयल पनि माओवादी हिरासतमै थिए। उनलाई अपहरण गरी माओवादीले आफ्नो चाहनाअनुसारका सर्तहरूमा सहमत गराएर व्यवसायीको आन्दोलन चर्किन थालेपछि मंगलवार मात्रै रिहा गरेका छन्। राजधानीमा मात्रै बालाजुको रोली गार्मेन्ट, ठिमीको ब्राइटर टुथपेस्ट, जडिबुटीको साँग्रिला गार्मेन्ट, सूर्य कार्पेट लगायतका दर्जनौं उद्योगहरू माओवादीले महिनौंदेखि कब्जामा लिएका छन्। ती औद्योगिक प्रतिष्ठानहरूमा योङ कम्युनिष्ट लिग तथा छापामारहरू राखिएका छन्। राजधानीका विभिन्न ठाउँमा मचाएका आतंकका लागि यिनै छापामारहरू परिचालित गरिएका छन्।

माओवादीले चन्दा माग्ने र उनीहरूको मागअनुसार नदिने व्यवसायीलाई यसैगरी यातना

## शान्ति सुरक्षा नै मुख्य सरोकार हो

■ **विनोद चौधरी, अध्यक्ष नेपाल उद्योग परिसंघ**




**उद्यमी व्यवसायीको आन्दोलन केका लागि ?**

मुलुकमा शान्ति, सुरक्षाको प्रत्याभूत गराउनका लागि। असुरक्षाका कारण व्यवसायीहरूको गिर्दो आत्मविश्वास बढाउन र स्वाभिमानको पुनरावृत्तिका लागि हामी आन्दोलनमा ओर्लिनु परेको हो।

पार्टी भयो भन्दैमा जे गरे पनि हुन्छ भन्ने जुन मानसिकता देखियो, हामी पार्टी नहुनेहरूका पक्षमा पनि जनता छन् र पार्टी हुँदैमा जे पनि गर्न पाइन्छ भन्ने प्रवृत्ति अन्त्य गर्नका लागि पनि हाम्रो आन्दोलन सशक्त सन्देश बनेको छ। जनताका नाममा राजनीति गर्नेहरूले जनतामाथि नै जथाभावी गर्न थालेपछि आन्दोलनको विकल्प रहेन।

**तपाईंहरूको मुख्य सरोकार के हो ?**

हामीले शान्ति सुरक्षा चाहियो भनेर माग गरेका हौं। कानुनी राज्यको अनुभूति हामीले खोजेका हौं। स्वतन्त्रतापूर्वक उद्योग, व्यवसाय संचालन गर्न पाउनु पर्छ भन्नका लागि आन्दोलन गर्नु परेको हो।

**कसरी आयो यो अवस्था ?**

उद्यमी व्यवसायी आतंकको सिकार बनाइएका छन्। चन्दा आतंक, अपहरण, धम्की र बन्दजस्ता समस्याहरू दिन प्रतिदिन बढ्दै गएका छन्। व्यवसायीहरू असुरक्षित बनिरहेका छन् र उनीहरूलाई अपहरण गर्ने, कुटपिट गर्ने धम्काउने काम गरिएका छन्। यो अवस्थाप्रति गम्भीर बन्नुको साटो हाम्रा पीडा सुन्नसमेत सरकार तयार भएन। ■

दिँदै आएका छन् । विस्तृत शान्ति सम्झौता र युद्धविराम आचारसंहितामा औद्योगिक वातावरणमा कुनै बाधा नपार्ने र जबरजस्ती चन्दा नलिइने भन्दै हस्ताक्षर गरे पनि माओवादी व्यवहार भने बदलिएको छैन । मानवअधिकारकर्मी पद्मरत्न तुलाधर भन्छन्, 'शान्ति सम्झौताको पालना नगर्दा यस्ता घटना दोहोरिएका छन् ।' प्रहरीको रिपोर्टले पनि यो अवधिमा व्यवसायिक असुरक्षा चिन्ताजनक अवस्थामा रहेको देखाउँछ । गत चार महिनामा मात्रै एक सय नौजनालाई अपहरण गरिएको छ । यीमध्ये अधिकांश घटनामा माओवादीको हात छ ।

माओवादीले सानो व्यवसाय गरेर गुजारा चलाएका व्यापारी, मुलुकका ठूला व्यवसायिक घरानामात्रै होइन, बहुराष्ट्रिय निगमलाई पनि उत्तिकै सताउँदै आएका छन् । कार्पेट व्यवसायमा संलग्न एक व्यवसायी भन्छन्, 'साना व्यापारीहरू झन् चर्को आतंकमा बाँच्न विवश छन् । माओवादीका डरले उनीहरू आफूले भोगेका समस्या सार्वजनिक गर्न सक्दैनन् भने साना व्यवसायीका कुरालाई संघसंस्थाहरूले पनि त्यति चासो दिँदैनन् ।' कतिपय ठूला व्यापारिक घरानाहरूले पनि 'माओवादीलाई चित्त बुझाएर' झन्झटबाट बच्नु नै राम्रो सम्झिने गरेका छन् । माओवादीले चौधरी, खेतान ग्रुप र डाबर मात्रै होइन, अन्य बहुराष्ट्रिय निगमबाट पनि रकम माग्ने, धम्क्याउने र चित्त नबुझ्नासाथ उद्योग बन्द गराउने काम गर्दै आएका छन् ।

देशभित्रका माओवादी र देशबाहिरका आपराधिक गिरोहका कारण मुलुकका उद्यमी व्यवसायीहरू अहिले साँच्चिकै संकटमा परेका छन् । वीरगन्ज लगायतका क्षेत्रका उद्यमीहरूलाई भारतीय आपराधिक समूहले उसको माग पूरा नगर्नासाथ अपहरण गर्ने र हत्या गर्नेसम्मका अपराध गरिरहेको छ भने नागरिकको सुरक्षाको जिम्मेवारी लिनु पर्ने राज्य संचालनको भूमिकामा रहेको माओवादीले आफ्ना सेना र सांसदको खर्च चलाउन कर तिर्ने तिनै उद्यमीहरूलाई अपहरण गर्ने र यातना दिने काम गरिरहेको छ । अर्कोतर्फ विभिन्न समूहका नाममा देखा परेका समूहहरूले अस्पताल, स्कुल र उद्योगहरूलाई धम्क्याउने र रकम नदिए आक्रमण गर्ने शृंखला चलाएको छ । काठमाडौं मेडिकल कलेज र विभिन्न उद्योगमा लगाइएका तालाहरू यसैका उदारहण हुन् । सरकार भने मुलुकको यो अवस्थाका बीच रमिते बनिरहेको छ ।

### आन्दोलनका माग: शान्ति सुरक्षा

परिसंघका अध्यक्ष चौधरी भन्छन्, 'हाम्रो मुख्य माग शान्ति सुरक्षाको प्रत्यभूति गरियोस् भन्ने हो ।' एक सयभन्दा धेरै व्यवसायिक संघसंस्थाहरूले अगाडि बढाएको आन्दोलनको एक मात्र माग व्यवसायिक सुरक्षा हो, जसका लागि आन्दोलन गर्नु पर्ने अवस्था आउनु सरकारका लागि आफैंमा नैतिक संकट हो । सरकारसमक्ष प्रस्तुत मागमा


माओवादी आक्रमणमा घाइते हरिलाल श्रेष्ठ

उद्यमी व्यवसायीमाथिको दबाब, अपहरण, तोडफोड, लुटपाट, चन्दा आतंक, तालाबन्दी र कुटपिट तुरुन्तै बन्द गरिनु पर्ने, आपराधिक कार्यमा संलग्नहरूलाई कडा कारबाही गरी सार्वजनिक गर्नु पर्ने, कब्जा गरिएका धनसम्पत्ति र घरजग्गा फिर्ता गर्नु पर्ने र निर्बाधरुपमा व्यवसाय संचालनको वातावरण बनाउनु पर्ने छन् । राज्यले स्वभाविक रुपमा सुनिश्चितता गर्नु पर्ने नागरिकका यी अधिकारका लागि आन्दोलनमा उत्रिन बाध्य भएपछि व्यवसायीहरूले प्रश्न गरेका छन्, 'हामीले राज्यलाई धेरै कुरा दिएका छौं । कम्तीमा हामीलाई काम गरेर खान देऊ ।'

चैत ७ मा माओवादी अध्यक्ष प्रचण्डसमक्ष

## खै माओवादी विश्वसनीयता ?

**अन्य कतिपय** घटनामा जस्तै माओवादीले हरिलाल श्रेष्ठ अपहरण काण्डमा पनि चौतर्फी निन्दा गरिएपछि उक्त घटनामा आफ्नो पार्टीको संलग्नता नरहेको दाबी गर्‍यो । माओवादी प्रवक्ता कृष्णबहादुर महराले सुरुमा उक्त घटनामा आफ्नो पार्टीको संलग्नता नरहेको भन्दै उम्किने प्रयास गरे । तर, उक्त काण्ड माओवादी योङ कम्युनिष्ट लिगका कार्यकर्ताले नै गराएको प्रमाणहरू उद्यमीले प्रस्तुत गरेपछि अध्यक्ष प्रचण्डले दरबारियाहरूले सानो घटनालाई उछाल्ने प्रयास गरेको आरोप लगाए, धनगढीबाटै । तर, काठमाडौं फर्किएपछि होटल र्‍याडिसनमा उद्यमीहरूलाई बोलाएर आफ्नो पार्टीको गल्ती रहेको स्वीकार गर्दै आन्दोलन फिर्ता लिन आग्रह गरे ।

माओवादी नेतृ हिसिला यमीले आन्दोलनरत उद्यमीहरूलाई संसद्मा गालीको शैलीमा 'डिफल्टरहरूको आन्दोलन'को संज्ञा दिइन् भने संसद्भित्र हतियारको उन्माद देखाएर चर्चामा आएका अर्का सांसद लोकेन्द्र विष्टले त्यति नै बेला घटनामा माओवादी संलग्नता नरहेको दाबी गरिरहे ।

आन्दोलन चर्किँदै गएपछि ट्रेड युनियन महासंघका अध्यक्ष शालिकराम जमरकट्टेलले घटनामा संलग्न दुई कार्यकर्तालाई कारबाही गरिएको जानकारी विज्ञप्तिमार्फत दिएका छन् । तर, उक्त घटनामा अपहरण गर्ने, यातना दिने लगायतका काममा माओवादीका दर्जनौं कार्यकर्ताहरू संलग्न भएका छन् ।





रवी मानन्धर

व्यवसायीहरूको विरोधपछि साङ्ले जुलुस गरेर रत्नपार्क घेर्दै माओवादी कार्यकर्ताहरू

पनि उद्यमीहरूले यही कुरा दोहोऱ्याएका छन्, 'आफ्नो व्यवसाय गरेर खान पाउने कि नपाउने ?' अध्यक्ष चौधरीले प्रचण्डलाई यसको जवाफ दिन आग्रह गरे, मुलुकका उद्यमीहरूका तर्फबाट। प्रचण्डले उद्यमीसमक्ष आफूहरूको पनि गल्ती भएको स्विकार्दै आन्दोलन फिर्ता लिन आग्रह गरे पनि उनीहरूले प्रचण्डलाई पत्याएनन्, आठ दल र सरकारको प्रतिबद्धता आउनु पर्ने अडान राखेर। पहिलोपटक व्यवसायीले प्रचण्डसँग माओवादीको दुर्व्यवहारप्रति गम्भीर आपत्ति मात्रै जनाएनन्, उनलाई त्यत्तिकै मात्रामा बेवास्ता पनि गरे।

## सबैको समर्थन

आन्दोलनमा सबै व्यवसायिक संस्थाहरूको अद्भुत ऐक्यबद्धता प्रदर्शन गरेका छन्। नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा. सुधा शर्माले भनिन्, 'हामी बिरामी जाँचेर बस्नु पर्ने तर आन्दोलनमा आउनु परेको छ। आन्दोलन नगरेसम्म सरकारले सुन्दैन भने हामी के गर्ने ?' अस्पतालहरूमा पनि चन्दा आतंक, गुन्डागर्दीले सीमा नाघेको र सरकारसँग नियन्त्रणका लागि आग्रह गर्दा बेवास्ता गरेको अनुभव उनले सुनाइन्। निजी तथा आवासीय विद्यालय एसोसिएसनका अध्यक्ष उमेश श्रेष्ठले शान्ति सुरक्षा पाउनु सबै नागरिकको अधिकार रहेको बताए। सबै पेसा, व्यवसायमा आबद्ध व्यवसायी मात्रै होइन, आन्दोलनमा मजदुरहरूसमेत उत्रिएका थिए। यसलाई उद्यमीहरूले ऐतिहासिक एकताको संज्ञा दिएका छन्।

## आठ दलको अपिल, आन्दोलन स्थगित

बुधवार बसेको आठ दलका शीर्षस्थ नेताहरूको बैठकले घटनामाथि छानबिन गरी दोषीमाथि कारबाही गर्न सरकारलाई निर्देशन दिएको छ। तर, समग्र उद्योग क्षेत्रलाई आतंकमुक्त बनाउने प्रतिबद्धता भने आठ दलले जनाएका छैनन्, जुन आन्दोलनको माग थियो। बैठकले जबरजस्ती चन्दा असुली, डर, धाक र धम्कीका भरमा गरिने कामलाई कानुनअनुसार कारबाही गर्न सरकारलाई आग्रह पनि गरेको छ। औद्योगिक सुरक्षाको प्रत्याभूति गर्नेमा आश्वस्त पार्दै आठ दलले उद्यमीलाई संविधानसभाको निर्वाचनका लागि वातावरण सहज बनाउन आन्दोलन फिर्ता लिन आग्रह गरेकोमा उद्यमी व्यवसायीले पनि आठ दलको आग्रहलाई स्वीकार गरेका छन्। बुधवार राति नै बैठक गरी उनीहरूले आठ दलको आग्रहअनुसार केही समयका लागि आन्दोलन स्थगन गर्ने निर्णय गरेका छन्। महासंघका पूर्व अध्यक्ष विनोदबहादुर श्रेष्ठ भन्छन्, 'अब हामी वार्ताको माध्यमबाट समस्या समाधानमा केन्द्रित रहनेछौं, तर सरकार र आठ दल गम्भीर बन्न जरुरी छ।'

यो आन्दोलनले माओवादीलाई धेरै हदसम्म झुक्न बाध्य बनाएको छ। त्योभन्दा महत्त्वपूर्ण कुरा संविधानसभाको निर्वाचनको पूर्वसन्ध्यामा ऊ मुलुकको एउटा शक्तिशाली समूहबाट अरू टाढा पुगेको छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले काठमाडौंमा शान्ति सुरक्षाका लागि आश्वस्त पारिरहँदा तराईमा भने फेरि हिंसा भड्किएको छ। उक्त हिंसामा थुप्रै मानिसले ज्यान गुमाउनु परेको छ। ■

## माओवादी यातनाशिविर

**माओवादीले कब्जामा** लिएको सूर्य कार्पेटलाई 'यातना शिविर'का रुपमा प्रयोग गरिरहेको छ। राजधानीबाट अपहरण गरिएका व्यक्तिलाई माओवादीले त्यहाँ पुऱ्याउने र यातना दिने काम गर्दै आएको छ। तर, कतिपय घटनामा माओवादी बदनाम बनेपछि ती घटनामा आफ्नो संलग्नता नरहेको दाबी गर्दै आएको छ। चैत ७ मा उद्यमीहरूसँग पनि प्रचण्डले यही कुरा दोहोऱ्याएपछि नेपाल उद्योग परिसंघका अध्यक्ष विनोद चौधरीले प्रचण्डसँग प्रश्न गरे, 'त्यसो भए सूर्य कार्पेटमा पुऱ्याउँदै व्यवसायीलाई यातना दिने काम कसले गरेको छ ? त्यसको जवाफ हामीलाई दिनुपर्छ।' लक्ष्मण श्रेष्ठको यो कार्पेट उद्योगमा दुई सयभन्दा धेरै माओवादी बस्दै आएका छन्। माओवादीले ६ महिनाअघि यो उद्योग १५ दिनका लागि भन्दै कब्जामा लिएका थिए। तर, अहिले यो उद्योग माओवादीका लागि चन्दा आतंक मचाउने, अपहृत व्यक्ति राख्ने र यातना दिने केन्द्रमा परिणत भएको छ।





# लाचार प्रधानमन्त्री

भास्वर ओझा

■ विश्वमणि पोखरेल/काठमाडौं

**प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालामाथि** अहिले मुलुकको शान्ति सुरक्षाको बिग्रँदो अवस्थालाई लिएर कांग्रेस नेताहरूले नै प्रश्न उठाउन थालेका छन् । चैत ७ मा सम्पन्न आठ दलको बैठकमा कोइरालाले शान्ति सुरक्षाको स्थितिलाई लिएर गठनबन्धन नेताहरूको आलोचना मात्र खप्नु परेन आफ्नै दलका नेताहरू कोइरालाले गृहमन्त्रीप्रति लिएको परस्पर विरोधी नीतिको विरुद्धमा खनिए ।

आठ दलको औपचारिक बैठकअघि कोइराला, गृहमन्त्री कृष्णप्रसाद सिटौला समेतको उपस्थितिमा कांग्रेसका सीमित केन्द्रीय सदस्यहरूको बैठकमा केन्द्रीय सदस्य चक्र बास्तोलाले, कोइरालाले केही दिनयता सिटौलाका बारेमा व्यक्त भनाइहरूको स्पष्टीकरण माग्ने काम गरे । स्रोतका अनुसार बास्तोलाले कोइरालालाई तपाईं गृहमन्त्रीको प्रतिरक्षा गर्दै हुनुहुन्छ, उनको कामबाट सन्तुष्ट भएर आफैंले राजीनामा गर्ने बताउँदै हुनुहुन्छ कि शान्ति सुरक्षा कायम गर्न नसकेमा गृहमन्त्री हटाउँछु भनेर उनको कामको आलोचना गर्दै हुनुहुन्छ भन्ने जस्ता प्रश्न तेर्स्याएका थिए । त्यस मिनी बैठकका एक सहभागीका अनुसार कोइरालाले आफ्नै दलका नेताहरूबाट उठेको प्रश्नको चित्तबुझ्दो जवाफ भने दिएनन्, तर 'विकल्प'बारे सोच्न आग्रह गरेका थिए । बैठककै क्रममा कोइरालाले सिटौलालाई शान्ति सुरक्षाको स्थिति सुधार्न निर्देशन दिने काम पनि गरेका थिए ।

एक कांग्रेस सदस्य भन्छन्, 'मुलुकको शान्ति सुरक्षाको स्थिति दिनदिनै बिग्रँदै गएको स्थितिमा सिटौलाका बारेमा परस्पर विरोधी भनाइहरू व्यक्त गरेर कोइराला आफ्नो लाचारी प्रदर्शन गरिरहेका छन् ।'

मुलुकको शान्ति सुरक्षाको स्थिति दिन प्रतिदिन बिग्रँदै जानुमा गृहमन्त्री सिटौला प्रमुख दोषी भएको ठान्नेहरूको संख्या ठूलो छ । सिटौलाले माओवादीप्रति आवश्यकताभन्दा बढी उदारता देखाएको, प्रहरी प्रशासनलाई माओवादीविरुद्ध कारबाही नगर्न आदेश दिने गरेकोले माओवादी हतियारसहित प्रदर्शन गर्ने, जबरजस्ती चन्दा असुली, अपहरण र भौतिक कारबाही घटना प्रोत्साहित भएको सुरक्षाविज्ञहरू बताउँछन् ।

आठ दलको बैठकमा पनि माओवादीबाहेकका सबै दलका नेताहरूले शान्ति सुरक्षाको स्थिति नाजुक बन्दै गएकोमा चिन्ता व्यक्त गरेका थिए । नेपाली कांग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवाले माओवादीले प्रतिबद्धताहरू पूरा नगरेकोमा चिन्ता व्यक्त गर्दै, सम्झौता र सहमतिअनुसार सुरक्षानिकाय परिचालन गर्न नसकेकोमा सरकारको आलोचना पनि गरे । माओवादीबाट पटक-पटकका प्रतिबद्धता कार्यान्वयन नभएकोमा पनि नेताहरूले प्रश्न उठाएका छन् । शान्ति सुरक्षाको स्थिति बिग्रँदै जानुका पछाडि माओवादीका क्रियाकलापप्रति गृह प्रशासन मुकदर्शक बन्नु प्रमुख कारक भएकोमा नेताहरूले चिन्ता व्यक्त गरेका छन् ।

नेपाली कांग्रेसका अर्का केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले पनि शान्ति सुरक्षाको प्रत्याभूति राज्यको पहिलो दायित्व हो भन्ने कुरा उठाएका थिए । आफूले आठ दलको बैठकमा शान्ति सुरक्षा नै अहिलेको प्रमुख दायित्व भएको मुद्दा उठाएको केसी बताउँछन् ।

केसी भन्छन्, 'नागरिकको ज्यू-धन, स्वतन्त्रता र सम्मानको सुरक्षा गर्नु राज्यको पहिलो दायित्व र नागरिकको पहिलो हक हो ।'

कांग्रेस प्रजातान्त्रिकका केन्द्रीय सदस्य डा. मीनेन्द्र रिजालले माओवादीका प्रतिबद्धता कार्यान्वयन भएको स्थितिमा पनि गृह प्रशासनले शान्ति सुरक्षा कायम गराएर निर्वाचन गराउन सक्षम छ वा छैन भन्ने प्रश्न उठाएका छन् । ७

**व्यवसायीको विद्रोह र गौर नरसंहारको छायाँमा बसेको आठ दलको बैठकमा प्रतीक्षित अन्तरिम सरकारको मुद्दामा कुनै छलफल भएन । बैठकले व्यवसायीलाई आन्दोलनका कार्यक्रम फिर्ता लिन संयुक्त आग्रह गर्‍यो भने गौर घटनाको भर्त्सना गर्दै छानबिन र कारबाही गर्ने तथा मृतकलाई क्षतिपूर्ति दिने निर्णय गरेको छ**

चैतमा रौतहटको गौरमा माओवादी मुक्तिमोर्चा तथा मधेसी जनाधिकार फोरमबीचको भिडन्तमा भएको नरसंहारको पछाडि पनि गृह प्रशासनको कमजोरी र माओवादीको दम्भ प्रमुख कारक देखिन्छ । फोरमले पहिल्यै निर्धारित गरेको कार्यक्रम भाँड्ने उद्देश्यले माओवादीले तीन दिनअघि मात्र कार्यक्रम राख्नु, एकै स्थान र एकै समयमा आमसभाको कार्यक्रम राख्नुका पछाडि माओवादीको भिड्ने मनस्थिति स्पष्ट हुन्छ भने पछिल्लो घटनाको फोरमको 'शान्तिपूर्ण' आन्दोलनको पर्दाफास गरेको छ । स्रोतका अनुसार रौतहटको स्थानीय प्रशासनले माओवादीलाई फोरमले आमसभास्थलका निम्ति निर्धारण गरेको स्थानभन्दा टाढा विपी चोकमा आमसभा गर्न आग्रह गरेको थियो । माओवादी मधेसी मुक्तिमोर्चाले प्रशासनको आग्रह बेवास्ता गरेर फोरमसँग भिड्ने मानसिकता बनाएको थियो ।

प्रमुख चार राजनीतिक दलका नेताहरूको पटक-पटकको बैठकपछि बसेको ७ चैतको आठ दलको बैठकले अन्तरिम सरकारको बाटो खोल्ने राजनीतिक अपेक्षा राखिएको थियो । तर, बैठकअघि माओवादीबाट काठमाडौंका होटल व्यवसायी हरिलाल श्रेष्ठमाथिको आक्रमणलाई लिएर उद्यमी व्यवसायी सडकमा ओर्लिएर सरकारमा सामेल हुने माओवादीको चाहनामा पहिलो ब्रेक लागेको थियो भने गौर घटनाले मुलुकको राजनीतिक भविष्यका बारेमा गम्भीर प्रश्न उठाएको छ । चैत ७ गते नै माओवादीले राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष पशुपतिशम्सेर जबरालाई आफ्नो गृहजिल्ला जान पनि लामो समयसम्म व्यवधान खडा गरे । माओवादी कार्यकर्ताले राणालाई सिन्धुपाल्चोकको लामिडाँडामा रोकेका थिए । माओवादीका केन्द्रीय नेतृत्वको आदेशपछि मात्र लामो समयपछि राणालाई छोडिएको थियो ।

उद्यमी व्यवसायीहरूको विद्रोह, गौर नरसंहारको छायाँमा बसेको आठ दलको बैठकमा प्रतीक्षित अन्तरिम सरकारको मुद्दामा खासै छलफल भएन । बैठकले माओवादी व्यवहारको विरोधमा उत्रिएका उद्यमी व्यवसायीलाई आन्दोलनका कार्यक्रम फिर्ता लिन संयुक्त आग्रह गर्‍यो भने गौर घटनाको भर्त्सना गर्दै, छानबिन गर्ने, दोषीलाई कारबाही गर्ने, घाइतेको उपचार गर्ने र मृतकहरूलाई क्षतिपूर्ति दिने निर्णय गरेको छ ।

बैठकमा सहभागी स्रोतका अनुसार माओवादीलाई अन्तरिम सरकारमा लाने कुरामा सात दलका नेताहरूमा विरोधाभासहरू भेटिन्छन् । एकथरि नेताहरू माओवादीको व्यवहार सुध्रिनुपर्नेमा जोड दिन्छन् भने अर्काथरिचाहिँ माओवादीलाई सरकारमा लगेर 'जिम्मेवार' बनाउनुपर्ने कुरामा जोड दिन्छन् ।

आठ दलको औपचारिक बैठक बसेर अन्तरिम सरकारको गृहकार्य गर्ने प्रतीक्षित कार्यक्रम प्रधानमन्त्री कोइरालाले रुचाएनन् । उद्यमी व्यवसायीको चर्को विरोध र गौर घटनाको आलो घाउ खेपिरहेका माओवादी अन्तरिम सरकारको मुद्दालाई जोडतोडका साथ उठाउन सक्ने स्थितिमा थिएनन् । उता कोइरालाले माओवादी अध्यक्ष प्रचण्डसँग करिब आधा घन्टा बेग्लै कुराकानी गरे भने आठ दलका नेताहरूबीच एमाले महासचिव माधवकुमार नेपाल, कांग्रेस (प्रजातान्त्रिक)का सभापति शेरबहादुर देउवासँग पनि बेग्लाबेग्लै वार्ता गरेर मात्र अन्तरिम सरकार बनाउने मानसिकता तय गर्ने जवाफ दिए । माओवादी व्यवहार नसुध्रिउन्जेल उनीहरूलाई सरकारमा लैजान नहुने आफ्नो पार्टीका जिम्मेवार नेताहरू, कूटनीतिज्ञहरूको दबाबका बीच फेरि एकपटक अन्तरिम सरकार निर्माणको मुद्दालाई पछाडि धकेल्न सफल भएका छन् ।

एमाले स्थायी कमिटी सदस्य भरतमोहन अधिकारीका अनुसार नेपाल र देउवासँगको भेटपछि अन्तरिम सरकारको काम ढिलो नगर्ने विश्वासमा कोइराला छन् । उनी भन्छन्, 'अन्तरिम सरकारमा माओवादीलाई लैजाने काममा ढिलाइ गर्न हुँदैन ।' अधिकारीको तर्क छ, 'उनीहरूलाई सरकारमा लगेपछि राजनीतिको नयाँ बाटो खुल्छ, संविधानसभाको ढोका खुल्छ ।'

राजनीतिक घटनाक्रम, जेठमा संविधानसभाको निर्वाचन गर्न आवश्यक कानुनी, भौतिक सामग्रीको अभाव तथा शान्ति सुरक्षाको खड्किँदो स्थितिबीच कोइरालाको जेठमा चुनाव गराई छाड्ने रटानका बीच नयाँ खाले राजनीतिक स्थिति निर्माण भएको बुझिन्छ । स्रोतहरूका अनुसार माओवादीले अनौपचारिक रूपमा कात्तिकमा निर्वाचन गर्ने प्रस्ताव अघि सारिसकेका छन् । ■



प्रदीप नेपाल



भरतमोहन अधिकारी

**एमाले कसको नेतृत्वमा सामेल हुने भन्नेबारेमा निधो नभइसकेको भए पनि स्थायी समिति सदस्यद्वय भरतमोहन अधिकारी वा प्रदीप नेपालमध्ये एक प्रबल दाबेदार देखिएका छन्**

# एमालेको नयाँ टिम

**माओवादीसहित** अन्तरिम सरकारको गृहकार्य जारी रहेका बेला एमालेले सरकारमा आफ्नो टिममा फेरबदल गर्ने भएको छ। चैत १ गते बसेको एमाले स्थायी समितिको बैठकमा बहुमत सदस्यले अघिल्लो मन्त्रिमण्डलमा सहभागी नभएकालाई मौका दिनुपर्ने धारणा राखेपछि फेरबदल हुने भएको हो।

वर्तमान सरकारका मन्त्रीहरूले महासचिव माधवकुमार नेपालसमक्ष यही टिमलाई निरन्तरता दिनुपर्ने आग्रह गरे पनि उनीहरूको सुनुवाइ भएन। माओवादी वार्ता प्रक्रिया र शान्ति स्थापनामा आफूहरूले उल्लेख्य भूमिका निर्वाह गरेको दाबी गर्दै निरन्तरताको अपिल गरिएको थियो।

एमाले कसको नेतृत्वमा सामेल हुने भन्नेबारेमा निधो नभइसकेको भए पनि स्थायी समिति सदस्यद्वय भरतमोहन अधिकारी वा प्रदीप नेपालमध्ये एक प्रबल दाबेदार देखिएका छन्। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले तरल राजनीतिक अवस्थाको कारण जनाउँदै गृह र रक्षा कांग्रेसले नछोड्ने अडान लिएपछि वामदेव गौतमको नेतृत्वमा एमाले सत्ता साझेदार हुने सम्भावना टरेर अधिकारी वा नेपालको सम्भावना बढेको हो।

प्रधानमन्त्री कोइराला, महासचिव नेपाल र माओवादी अध्यक्ष प्रचण्डबीच माघको पहिलो साता भएको सहमतिअनुसार एमालेलाई सभामुख र प्रथम उपप्रधानमन्त्री माओवादीको भागमा परेकाले पनि एमालेको टिम फेर्नुपर्ने अवस्था सृजना भएको जानकारी स्रोतले दिएको छ। माघ पहिलो साताको स्थायी समिति बैठकले सभामुख आफूले पाए प्रथम उपप्रधानमन्त्री छोड्ने निर्णय गरेको थियो।

यही निर्णयलाई नजिर मान्दा पनि प्रथम उपप्रधानमन्त्री एमालेको भागमा नपर्ने देखिन्छ। महत्त्वपूर्ण मन्त्रालयमा कांग्रेसले आफ्नो हकदाबी गरिरहेको अवस्थामा एमाले जसरी भए पनि अर्थमन्त्रालय हात पार्ने धुनमा छ। अर्थमन्त्रालय एमालेको भागमा परे अधिकारीले एमालेको तर्फबाट सरकारको नेतृत्व सम्हाल्ने प्रबल सम्भावना छ। यसो भएमा अधिकारी तीन वर्षअघिको शेरबहादुर देउवा सरकारमा जस्तै अर्थ र उपप्रधानमन्त्री बन्नेछन्, तर उनको हैसियत द्वितीय उपप्रधानमन्त्रीको रुपमा रहनेछ।

महासचिव नेपालले झलनाथ खनाल र अमृत बोहरालाई सरकारको नेतृत्व गर्न प्रस्ताव गरे पनि उनीहरूले अस्वीकार गरेपछि अधिकारी र नेपालको सम्भावना बढेको हो। मन्त्रालयको भागबन्डामा अर्थ एमालेको हात नपरेमा नेपालको नेतृत्वमा सरकारमा सामेल हुने निष्कर्षमा एमाले पुगेको छ। बहुमत सदस्य भरतमोहनले नै सरकारको नेतृत्व गर्नुपर्छ भन्ने पक्षमा छन्। राजाको निगाहमा गठित शेरबहादुर देउवाको सरकारलाई प्रतिगमनकै निरन्तरता मान्ने एमाले नेताहरूले भने त्यति बेला सरकारमा सामेल भएका अधिकारीलाई पुनः पुरस्कृत गर्न नहुने अडान लिएका छन्।

मन्त्रालय भागबन्डाको गणितमा अर्थमन्त्रालय पाए अहिलेका दुई मन्त्रालय छाड्नसमेत तयार भएको जनाइएको छ। माओवादीले एमालेको भागबाट शिक्षा र सामान्य प्रशासन मन्त्रालय कटौती गर्नुपर्ने माग गरे पनि कुनै पनि हालतमा शिक्षा नछोड्ने एमालेको अडान छ।

एमालेभित्र स्थायी समिति सदस्यबीच बनेको अनौपचारिक सहमतिले सरकारको नेतृत्व गरिरहेका उपप्रधान तथा परराष्ट्रमन्त्री खड्गप्रसाद ओली सरकारबाट बाहिरिने निश्चित भएको छ। उपकुलपति नियुक्तिदेखि आफूअन्तर्गतको प्रशासन सञ्चालनमा अकर्मण्य देखिएको आरोपमा शिक्षामन्त्री मंगलसिद्धि मानन्धर पनि पदच्युत हुने भएका छन्।

■ **छत्र कार्की/काठमाडौं**

# मन्त्रालयको बाँडफाँडमा विवाद छैन : प्रचण्ड

माओवादी अध्यक्ष प्रचण्डले मन्त्रालय बाँडफाँडबारे सात दलसँग कुनै विवाद नरहेको बताएका छन्। धनगढीमा मंगलवार आयोजना गरिएको पत्रकार सम्मेलनमा प्रचण्डले मुख्य मन्त्रालय एउटै दलको जिम्मा नहुने आफ्नो पार्टीको अडान भए पनि यो विषयमा कुरा नअड्किएको खुलासा गरे। 'हामीले यो मन्त्रालय चाहियो, नत्र सरकारमा जाँदैनौं भनेका छैनौं', उनले भने, 'अन्तरिम सरकारको पूर्वाधार तयार भइसकेको छ, छिट्टै घोषणा हुन्छ।' उनले २५ देखि २७ सदस्यीय मन्त्रिमण्डल बनाउन र त्यसमा शान्ति तथा पुनःस्थापनासम्बन्धी एक मन्त्रालय थप्न दलहरूबीच सहमति भएको खुलासा गरे।

अन्तरिम सरकार गठन गर्न र संविधानसभाको निर्वाचनको मिति तोक्न नदिन दरबारियाहरू षड्यन्त्रमा लागेका छन् र फेरि पनि राजाले वितण्डा मचाउने काम गरे भने राजतन्त्रको अन्त्य र गणतन्त्रको घोषणा व्यवस्थापिका संसद्ले दुई तिहाइ बहुमतबाट पारित गर्ने विश्वास आफूले लिएको प्रचण्डले बताए। प्रचण्डले सात दल र माओवादीबीच भएको बाह्रबुँदे समझदारीको सुरुवात दिल्लीमा नभई रोल्पाबाट भएको खुलासा गरे। पत्रकारहरूले सोधेको प्रश्नको जवाफ दिने क्रममा प्रचण्डले गिरिजाप्रसादलाई रोल्पा लान नसकेपछि बाध्य भएर दिल्ली लगिएको बताए। रोल्पामा बसेर बाह्रबुँदे समझदारी गरौं भनेर आफूले कोइरालालाई भने पनि त्यो सम्भव नभएको उनको भनाइ थियो।

■ **श्याम भट्ट/धनगढी**

# पाँच नेता, पाँच मुख

## निर्वाचनबारे यताउता कुरा गर्नु हुँदैन



गिरिजाप्रसाद कोइराला

संविधानसभाको निर्वाचन राष्ट्रिय प्रतिबद्धता भएकाले त्यसलाई हासिल गर्न सबै राजनीतिक दलहरूको समन्वय अपरिहार्य छ । सबैले सहयोग नगरे दुर्घटना हुन्छ । सुरक्षा प्रत्याभूति गरी भयरहित वातावरणमा निर्वाचन हुन्छ । सुरक्षाको वातावरण बनाउनु मेरो र गृहमन्त्रीको कर्तव्य हो । शान्ति सुरक्षाको अवस्था सुधार्न नसके गृहमन्त्री रहँदैनन् ।

भयरहित वातावरणका लागि सुरक्षाकर्मीको मनोबल बढाउने काम आयोगको पनि हो । युद्धस्तरमा तयारी गरेपछि निर्वाचन नहुने भन्ने मलाई लाग्दैन । सर्वदलीय सरकार बनेपछि सबैभन्दा ठूलो आचारसंहिता त्यही हुन्छ । निर्वाचनको विषयमा यताउता कुरा गर्न थाले हामी नै यो प्रक्रियामा बाधक बन्छौं ।

## समान्य प्रक्रियाबाट निर्वाचन हुन सक्दैन



प्रचण्ड

परिस्थिति दिनदिनै संवेदनशील बन्दै गइरहेको छ । शान्ति सम्झौतादेखि नै संविधानसभाको निर्वाचन तोकिएको समयमै गर्ने विषयमा सबैभन्दा बढी प्रयास भएका छन् । समयमा निर्वाचन नगरे परिस्थिति झनै विषम र अराजक बन्छ । निर्वाचन आयोगले गरेको तयारी र यसको 'जेन्युएननेस'मा शंका गर्ने ठाउँ देखिँदैन । गठन भएदेखि नै समयमा निर्वाचन सम्पन्न गर्न आवश्यक सर्तहरूका बारेमा प्रशस्त जानकारी गराउने काम पनि आयोगबाट भएकै हुन् ।

अब समान्य प्रक्रियाबाट संविधानसभाको निर्वाचन हुन सक्दैन भन्ने प्रस्ट भइसकेको छ । स्वयं प्रधानमन्त्रीले नै युद्धस्तरमा गरेमात्र सम्भव छ भनिसक्नुभएको छ । अहिलेसम्मको विलम्बको लागि सरकार र राजनीतिक दलका नेताहरू नै जिम्मेवार छन् । स्थिती गम्भीर छ भन्ने प्रस्ट भइसकेको छ । नेकपा माओवादी यथासमयमै संविधानसभाको निर्वाचन गराउन जे जस्तो भूमिका निर्वाह गर्न पनि तत्पर छ ।

## सरकार र आफैंसँग रिस उठेको छ



माधवकुमार नेपाल

हाम्रो काम गर्ने तरिका असाध्यै सुस्त छ । हामी निर्वाचनको मामिलामा अनाडी होइनौं । थाहा हुँदाहुँदै निदाएर बसेकाले हामी यो मोडमा आइपुगेका हौं । यो परिस्थिति देख्दा सरकार र आफैंसँग पनि रिस उठेको छ । जसरी पनि संविधानसभाको निर्वाचन गराउने राष्ट्रिय संकल्प हासिल गर्न जे जे गर्नुपर्छ ती सबै गर्न आयोगसँग आग्रह गर्छु । समय कहाँ कति के छोट्याउन सकिन्छ, त्यो गर्नुपर्छ । जेठ महिनामा निर्वाचन हुन नसके ठूलो संकटको खतरा भएकाले ऐन नियमका प्रक्रिया छोट्याएर भए पनि गरिछाड्न नेकपा एमाले जोड दिइरहेको छ । शान्ति सुरक्षा र चुनावी वातावरण कायम गर्ने प्रमुख जिम्मेवारी प्रधानमन्त्री र गृहमन्त्रीको हो ।


## वातावरण रातारात कसरी बन्छ ?



शेरबहादुर देउवा

घोषित समयसीमाभित्र निर्वाचन सम्पन्न नहुने सम्भावना बढ्दै जानुमा निर्वाचन आयोगलाई मात्र दोष दिने ठाउँ छैन । उपयुक्त वातावरण नबनी गरिएको चुनावको विश्वसनीयता र साख रहँदैन । जनताले त्रासरहित र भयमुक्त भई मतदान गर्न सक्ने वातावरण अहिलेसम्म बनेको छैन । अहिलेसम्म नबनेको चुनावी वातावरण रातारात भोलि कसरी बन्छ भन्ने प्रश्नको जवाफ मैले पाएको छैन । चुनावका खटिएका कर्मचारी गाउँ गाउँ पुग्न सक्ने र जनताले निर्धक्क मतदान गर्न पाउनुपर्नेमा हामी सचेत हुन जरुरी छ ।

## निर्वाचन भावनात्मक विषय होइन



सूर्यबहादुर थापा

तस्वीरहरू : भास्कर ओझा

निर्वाचन भावनाको आधारमा तय हुने विषय होइन । यो वास्तविकतामा भर पर्छ । जेठभित्रै संविधानसभाको निर्वाचन गर्ने राष्ट्रिय प्रतिबद्धता भएकाले पूरा गरेरै छाड्नुपर्छ भन्ने धारणा धेरैबाट छ । तर समय, तयारी र वातावरणको यथार्थताले कहिलेकाही ठूल्ठूला प्रतिबद्धतालाई निष्काम बनाइदिन्छ । राष्ट्रले गरेको संकल्प कहिलेकाहीं विफल हुन्छ । संविधानसभाको जस्तो महत्त्वपूर्ण निर्वाचन हुँदा जनताले यसबारे पर्याप्त मात्रामा शिक्षा पाउनुपर्छ । जनताले जबरजस्ती मतदान गर्नुपर्ने परिस्थिति बनेमा यसले समस्याहरूलाई समाधान गर्दैन । वस्तुगत रुपमा विचार नगरी निर्वाचन गर्ने भनिरहने हो भने पछि धोका भयो भने निश्चय नै कसैलाई पनि राम्रो गर्दैन ।



निर्वाचनबारे छलफल गर्न आयोगमा भेला भएका आठ दलका शिर्षस्थ नेताहरू

# फोर्नुपर्‍यो मुख

**संविधानसभाको निर्वाचन कात्तिकअघि कसैगरी नहुने निश्चित भइसक्दा पनि प्रधानमन्त्रीलगायत आठ दलले जेठमै चुनाव सम्पन्न गर्ने रटान छोडेका छैनन्। महिना महत्त्वपूर्ण होइन, ढिलो भए पनि सम्पूर्ण प्रक्रिया पूरा गरेर संविधानसभाको निर्वाचन गर्नु आवश्यक हो भनेर मुख फोर्न किन सकिरहेका छैनन् कोही पनि ?**

■ किरण भण्डारी/काठमाडौं

**सभामुख सुवासचन्द्र नेम्वाङ** व्यवस्थापिका संसद् सञ्चालन गर्न जति चलाख छन्, वाक्पटुतामा पनि त्यत्तिकै माहिर। संविधानसभाको निर्वाचन घोषित मितिमा हुने-नहुनेबारे जिज्ञासा राख्नेहरूसमक्ष सितिमिति 'हुन्छ' 'हुँदैन' नभन्ने आफ्नो मौलिक शैलीलाई जीवन्तता दिँदै अचेल उनले एउटा कथा हाल्ने गरेका छन्- राजा अकबर र सुगाको।

प्राणप्रिय सुगा मरेको खबर राजालाई दिने हिम्मत कसैमा पनि थिएन। त्यो दुःखान्त खबर दिए मृत्युको सजाय पाउन सकिने भयले भारदारहरूले आँट गरेका थिएनन्। मृत्युको खबर घुमाउरो शैलीमा दिने योजनाअनुसार भारदारहरूले राजालाई बिन्ती चढाउँदै सुगाको नानाभाती प्रशंसा मात्र गर्न थाले। कसैले सुगा राजाको चिर तपस्यामा लिन भएको त, कसैले आँखा सदाका लागि चिम्लेको बताए। अर्को भारदारले योगसाधनाले पारंगत भई सुगाले सास पनि फेर्न छोडेको बतायो।

नेम्वाङले अनौपचारिक कुराकानीमा संविधानसभाबारे जिज्ञासा राख्नेलाई सुनाउने अकबर र सुगाको कथा जस्तै भएको छ, अहिलेको परिवेश। संविधानसभाको निर्वाचन जेठमै हुनुपर्ने



तस्वीरहरू : एनपीए

कट्टर धारणामा रहेका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग कसैले पनि मुख फोरेर सम्भव छैन भन्ने धारणा राख्न सकेका छैनन् ।

प्रधानमन्त्रीका प्रिय सभामुख नेम्वाङले अनौपचारिक समारोहमै भए पनि यो कथा हालिदिँदा प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेललाई भने सजिलो भएको छ । तैपनि दुई महिनादेखि यावत् व्यवधानहरूको व्याख्या गरिरहेको आयोग पनि जेठमा संविधानसभाको निर्वाचन हुँदैन भन्न सकिरहेको छैन ।

चैत ५ गते आयोगमा शीर्षस्थ नेताहरूको उल्लेखनिय उपस्थितिमाझ पोखरेलले 'हुन्छ हुन्छ' भन्दै निर्वाचन असम्भव भएको जनाउ दिएका छन् । नेम्वाङले वर्णन गरेको कथाको अकबरकै शैलीमा कोइरालाले संविधानसभाको निर्वाचन पर सर्ने विषय सुन्नै नसक्ने हुँदा आयोग 'सम्भव छैन' भन्ने धृष्टता गर्न सक्ने अवस्थामा छैन ।

कोइराला र माओवादीका अध्यक्ष प्रचण्ड आयोगमा पहिलोपटक उपस्थित शीर्षस्थ बैठकमा पोखरेलले संविधानसभाको यात्राका क्रममा रहेका विभिन्न अड्चनहरू प्रस्तुत गरेका थिए । बैठकमा संसद्मा प्रतिनिधित्व गर्ने बाह्रवटै दलका शीर्षस्थ नेताहरू उपस्थित थिए ।

आठ दल गठबन्धन र अरू विपक्षी दलहरूले पनि जेठमा संविधानसभाको निर्वाचन हुनै पर्ने प्रधानमन्त्री कोइरालाको अडानमा मौखिक समर्थन जनाए पनि उनीहरूले भिन्न आशय पनि व्यक्त गरेका छन् । कोइरालाले पूर्वनिर्धारित कार्यक्रमअनुसार पोखरेलले प्रस्तुति सुरु गर्नुअघि नै नकारात्मक धारणा नराख्नोस् भन्ने निर्देशको भाषामा आग्रह गरेका थिए । प्रधानमन्त्रीले लगाम लगाइदिएकाले पोखरेलले तयारीअनुसारको कडा धारणा नराखेको आयोग स्रोतको दाबी छ ।

तैपनि पोखरेलले शिष्ट र नम्र शैलीमा निर्वाचन असम्भवप्रायः भएको स्पष्ट अर्थ लाग्ने प्रस्तुति गरे । आयोग मात्र हैन, सम्पूर्ण मुलुकलाई चुनाव लाग्नुपर्छ, द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्ने चुनाव गरौं, चुनावको लागि चुनाव होइन, संविधानसभामा मतदाता शिक्षा र प्रचार-प्रसारको लागि पर्याप्त समय अपरिहार्य छ भन्ने लगायत उनका सबै भनाइले लगन नाघिसकेको संकेत गर्छन् ।

अन्तर्राष्ट्रिय पर्यवेक्षकले कम्तीमा तीन महिनाको अवधि माग्ने, अहिलेसम्म नबनेको आचारसंहिता निर्वाचनको घोषणाको मितिदेखि नै लागू हुनुपर्ने, समय छोट्याउँदै लाँदा प्रचार-प्रसारमा असर पर्नेदेखि मतपत्र मुलुकबाहिर लगेर छाप्नुपर्ने बाध्यतासमेत उनले व्यक्त गरे । तराईका जिल्लामा निर्वाचन कार्यालय तालाबन्दीमा परेको र सुरक्षाबलको मनोबल गिरेको पनि बताए, प्रमुख आयुक्तले ।

पोखरेलको दर्जनौं अड्चनहरूसहितको प्रस्तुतिपछि पनि सबै दलका शीर्षस्थ नेताले ऐन नियम चाँडो बनाउने र प्रक्रिया छोट्याएर भए पनि निर्वाचन जेठमै गर्नुपर्ने अपरिहार्यता दोहोऱ्याए ।

तर त्यसपछिका पाँच दिनसम्म पनि संविधानसभाको निर्वाचन साँच्चिकै जेठमै गराउन कार्यगत रुपमा कुनै उल्लेखनीय कोसिस भएको देखिएन । संसद्मा पेस भएको महिना नाघिसक्दा पनि पारित नभएका विधेयक यस अवधिमा पनि जहाँको तहीं रहनुले शीर्षस्थ नेताहरूको प्रतिबद्धता


माधवकुमार नेपाल, गिरिजाप्रसाद कोइराला र प्रचण्ड

ओठे मात्र हो भन्ने आरोपलाई बल पुगेको छ। व्यवस्थापिका संसद्को राज्य व्यवस्था र कानुन समितिमा क्रमशः राजनीतिक दलदर्ता, निर्वाचन आयोगको काम कर्तव्य अधिकार, निर्वाचन कसुर र सजाय, संविधानसभा सदस्य निर्वाचन ऐन र निर्वाचन अदालतसम्बन्धी ऐन विचाराधीन छन्।

आयोगमा छलफलका सहभागीमध्ये जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले मात्र जेठमा संविधानसभाको निर्वाचन हुन नसक्ने ठोकुवा गरेका थिए। संविधानसभा भावनात्मक कुरा मात्र नभएको बताउँदै उनले समय, प्रक्रिया र तयारी हेर्दा असम्भव भएको बताए। प्रधानमन्त्री कोइरालाले बीचैमा रोकेर राष्ट्रिय संकल्प भएको स्मरण गराउँदा पनि थापाले 'यथार्थले राष्ट्रिय संकल्पलाई पनि पूरा नगरेका कयौं उदाहरण' भएको जवाफ दिए।

प्रजातान्त्रिक कांग्रेसका अध्यक्ष शेरबहादुर देउवाले शान्ति सुरक्षामा सुधार नल्याई निर्वाचन सम्भव नभएको बताउँदै भने, 'अहिलेसम्मको नसुध्रेको सुरक्षा कसरी रातारात सुध्रिन्छ ?'

देउवाको भनाइमा समर्थन जनाउँदै सद्भावना (आनन्दीदेवी)का उपाध्यक्ष भरतविमल यादवले जेठमा संविधानसभाको निर्वाचन हुन दिन दलहरूले यथास्थानबाट आ-आफ्नो प्रतिबद्धता पूरा गर्नुपर्ने बताए। माओवादीलाई संकेत गर्दै उनले सरकार बाहेकका राजनीतिक दलको भनाइ र गराइमा एकरुपता भएपछि मात्र निर्वाचन हुन सक्ने दाबी गरे। 'सरकार बाहिरकाले दलहरूले शान्ति स्थापना गर्न सकारात्मक भएपछि मात्र हुन्छ', यादवले भने।

संविधानसभाको निर्वाचन ढिलाइ भए यसप्रति जनताको उत्कट चाहनामा ठेस पुग्ने र आफू अप्रिय हने भयले दलहरूले जानीजानी झूटो बोलिरहेको आरोप पनि लागिरहेको छ। राष्ट्रिय-अन्तर्राष्ट्रिय जगत्ले मान्यता दिने संविधानसभाको निर्वाचनका लागि यथेष्ट समय आवश्यक भएको यथार्थतालाई नजरअन्दाज गर्दै दलहरू जेठको समय सीमा जति असम्भव हुँदै गएको छ त्यति नै जोडदार रटान लगाइरहेका छन्। प्रखर राजनीतिक विश्लेषक प्रदीप गिरीको शब्द सापटी लिने हो भने 'बिरालोको घाँटीमा कसले घन्टी झुन्ड्याउने' भन्ने उखान संविधानसभाको निर्वाचन रटानमा चरितार्थ भएको छ। ■

## किन सम्भव छैन निर्वाचन जेठमा

**प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले 'जेठमा संविधानसभाको निर्वाचन हुँदैन' भनी मुख नफोरे पनि उनले प्रधानमन्त्री कोइरालासहित शीर्षस्थ नेताहरूसमक्ष चैत ५ गते प्रस्तुतिका क्रममा पस्केका विभिन्न तथ्य र परिस्थितिले त्यसको स्पष्ट जनाउ दिएका छन्। आयोगका तर्फबाट पोखरेलले गरेको उक्त प्रस्तुतिले संविधानसभाको निर्वाचनका निम्ति हुने अवरोधबारे छर्लंग पारेको छ। पोखरेलको प्रस्तुतिको मुख्य बुँदा (उनकै भाषामा) :**

- निर्वाचन गर्न आवश्यक पाँचवटा कानुन, नियम निर्देशिका एवं आचारसंहिता
- संविधानसभाको निर्वाचनमा के-कति क्षेत्र हुने निक्र्योल हुन बाँकी
- क्षेत्रका आधारमा नै निर्वाचन अधिकृत लगायत अन्य व्यवस्थापनको तयारी गर्नुपर्ने
- हिमाली जिल्लाका ५८ गाविस, मधेस र माओवादी क्यान्टोनमेन्टमा मतदाता नाम संकलन बाँकी
- सुरक्षा एवं अस्थायी मतदाताको कारणबाट अवरोध भएको ठाउँको कार्यक्रम निकाल्न नै बाँकी छ
- नागरिकता वितरण भइसकेपछि मतदाता नामावली संकलनको लागि थप कार्यक्रम दिनुपर्ने
- कानुनी व्यवस्था यकिन नभई मतदाता शिक्षा कार्यक्रम लान सकिन्न
- राजनीतिक दल दर्तासम्बन्धी ऐन बनेपछि मात्र दल दर्ता हुने
- दर्ता प्रक्रिया पूरा गर्न न्यूनतम दुई महिना आवश्यक हुने
- निर्वाचनका लागि आवश्यक ४१ प्रकारका सामान टेन्डरबाट खरिद गर्न सकिने। तर निर्वाचन मिति यकिन नभई खरिद प्रक्रिया थालनी नहुने
- सामानको उपलब्धि, प्याकिङ, ढुवानी जस्ता महत्त्वपूर्ण पक्षमा दुई महिनाभन्दा बढी समय लाग्छ
- करिब १ लाख ४० हजार कर्मचारी आवश्यक हुने
- निजामतीबाट अपुग हुने हुँदा शिक्षक प्रयोग गर्न जरुरी तर यसमा विवाद
- काममा खटाउनु पूर्व जनशक्तिलाई पर्याप्त तालिम दिनुपर्ने
- मतदाता, उम्मेदवार, दल, कर्मचारी सबैलाई पर्याप्त सुरक्षाको प्रत्याभूति तर शान्ति सुरक्षाको अवस्था सन्तोषजनक छैन
- आयोगका जिल्ला कार्यालय समेत तालाबन्दीमा परेका छन्
- स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन पूर्वसर्त हो
- आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यवेक्षणको व्यवस्था गरिएको छ, तर अन्तर्राष्ट्रिय पर्यवेक्षणले निर्वाचन मितिभन्दा न्यूनतम तीन महिनाअगाडि आमन्त्रणको अपेक्षा राख्छन्
- जेठको अन्त्यमा निर्वाचन गर्न वैशाखको दोस्रो हप्ताभित्र निर्वाचन कार्यक्रम प्रकाशन गर्नै पर्ने हुन्छ
- छोटो समयमा निर्वाचन गर्नुपर्दा प्रचार-प्रसारको लागि अत्यन्त कम समय दिन सकिन्छ
- मतपत्र छपाई मुलुकबाहिर गर्नुपर्ने स्थिती देखापरेको सन्दर्भमा यसलाई चाहिने समय पनि विचारणीय छ

**राम्रो भूमिसुधार भयो भने देशको सामाजिक समुन्नति, आर्थिक विकास, सामाजिक संलग्नता र राजनीतिक तथा नागरिक अधिकारका पक्षमा सबैलाई सहयोग पुऱ्याउँछ । आर्थिक लोकतान्त्रीकरणको प्रक्रिया सुरु हुन्छ जसले गरिबी र असमानताविरुद्ध आन्दोलन छेड्न मद्दत पुऱ्याउँछ ।**



जगत बस्नेत

# आर्थिक लोकतन्त्रको बाटो

**नेपालको** ग्रामीण अर्थतन्त्र अहिले पनि जमिनदारबाट नियन्त्रित छ । यो पञ्चायतकालको भन्दा टाढा जान सकेको छैन । अहिले पनि ग्रामीण क्षेत्रको मूल आम्दानीको स्रोत वा उत्पादनको साधन भनेको भूमि नै हो, तर यो गरिबहरूको नियन्त्रण र पहुँचमा छैन । भूमिको स्वामित्व र नियन्त्रणसँग ग्रामीण अर्थतन्त्र र शक्तिसम्बन्ध गाँसिएको छ । आफ्नो हैकम र शक्ति बचाइराख्न जमिनदारहरूले बेला बेलामा दल परिवर्तन गरिरहन्छन्, उनीहरू राजा आउँदा राजावादी हुन्छन्, कांग्रेस आउँदा कांग्रेस, एमाले आउँदा एमाले र अरू आउँदा अरू नै । त्यसैले दलहरूले पनि आर्थिक लोकतान्त्रीकरणको मुद्दा अगाडि ल्याउन सकेनन् । अहिले पनि सबै विषयमा लोकतान्त्रीकरणको कुरा उठेको छ, तर आर्थिक लोकतान्त्रीकरण ओझेलमै छ । यसको पछाडि शक्तिसम्बन्ध गाँसिएको छ भन्ने बिर्सनु हुँदैन । आज पनि पञ्चायतकालका शासकहरूकै नियन्त्रणमा खेतीयोग्य भूमि छ, तर उनीहरू आफैं खेती गर्दैनन् । उनीहरूले ती जमिन राजपरिवार वा राणा परिवारलाई रिझाएबापत कुनै बिर्ता, कुनै जागिर, कुनै रकम, कुनै पुरस्कार र गुठीका नाममा पाएका हुन् । बितेका १४ वर्षमा गाउँका जनता निरास हुनु र राजनीतिक दलहरूको कटु आलोचना हुनुमा ग्रामीण अर्थतन्त्रलाई लोकतान्त्रीकरण र भूस्वामित्वको शक्ति सम्बन्धलाई रुपान्तरण गर्ने प्रयासको थालनी नहुन र जमिनदारहरूलाई रातो टीका लगाएर दलमा एक समारोहबीच प्रवेश गराएर वर्गीय सवाललाई बिर्सनु नै हो ।

लोकतन्त्र आएको १० महिना बित्दा पनि आर्थिक लोकतान्त्रीकरणको सवाल ओझेलमा परेको छ । समग्र शान्ति सम्झौताले आर्थिक लोकतान्त्रीकरणका सवालमा छोए पनि अन्तरिम संविधानको दफा १९ को उपदफा ३ मा वैज्ञानिक भूमिसुधार लागू गर्दा वा सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकार सृजना गर्दा कानुनबमोजिम क्षतिपूर्ति दिने व्यवस्था गरेको छ । यस्तो व्यवस्था भूमि पुनर्वितरणको सम्भावना र आर्थिक लोकतान्त्रीकरण प्रणाली पूर्ण बाधक छ । गरिबहरूलाई वर्षौं शोषण गर्ने अनुपस्थित जमिनदारहरूलाई फेरि पनि राज्यले क्षतिपूर्ति दिने व्यवस्थाले आर्थिक लोकतान्त्रीकरण र सामाजिक न्यायको बाटो अवरुद्ध हुन पुगेको छ । स्रोत फेरि पनि जमिनदारको हातमा जाने प्रक्रियाले आर्थिक लोकतान्त्रीकरण हुन सक्दैन । यसले शोषणका रुपमा मात्र परिवर्तन ल्याउँछ । शासन र शक्ति उनीहरूकै पहुँच र नियन्त्रणमा हुनेछ ।

देश यतिखेर अग्रगमनतिर गइराखेका बेला आर्थिक लोकतान्त्रीकरणको मुद्दा अगाडि आउनु पर्छ र ग्रामीण अर्थतन्त्रलाई कसरी लोकतान्त्रीकरण र आत्मनिर्भर बनाउन सकिन्छ भन्ने कुराको व्यापक बहस र योजनाको महसुस सबैले गर्नुपर्छ । यहाँ अमर्त्यसेनको एउटा भनाइ सम्झना आयो उहाँले भन्नुभएको थियो कि जहाँ भोकमरी हुन्छ वा कामगरेर पनि भरपेट खान पाउँदैन त्यहाँ लोकतन्त्र हुँदैन । नेपालमा दिनभर काम गरेर पनि भोकै बस्ने बाध्यता धेरै किसानहरूलाई छ । कहाँ कसले कसलाई कुट्यो, कहाँ के घटना भयो, कहाँ हड्ताल भयो बाहिर आउँछ, तर वर्षदिनभरि काम गरेर पनि भोकै बसेका र मरेका किसानका कुरा बाहिर आउँदैनन् । विश्व बैंक लगायत द्विपक्षीय निकायले नागरिक तथा राजनीतिक अधिकार पहिलो हो भनेर आर्थिक अधिकारलाई नियन्त्रणमा राख्ने र आर्थिक परनिर्भरता उनीहरूमा राखी राख्ने कूटिल चालहरू अपनाएको पाइन्छ । यस्ता कुरामा हाम्रो कम ध्यान गएको छ ।

ग्रामीण अर्थतन्त्र वा आर्थिक लोकतान्त्रीकरणको विकासका कुरा गर्दा एकीकृत भूमिसुधारलाई पन्छाएर सम्भव छैन, तर नेपालमा भूमिसुधार भन्नासाथ जग्गा खोस्ने कुरा मात्र बुझिन्छ । यो बुझाइ साधारण मानिसमा मात्र नभएर दलका नेताहरूमा समेत छ । त्यसो हुनुमा भूमिसुधारका सवालमा नेपालमा वैचारिक छलफल हुन सकेको छैन । अहिलेको प्रमुख कुरा कसरी निजी क्षेत्र, राज्य र नागरिक समाजले एकीकृत भूमिसुधारका लागि सँगै काम गर्न सकिन्छ भन्ने पनि हो । यसमा एकले अर्कालाई दोष लगाएर मात्र हुन्न । सँगै काम गर्नसक्ने वातावरण राज्यले तय गर्नुपर्छ । अहिलेसम्म भूमिसुधारका लागि सामूहिक प्रयास हुन सकेको छैन । यसै कारणले नेपालमा धनी र गरिबबीचको खाडल र आर्थिक असमानता दिनप्रतिदिन बढ्दो छ । नेपालमा भूमिसुधारका कुरा गर्दा खण्डीकरणका कुरा उठ्ने गरेका छन् । खण्डीकरण नगरीकन भूमिसुधार गर्न सकिन्छ भन्ने कुराको बहस हुन सकेको छैन । फेरि जमिनको खण्डीकरण हुने होइन, स्वामित्वको खण्डीकरण हुने हो । यसलाई समाधान गर्न सकिन्छ, भूमिसुधार गर्न नचाहनेहरू विभिन्न किसिमका समस्या देखाएर बिथोल्न चाहन्छन् । दिनप्रतिदिन जग्गा कब्जा गरेर बस्नेको संख्या पनि कम छैन । यो बहानामा होस् वा त्यो बहानामा, वास्तविक सुकुमवासीहरूले भन्दा हकुमवासीहरूले नै बढी जमिन कब्जा गरेका छन् । यसको पुष्टि भने वास्तविक सुकुमवासीहरूले जग्गा कब्जा गर्दा प्रशासनले वा वन कार्यालयले साताभित्र आगो लगाउन थाल्छ, तर हुकुमवासीले गर्दा प्रशासन पनि चुप लागेर बसेको पाइन्छ ।

राम्रो भूमिसुधार भयो भने देशको सामाजिक समुन्नति, आर्थिक विकास, सामाजिक संलग्नता र राजनीतिक तथा नागरिक अधिकारका पक्षमा सबैलाई सहयोग पुऱ्याउँछ । आर्थिक लोकतान्त्रीकरणको प्रक्रिया सुरु हुन्छ र गरिबी, असमानताका विरुद्धको लडाइँ सुरु हुन्छ । त्यसैले अहिलेको मूल प्रश्न भनेको अवको अन्तरिम विधायिका संसद्ले भूमिसुधारको विषयलाई कसरी आफ्नो मुद्दा बनाउँछ र रुपान्तरण भूमिसुधारको प्रक्रियालाई कसरी अगाडि बढाउँछ भन्ने नै हो । नेपालमा ऋणको भार त्यति नै छ । तैपनि, विश्वबैंक लगायतका वित्तीय संस्थाहरूले थप ऋणको भार बोकाउँदै छन् । यो भारलाई पर लगाउन पनि नेपालमा भूमिसुधारको आवश्यकता छ । नेपालमा विनाविदेशीभार भूमिसुधार गरेर आर्थिक उन्नति गर्न सकिन्छ । विश्वमा जहाँ जहाँ समग्र भूमिसुधार भएका छन्, त्यहाँ त्यहाँ आर्थिक उन्नति र औद्योगीकरण भएका छन् । जहाँ भूमिसुधार असफल भएका छन्, त्यहाँ विकासका प्रयासहरू पनि असफल भएका छन् । देशलाई रोजगारी दिने र आत्मनिर्भर बनाउने भनेको समग्र भूमिसुधारको योजना हो, तर नेपालमा योजना आयोगमा बसेकाहरू नै बाँड्ने जमिन कहाँ छ र ? भन्छन्, भूमिसुधार भनेको जमिन बाँड्ने मात्र होइन, यसको व्यवस्थापन, न्यायोचित वितरण र प्रभावकारी उपयोगका कुरा योजना आयोगमा बस्नेलाई पनि थाहा छैन । यसै कारणले दसवर्षे जनयुद्ध निम्त्यायो । अब पनि आर्थिक लोकतान्त्रीकरण हुन सकेन भने फेरि पनि ननिम्त्याउला भन्न सकिन्न ।

नेपालको भूमिसुधार प्रक्रियालाई गरिबी निवारण, आर्थिक उन्नति र विकास सहस्राब्दी लक्ष्यसँग गाँसिनु पर्छ । त्यसका लागि राज्यले पहिला आर्थिक लोकतान्त्रीकरणको प्रक्रियालाई अगाडि बढाउनु पर्छ । त्यो भनेको स्थानीय अधिकार सम्पन्न समितिबाट समग्र भूमिसुधारका प्रक्रियाको सुरुवात र भूमिको न्यायोचित वितरणको प्रक्रिया तत्कालै सुरुवात हुनु पर्छ । नेपालको पुनर्संरचनामा जातीय, भाषीय वा क्षेत्रगतबाट मात्र पुग्दैन, गरिबहरू मूलतः जमिनको अधिकार वा आर्थिक रुपमा शोषित छन् । त्यसैले आर्थिक रुपान्तरण वा सम्पत्तिको पुनर्वितरणको सवाललाई पहिलो महत्त्वका साथ लिन जरुरी छ । ■




संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय प्रमुख लेना सुन्ध राजविराजमा

# जनतान्त्रिकविरुद्ध प्रदर्शन

■ **श्यामसुन्दर यादव/राजविराज** (तस्वीर पनि)

**मन्त्री महन्थ ठाकुर** संयोजक रहेको सरकारी वार्तासमितिले बेवास्ता गरेको आरोप लगाउँदै युद्धविराम भंग गरेको जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वाला सिंह) र माउ मोर्चा गोइत समूहविरुद्ध सप्तरीमा प्रदर्शन हुन थालेका छन्। सप्तरी, सिरहाजस्ता मधेसी समुदायको बाहुल्य भएका जिल्लाहरूमा चलखेल गर्दै आएका जनतान्त्रिक मुक्तिमोर्चाका यी दुवै समूहका कामकारबाहीविरुद्ध मधेसी समुदाय जाइलाग्ने स्थितिमा पुगेका छन्, यतिखेर।

वार्ताका लागि निम्तो दिए पनि मोर्चाका संस्थापक गोइतले सरकारी टोलीसँग सम्पर्क र संवाद नै गरेनन् भने ज्वाला समूह औपचारिक वार्तामा आउने स्थितिबाट टाढिएर सशस्त्र आन्दोलनको बाटोमा छ। सरकारले आफ्ना माग बेवास्ता गरेको आरोप लगाउँदै ज्वाला समूहले फागुन अन्तिम साता युद्धविराम भंग गरेको थियो। युद्धविराम भंग गरेर मधेस बेग्लै राज्यको नाराका साथ उत्रिएको ज्वाला समूहका नामबाट हुने अपहरण, फिरौती, हत्या, लुटपाट जस्ता घटनाले तीव्रता पाएपछि ऊविरुद्ध जनता उत्रिन थालेका छन्।

चैत ६ मा सप्तरीको लालापट्टी गाविसका जनताले १५ किलोमिटर टाढाको सदरमुकाम राजविराजसम्म पुगेर प्रदर्शन गरे। गाउँदेखि १५ किमी पैदल हिँडेर ज्वाला समूहको आपराधिक गतिविधिको विरोधमा निकालिएको जुलुस नगरको विभिन्न भाग परिक्रमापछि कोणसभामा परिणत भएको थियो। सभामा महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजका स्ववियु सभापति केदार यादवले राजनीति गर्नेहरूले हत्या, अपहरण, लुटपाट जस्ता आपराधिक गतिविधि रोक्नुपर्ने बताए। उनले भने, 'मधेसको आन्दोलनको खोल ओढेर राजनीति गर्न मिल्दैन, बन्दुकको बलमा राजनीति गर्नेहरूलाई खेद्नुपर्छ।' सप्तरीको लालापट्टी र छिन्नमस्ता गाविसमा मंगलवार स्थानीय जनताले ज्वाला सिंह नेतृत्वको मोर्चाका ज्यादतीविरुद्ध उनको पुतला दहन पनि गरेका छन्।

उता ६ चैतमै गोइत समूहविरुद्धमा महुलीमा बेग्लै जुलुस प्रदर्शन गरियो। गोइत समूहले चैत ४ मा शिक्षक महेश्वर कोइरालालाई अपहरण गरेका थिए। नेपाल शिक्षक युनियनसँग आबद्ध शिक्षक कोइरालासँग फिरौती माग गरिएको उनको पारिवारिक स्रोतले जनाएको छ। प्रदर्शनकारीले अपहृत शिक्षक कोइरालाको रिहाइ नभए अनिश्चितकालीन चक्काजामको घोषणा गरेका थिए। अपहरण र फिरौतीविरुद्ध सप्तरीमा व्यापक दबाब परेपछि चैत ७ मा कोइरालालाई मुक्त गर्न गोइत समूह बाध्य भएको छ। उनलाई निसर्त रिहा गरिएको बताइन्छ।

सप्तरीमा एक सातायता मात्रै झन्डै आधा दर्जन व्यक्ति अपहरणमा परेका छन् भने एक दर्जन मोटरसाइकल लुटिएका छन्। चैत ४ मा राति सप्तरीको कमलपुर-४ का २७ वर्षीय शत्रुघ्न यादवलाई हतियारधारीहरूको एक समूहले अपहरण गर्‍यो। त्यसको भोलिपल्ट इटहरी विष्णुपुर गाविसबाट हतियारधारीको अर्को समूहले महेन्द्रप्रसाद यादव र सप्तरीको हनुमाननगरका व्यापारी सीताराम साहलाई अपहरण गरी बेपत्ता पारेका छन्। त्यस्तै जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वाला सिंह)का कार्यकर्ताहरूले सप्तरीको छिन्नमस्ता भगवती मन्दिरदेखि पाँच मिटर नजिकबाट दुईवटा मोटरसाइकल र एउटा मोबाइल सेट खोसेका छन्। राजविराजबाट भारततर्फ जाँदै गरेका बी.आर. ५९९६ नम्बरको स्प्लेन्डर मोटरसाइकल, जदुवापट्टी निवासी विनयकुमार साहको मोटरसाइकल र एउटा मोबाइल सेट खोसेका छन्। सोही समूहले हतियार देखाउँदै लालापट्टी निवासी सन्तोष यादवको को.३ प. ७४१२ नम्बरको मोटरसाइकल र एक थान मोबाइल सेट खोसेका छन्। लुटपाट र चन्दा असुली कसबाट भइरहेको भन्ने कुरा पनि उत्तिकै विवादको विषय बन्न थालेको छ। यस्तै एउटा घटना हो, जनतान्त्रिक तराई मुक्तिमोर्चा ज्वाला सिंहका कार्यकर्ता बताउँदै रकम लुट्ने शिवु मण्डललाई इनरुवा फुलवडियाका जनताले पक्राउ गरे। मोर्चाका जिल्ला इन्चार्ज विवश विद्रोहीले उनी आफ्ना कार्यकर्ता नभएको दाबी गरे।

तराईमा जनतान्त्रिक तराई मुक्तिमोर्चाको जयकृष्ण गोइत र ज्वाला सिंहको नेतृत्वमा रहेका छुट्टाछुट्टै मोर्चाले स्वतन्त्र तराईको माग अघि सार्दै सशस्त्र संघर्षलाई निरन्तरता दिएका छन्। यसै मौकामा मधेसी टाइगर्स, मधेस बचाऊँ अभियानका नामबाट अन्य आपराधिक गिरोहहरू सक्रिय भएका छन्। आठ-दसजनाको समूह बनाएर लुटपाट गर्दै रकम असुल गर्ने गिरोहहरूबाट दिनदिनै घटना भइराखेका छन्।

ग्रामीण भेगमा सुरक्षानिकायको उपस्थिति नभएका कारण दिनहुँजसो हुने डकैती एवं लुटपाटको घटनाबाट बच्न टोलटोलमा राति स्थानीय बासिन्दाहरू पालैपालो गरेर जाग्राम बस्न थालेका छन्। युवाहरूले समूह बनाएर राति घरेलु हतियार लिएर गाउँटोलमा गस्ती गर्न थालेका छन्। माओवादीहरू शान्ति प्रक्रियामा आएपछि पुन:स्थापित प्रहरीचौकीहरू पनि मोर्चाहरूको गतिविधि र



सप्तरीमा जनतान्त्रिकविरुद्ध गरिएको प्रदर्शन

धम्कीपछि गाउँबाट विस्थापित भएका छन् । निरुपाय जनता आफ्नो सुरक्षा आफैं गर्नुपर्ने स्थितिमा पुगेका छन् ।



निर्वाचन आयुक्त डा. एपी यादव

सप्तरीमा डाँकाहरूको बिगबिगी छ । सीमावर्ती भारतको विहार राज्यमा नीतिश कुमारको नेतृत्वमा सरकार बनेपछि त्यहाँ सुरक्षा व्यवस्थामा कडाइ गरिएकाले भारतीय डाँकाहरूले नेपालतर्फका डाँका एवं आपराधिक गिरोहसँग साँठगाँठ गरी आतंक मचाउने गरेको सुरक्षानिकायका अधिकारीहरूको विश्लेषण छ । आपराधिक घटना बढ्दै गएपछि दुवै जनतान्त्रिकले त्यस्ता काम रोक्ने प्रतिबद्धता व्यक्त गर्दै आएका छन् । दुवै मोर्चाहरू आफैं अपहरण र जबरजस्ती चन्दा असुलीमा सक्रिय बनेकाले राजनीतिक प्रकृतिका यी संगठन र शुद्ध आपराधिक समूह कसबाट लुटपाट र असुलीका काम भएका हुन्, खुट्याउन समस्या छ ।

जनताका समस्यामा स्थानीय प्रशासन मुकदर्शक बनेको गुनासो बढ्दै छ । नगरमा समेत आपराधिक गिरोह हतियार बोकेरै दिनदहाडै घर र पसलमा गएर धम्कयाउने र जबरजस्ती चन्दा असुली गर्ने गरेको भुक्तभोगी बताउँछन् । नगरमै लुटपाट भइरहेका बेला प्रहरीलाई खबर गर्दा प्रहरीले राति भनेर घटनास्थलमा नआएको एक पीडितले गुनासो गरे ।

ज्वाला सिंहले वार्ताका लागि एक महिनासम्म युद्धविराम गर्दा पनि सरकारले चासो न दिएको आरोप लागेको छ । सरकारी बेवास्ताको कारण देखाएर ज्वाला समूहले पुनः हतियार बन्द आन्दोलनको सुरुवात गर्न पुग्यो । यता निर्वाचनआयुक्त डा. अयोधीप्रसाद यादवले गृहजिल्ला सप्तरीमा भयमुक्त वातावरण नबनेसम्म निष्पक्ष निर्वाचन नहुने खुलासा गरे । यादवले निर्वाचनका लागि तराईमा जारी बन्दुकको लडाइँ अन्त्य हुनुपर्ने बताए । तराईमा देखिएका समस्यालाई सरकारले वार्ताको माध्यमबाटै निकास खोज्न सल्लाह दिँदै यादवले भने, 'निष्पक्ष एवं भयमुक्त वातावरणमा निर्वाचन गराउनका लागि सम्पूर्ण आन्दोलनकारी शक्तिहरूबीच सहमति हुनै पर्छ ।'

तराईमा जारी आन्दोलनका विषयमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयका प्रमुख लैना सुन्धले चैत ४ गते पूर्वाञ्चलका तराईका जिल्लामा दुईदिने भ्रमण पूरा गरिन् । सुन्धको भ्रमणलाई महत्त्वका साथ हेरिएका छ । जानकार स्रोतहरू मधेसमा सशस्त्र आन्दोलन चर्काइरहेका मोर्चाका नेताहरूसँग समेत सम्पर्क र संवाद गर्ने उनको कार्यक्रम रहेको थियो । नेताहरूसँग अप्रत्यक्ष वार्ता भए-नभएको थाहा हुन सकेन । ■


**Booking Open for**

**JDA OFFICE COMPLEX**

"Sales of Office Flats" First Time in Nepal
Launching with New Concept & Design



**JDA Developer Pvt. Ltd. Bag Durbar, Sundhara**
**Contact: 4229112, 98510-90442**

**Facilities & Services incorporated in the Building:**

- Earthquake Resistance Design
- Construction works are going on by reputed A class contractor
- 60 Cars Parking (In Basement)
- Adequate Motorbike Parking (In Basement)
- HT Structure for 11KV Supply intake
- 400 KVA, Transformer
- 400 KVA, 400V Continuous rated Diesel Generator
- Audio amplifier/Speaker in the Basement
- Provision of A/C for all the offices
- Floor Finishing for common area (i.e. General Toilets, Staircase & Passages etc.) : Marble/tiles
- Internal Wall finishing for common areas: Plaster of Paris with Plastic Emulsion paint
- 250 Meters 150mm Dia. Deep Tube well boring
- 125000.00 Ltr. Capacity Ground Water Reservoir and O.H. water tanks
- 3000.00 Cft. Capacity Septic tank
- PABX Telephone Facilities.
- Security Guards, Maintenance staff, Janitors, Refuse Chute for each floor
- 2 Separate Toilets/Pantry for each office unit finishes with Granite wash basin counter, Commode & tiles on floors/walls
- General Ladies and Gents toilet separately for each floor
- Fire Alarm & Fire fighting system
- Natural lighting and ventilation
- Each office unit having all Aluminium Windows with high quality (MS linked Design) Rolling shutter
- Each floor having General Ladies and Gents toilet separately finishes with Granite wash basin counter, Urinals, Commodes & tiles on Floors/walls
- Wide and convenient Staircases and Passages
- 2 Elevators (KONE) of 8 passengers each and 2 Staircases facilities

# सरकारी बेवास्ता

**मार्च २१ का** दिन संसारभर मनाइने जातिभेद उन्मूलन दिवसलाई नेपाली दलितहरूले छिटफुट मनाउने गरे पनि सरकारले पूरै बेवास्ता गर्ने गरेको छ ।

दक्षिण अफ्रिकाको सार्पभिल्लामा सन् १९६० मा कालाहरूले आफ्नो अधिकारका लागि विभेदपूर्ण कानुनहरूको अन्त्यको माग गर्दै शान्तिपूर्ण रूपमा गरेको आन्दोलनका क्रममा त्यहाँका गोरा शासकहरूले ५९ जनाको सामूहिक हत्या गरेका थिए । संयुक्त राष्ट्रसंघले यो घटनालाई सबै किसिमका जातिभेदविरुद्धको क्रूरताको घटना भन्दै सन् १९६५ देखि अन्तर्राष्ट्रियरुपमा सबै किसिमका जातिभेद उन्मूलन दिवसको रुपमा मनाउन थालेको छ ।

दलित अधिकारवादीहरूले अन्तर्राष्ट्रियरुपमा मान्यता पाएको २१ मार्चलाई नेपालमा दलितमुक्तिको रुपमा मनाउनु पर्ने बताएका छन् । सरकारले भने जातिभेद उन्मूलन दिवसको रुपमा मनाउन आलेटाले गरेको आरोप उनीहरूको छ । जागरण मिडिया सेन्टरका अध्यक्ष शुभाष दर्नाल भन्छन्, 'सामान्य किसिमका हाम्रो संस्कार र संस्कृतिसँग कुनै सरोकार नराख्ने दिवसहरू समेत सरकारले मनाउने गरेको छ, तर जातीय विभेदको तहगत संरचना कायमै रहेको अवस्थामा अन्तर्राष्ट्रिय रुपमा मनाइने जातिभेद दिवस मनाउन भने सरकार पन्छिने गरेको छ ।' राष्ट्रसंघ लगायत एम्नेस्टी इन्टरनेसनल, ह्युमनराइट वाच जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले मार्च २१ लाई विश्वमा रहेका सबै किसिमका विभेदको अन्त्य गरियोस् भन्ने नाराका साथ मनाउँदै आएको छ ।

जातीय, लैंगिक, भाषिक, क्षेत्रीय लगायतको विभेदको जालो रहेको नेपाली समाजमा अन्तर्राष्ट्रिय जाति भेद दिवसको मर्मअनुरूप मनाउनु पर्ने तर्क अधिकारकर्मीहरूको छ । सन् १९६५ देखि राष्ट्रसंघले सबै किसिमका विभेदको विरुद्ध अभियान संचालन गर्दै आएको छ । नेपालको जातीय विभेदलाई राष्ट्रसंघले मान्यता दिएपछि नेपालमा यो दिवसको चासो बढ्न थालेको छ । मुलुक शान्ति प्रक्रियामा अगाडि बढेको अहिलेको अवस्थामा जातिभेद उन्मूलन दिवसको अवसर पारेर सरकारले सबै किसिमका विभेदहरू उन्मूलन गर्ने घोषणा गर्नुपर्ने विचार यस क्षेत्रका विज्ञहरूको छ । समाजशास्त्री डा. कृष्णबहादुर भट्टचन भन्छन्, 'अन्तर्राष्ट्रिय मान्यता पाएको जातिभेदविरुद्धको दिवसलाई अहिलेको सन्दर्भमा दलितहरूले अधिकार प्राप्तिका लागि उपयोग गर्नुपर्छ ।' जातीय विभेद, सामाजिक न्याय र मानवअधिकारको क्षेत्रमा क्रियाशीलहरू समेत यो दिवसलाई उपयोग गरेर पीडितहरूको अधिकारमा सक्रिया देखिँदैनन् । भट्टचन भन्छन्, '२१ मार्चलाई राज्य लगायत नागरिक समाज र सबै वर्गले नेपालबाट सबै किसिमका विभेद अत्य गर्ने अवसरको रुपमा मनाउनु पर्छ ।'

अन्तरिम संविधानमार्फत एकात्मक राज्य व्यवस्था अन्त्य गरेर समावेशी राज्यको अवधारणाअनुसार राज्यको पुनर्संरचना गर्ने अठोट माओवादीसहित आठ दलले गरेका छन् । तर समावेशी राज्य व्यवस्थाका लागि आवश्यक न्यूनतम आधारहरूसमेत सरकारले अझै तयार नगरेको गुनासो दलित अधिकारवादीहरूले गरेका छन् । ६ दशक पार गरेको दलित आन्दोलनलाई माओवादीले सुरु गरेको सशस्त्र युद्धले मलजल गरेको थियो । यो अवधिमा दलितहरूको चेतनास्तरमा आमूल परिवर्तन भए पनि आर्थिक, सामाजिक रुपान्तरण भने सोचेअनुरूप हुन सकेको छैन । सरकारका नीति र कार्यक्रमहरू समेत चुस्तरुपमा कार्यान्वयन नभएको कारण दातृनिकायबाट आएका सहयोगहरू समेत सरोकारवालासँग पुग्न सकेको छैन । मानव विकासका सबै सूचकांकहरूमा सबैभन्दा पछाडि परेका दलितहरू सदियौंदेखि राज्यसत्ताबाट बहिष्कृत हुँदै आएका छन् । दलितहरूले यो दिवसलाई सम्झना गर्दै विगतको शोषणको क्षतिपूर्तिको रुपमा विशेष अधिकारको व्यवस्था सरकारले गर्नुपर्ने बताएका छन् । माओवादी जनयुद्ध र जनआन्दोलन-२ ले समेत दलितहरूलाई राज्यसत्तामा समाहित गराउन राज्यका सबै निकायमा विशेष अधिकारको व्यवस्था हुनुपर्ने मागलाई अनुमोदन गरेको छ । उता माओवादीसहितका सबै राजनीतिक दलहरूले समेत दलितलाई विशेष अधिकार दिने सवालमा सहमत भए पनि कार्यान्वयन पक्षमा भने सरकार पूर्णरुपमा चुकेको छ । माओवादीले जनयुद्ध सुरु गरेदेखि नै दलितहरूलाई विशेष अधिकारमार्फत राज्यका सबै निकायमा पहुँच पुऱ्याउने नारा रटाउँदै आएको थियो । अन्य प्रमुख दलहरूले पनि केही वर्षदेखि दातृनिकायको दबाबका कारण दलितहरूलाई आरक्षण अपरिहार्य भएको बताउँदै आएका छन् ।



जुम्लाकी एक दलित महिला

राजेश घिमिरे

■ **गोविन्द परियार/काठमाडौं**

■ रुद्र खड्का/बर्दिया (तस्वीर पनि)

**तीन वर्ष अघिसम्म** खेतबारीमा पस्ने गैंडा र जंगली जनावरहरू धपाउँदैमा फुर्सद नपाउने चेपाङगाउँका भीमबहादर विक र अन्य गाउँलेहरूले यतिखेर विगतमा जस्तो जनावरहरूले दिने दुःखबाट मुक्ति त पाएका छन् । तर, पछिल्ला दिनहरूमा गैंडा र अन्य जनावरहरू देख्न नपाउँदा कतै बर्दिया निकुञ्ज वन्यजन्तुविनाको निकुञ्ज हुने त होइन भनेर आत्तिन पनि थालेका छन् ।

'पहिला-पहिला कहिलै पनि लगाएको सबै बाली राम्रोसँग उठाउन पाउदैनथ्यौं', बिक भन्छन्, 'तीन वर्षयता लगाएको खेती जनावरहरूको क्षतिविना उठाउन पाइरहेका छौं ।' बर्दिया राष्ट्रिय निकुञ्जसँगै जोडिएको चेपाङगाउँमा बस्ती बसेदेखि गैंडालगायतका वन्यजन्तुले कृषकको बाली सखाप पार्ने गर्थे ।

तीन वर्ष अघिसम्म किसानहरूको घरछेउमै आएर अनाज बाली सखाप पार्ने वन्यजन्तु कहाँ गए त अहिले ? यसको जवाफ झन्डै ३ हजार ५ सय जनसंख्या रहेको मध्यवर्ती क्षेत्र चेपाङगाउँका बासिन्दाहरूसँग त छैन, तैपनि उनीहरू जनावरहरू बाली खान आउन छोड्नुको कारण कसैद्वारा मारिएको अथवा मरेको हुन सक्ने अनुमान गर्छन् ।

'लस्करका लस्कर बाली खान आउने गैंडा र अन्य जनावरहरू यतिखेर निकै कम आउँछन्', स्थानीयवासी यामलाल शर्मा भन्छन्, 'चोरी सिकारीबाट सखाप हुनुबाहेक अरू केही कारण होइन ।' हाल कहिलेकाहीं चित्तल, हात्ती, बँदेल, दुम्सी र जरायोजस्ता जनावहरू मात्र देखापर्ने गरेको सर्वसाधारण बताउँछन् ।

खेती लगाएपछि रातदिन निकुञ्जका जनावरहरूलाई धपाउन हरदम तम्तयार भइरहने सर्वसाधारणलाई निकुञ्जका जनावरहरू कम भएपछि उनीहरूले बालीनाली बचाउन गर्ने परिश्रममा केही कमी त आएको छ, तर वर्षौंदेखिका जनावरहरूलाई संरक्षण गर्न स्थापना गरिएको निकुञ्ज र अन्य सम्बन्धित निकायको कामबारे स्वयं स्थानीय बासिन्दाहरूले नै प्रश्न उठाएका उठायै छन् । चेपाङगाउँका अगुवा प्रेमबहादुर सारु भन्छन्, 'कुनै एकजना सर्वसाधारण निकुञ्जमा पसेको खण्डमा मात्र जरिवाना गर्ने निकुञ्ज र सुरक्षाकर्मीले संरक्षित जनावरहरूको सिकार गर्नेहरूलाई किन रोक्न सकेनन् ?'

पाटे बाघको लागि सर्वाधिक सहज र उपर्युक्तस्थल मानिएको ९ सय ६४ वर्ग किलोमिटर क्षेत्रको बर्दिया राष्ट्रिय निकुञ्ज वरिपरिका बासिन्दाहरूले पछिल्ला दिनहरूमा निकुञ्जमा रहेका जनावरको संख्या घट्दै गए पनि निकुञ्ज प्रशासन र सुरक्षाकर्मी पूरै प्रभावहीन भएको आरोप लगाएका छन् । उनीहरूले भनेका छन्, 'निकुञ्ज प्रशासनले अहिले गरिरहेको काम र पद्धतिलाई परिवर्तन नगर्ने हो भने निकुञ्जमा बाँकी रहेका साना जनावहरहरू रतुवा, बँदेल र चित्तलहरू पनि बाकी रहनेछैनन् ।

बर्दिया निकुञ्ज प्रशासनका अनुसार सन् १९८४ देखि तीन वर्ष अघिसम्म ७४ गैंडा चितवनको निकुञ्जबाट बर्दिया निकुञ्जमा ल्याइएको थियो । पछि सातवटा नयाँ गैंडा जन्मिएका पनि थिए । राष्ट्रिय निकुञ्ज संरक्षण विभागका लक्ष्मीप्रसाद मानन्धरका अनुसार सरकारी कर्मचारीहरू निकुञ्जको सुरक्षाको लागि नियमित फिल्डमा नगएका कारणले सिकारीहरूलाई गैंडाको सिकार गर्न सजिलो भएको हो । गत सालको जेठमा मानन्धरसहितको टोलीले गैंडाको बारेमा अनुसन्धान तथा अवस्था थाहा पाउनको लागि 'स्विपिङ अप्रेसन' गर्दा कालीनारा र गुठी नाकामा ३१ जना चोरी सिकारी र ठाउँ-ठाउँमा सुकुटीका बोराहरू फेला परेका थिए । चोरी सिकारी गरिरहेका चोरी सिकारीहरूमध्ये दुईजना मारिएका थिए भने दुईजना पक्राउ परेका थिए । तर, गत जेठपछि मुलुकको राजनीतिक वातावरण केही सरल भए पनि जनावरहरूको संरक्षणमा निकुञ्जले सक्रिय चासो नदेखाएको सर्वसाधारण गुनासो गर्छन् । निकुञ्जको महाभारत र चुरे क्षेत्रमा खोज्दा समेत गैंडाको छाप र गैंडा कतै देखा नपरेको मानन्धर बताउँछन् ।

सात दल र माओवादीबीच सहमति हुनु अघिसम्म निकै लामो समयको अवधिमा सुरक्षाकर्मीहरू र निकुञ्जका कर्मचारीहरू कार्यालयमा मात्र सीमित भएका थिए । त्यही समयमा सर्वाधिक चोरी सिकार भएको मानन्धरको अनुमान छ । बर्दिया राष्ट्रिय निकुञ्जको सुरक्षाको लागि सेनाको एक बटालियन (७ सय ५० जना) र निकुञ्जका १ सय जना कर्मचारीहरू कार्यरत छन् । संकटकालका बेला माओवादी त्रासका कारण निकुञ्जका ३४ वटा सुरक्षाचौकीमध्ये सातवटामा झारिएको बर्दिया निकुञ्जमा अझै पनि सबै चौकीहरू विस्तार गरिएको छैन ।

नेपालका चितवन तथा बर्दिया निकुञ्ज र शुक्लाफाँटा आरक्षणमा मात्र लोपोन्मुख गैंडा रहँदै आएका छन् । दुई वर्षअघिको रेकर्डअनुसार चितवनमा ३७२ तथा बर्दियामा ८१ र शुक्लाफाँटामा ६ वटा गैंडाहरू थिए । तर पछिल्ला दिनहरूमा चितवन र बर्दियाका गैंडाहरू चोरी सिकारीहरूले समाप्त पारेको सूचना दिनदिनै आइरहे पनि सरकारीस्तरबाट भने गैंडा मारिएको सूचना सुन्नुबाहेक रोकथामको लागि गरेको पहल प्रभावकारी हुन नसकेको गुनासो आइरहेको छ । बेला-बेलामा चोरी सिकारीको आरोपमा पक्राउ परेका




# आउँदैनन् वन्यजन्तु

यस्तै खुल्ला स्थानका कारण निकुञ्जका संरक्षित वन्यजन्तुको सिकार गर्न सजिलो भएको छ



निकुञ्ज वरिपरि मध्यवर्ती क्षेत्रका बासिन्दाले वन्यजन्तुबाट बालीनाली बचाउन बनाएका यस्ता घर अहिले खाली छन्

व्यक्तिहरूलाई समेत राजनीतिक दलका नेताहरूको दबाबमा मुक्त गराउन दिइने धम्कीले चोरी सिकारीहरूलाई संरक्षित जनावरहरूको सिकार गर्न हौसला मिलिरहेको बताइन्छ । त्यसैगरी कतिपय स्थानमा जनावरको सुरक्षामा खटिएका कर्मचारी र सुरक्षाकर्मीले पनि चोरी सिकार गर्ने गरेको पाइएको छ । कर्मचारीहरू र सुरक्षाकर्मीहरूले खासगरी खान मिल्ने साना जनावरहरू जरायो, चित्तल, बँदेल जस्ता जनावरको सिकार गर्ने गरेका छन् ।

नेपालका राष्ट्रिय निकुञ्जमा रहेका वन्यजन्तु मारिएपछि बढ्दै गएको विकर्षण र अर्कोतर्फ निकुञ्जमा पुग्ने पर्यटकहरूबाट माओवादीले धमाधम चन्दा लिने गतिविधि जारी राखेका कारण राष्ट्रिय निकुञ्जबाट उठ्ने राजस्वमा पनि किनै कमी आएको छ । संकटकालका बाबजुद पनि अधिराज्यका सबै निकुञ्जबाट दुई वर्ष अघिसम्म वार्षिक १३ करोड रुपैयाँ राजस्व उठेकोमा गत साल निकुञ्ज घुम्ने पर्यटकहरूबाट ५ करोड रुपैयाँ सबै निकुञ्जहरूबाट राजस्व संकलन भएको थियो ।

बर्दिया निकुञ्जमा गैंडा र मासु खान मिल्ने वन्यजन्तुको मात्र नभई हात्ती र बाघको पनि सिकार भएको छ । केही समयअघि मात्र निकुञ्जमा विष सेवनबाट हात्तीको बच्चा मरेको भेटिएको थियो । पूर्व-पश्चिम राजमार्ग तथा नेपालगन्ज-सुर्खेत सडकखण्ड निकुञ्ज हुँदै गएको तर राजमार्ग वरपर कुनै तारबार नगरिएका कारण पनि कयौं व्यक्तिहरूलाई चोरी सिकार गर्न सजिलो भइरहेको छ । यस्ता 'पटके' सिकारीहरूबाट मासु खान मिल्ने स-साना जनावरहरू बढी मारिने गरेका छन् ।

यता बर्दिया निकुञ्ज प्रशासनले गहुँ तथा अन्य बाली खाइदिएको निहुँमा समेत मध्यवर्ती क्षेत्रका बासिन्दाले पनि संरक्षित जनावरहरूलाई मार्ने गरेको पाइएको जनाउँदै स्थानीय बासिन्दाहरूको सहयोगविना जनावरहरूलाई संरक्षण गर्न गाह्रो हुने बताएको छ । निकुञ्ज वरपरका सर्वसाधारणले पनि मध्यवर्ती क्षेत्रमा संरक्षण गरेको वनमा पुग्ने जनावरलाई मार्ने गरेको बताइएको छ । गाउँलेहरूले जनावर मारेको सूचना एउटै गाउँका व्यक्तिहरूबाट नै सार्वजनिक हुँदै आए पनि राजनीतिक संरक्षण र पहुँचवाला व्यक्तिहरूले गरेका सिकार तथा निकुञ्जकै सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरू र कर्मचारीहरूबाट जनावर मारिने घटनाहरू रोक्न राज्यले कडा कानुन ल्याउने पर्ने आवश्यकता देखिएको छ ।

निकुञ्जमा रहेका वन्यजन्तुलाई निकुञ्जका पदाधिकारी, पहुँचवाला व्यक्तिहरूले मारेर खाने गरेको पटक-पटक सुन्नमा आउने गरे पनि प्रमाणको अभावमा त्यस्ता व्यक्तिहरू कहिल्यै पनि कारबाहीको भागिदार बनेका छैनन् । निकुञ्जको सुरक्षा गर्न तथा निकुञ्जमा रहेका संरक्षित जनावरहरूलाई बचाइराख्न चोरी सिकारीबाट रोक्नु तथा त्यस्ता सिकारीहरूलाई कडा कारबाही गर्नुपर्ने आवश्कताको साथै मध्यवर्ती क्षेत्रका बासिन्दाहरूलाई निकुञ्ज र जनावरहरूको संरक्षण गर्नेबारे सचेत पार्नु जरुरी छ । निकुञ्जका सुरक्षाकर्मी र कर्मचारीले गर्ने ड्युटी तथा उनीहरूबाट नै बेला बेलामा हुने गरेका सिकारबाट जनावरहरूलाई बचाइराख्ने व्यवस्था मिलाउने यतिखेर राज्यको अर्को पनि दायित्व थपिएको छ । ■



## 'अनैतिक औषधी व्यापार'

**औषधी व्यापारमा** उपभोक्ता हितलाई प्राथमिकता दिनु पर्ने आवश्यकता विज्ञहरूले औंल्याएका छन्। विश्व उपभोक्ता दिवसका अवसरमा एक्सन एड नेपाल र सावतीद्वारा आयोजित अन्तरक्रिया 'औषधी व्यापारमा उपभोक्ता हकहितका प्रश्नहरू'मा विज्ञहरूले औषधी व्यापारका विकृति अन्त्य गर्न सरकारसँग आग्रह गरेका छन्। 'अनैतिक औषधी व्यापार' नारासहित यो वर्ष विश्व उपभोक्ता दिवस मनाइएको छ।

उत्पादकदेखि उपभोक्तासम्म पुग्दा औषधीको मूल्यमा व्यापक अन्तर, डाक्टरलाई उपहार दिएर आफ्ना उत्पादन बढी बिकाउने होडबाजी जस्ता विसंगति छन्। सावतीका वरिष्ठ कार्यक्रम अधिकृत कमलेश अधिकारीले औषधी कम्पनीले आफ्ना उत्पादन बिक्रीका लागि डाक्टरहरूलाई कसरी प्रयोग गरिरहेका छन् भनेर सम्बन्धित निकायले गम्भीरतापूर्वक हेर्न जरुरी भएको बताए। औषधीको उपभोग गर्ने मिति समाप्त भएपछि पनि पुनः लेबल लगाएर बिक्री गर्ने प्रचलनमा पनि चिन्ता गरिएको थियो। एक्सनएड नेपालकी टिम लिडर इला शर्माले औषधीको बजार उपभोक्ताको जीवनसँग प्रत्यक्ष गाँसिएकाले उपभोक्ताको सजगता झनै जरुरी रहने आवश्यकता औंल्याएकी छन्।

नेपाल केमिस्ट एन्ड ड्रगिस्ट एसोसिएसनका अध्यक्ष सुरेशप्रसाद प्रधानले उपभोक्ता हित सुनिश्चित गर्न आफ्नो संस्था सजग रहेको दाबी गरेका छन्। औषधी व्यवस्था विभागका नवीनप्रसाद श्रेष्ठले औषधी बिक्रीका लागि निर्देशिका लागू गरिएका कारण औषधी बजारमा २० प्रतिशतभन्दा बढी अनैतिक व्यापार नरहेको बताए। नेपाल उद्योग वाणिज्य महासंघको औद्योगिक प्रवर्द्धन समितिका अध्यक्ष प्रदीपजंग पाण्डेले अन्य उद्योगमा जस्तै यो बजारमा पनि उपभोक्ताको हिततर्फ ध्यान पुऱ्याउनु पर्ने आवश्यकता औंल्याए।

## अक्टागार्ड बजारमा

**केडिया अर्गनाइजेसनले** मानिसलाई लामखुट्टेबाट जोगाउन 'अक्टागार्ड' बजारमा ल्याएको छ। यसै साता राजधानीमा आयोजित अधिकृत बिक्रेताहरूको भेलामा यो नयाँ उत्पादन बजारमा ल्याइएको हो। अर्गनाइजेसन अन्तर्गतको कनक न्यु ट्रेडर्सले यसको बजार प्रवर्धन गरिरहेको छ।

## चोरी रोक्ने मेसिन



**टेक्नोलोजी सेल्स** प्रालिले चोरी रोक्ने 'एन्टी थेफ्ट सेक्युरिटी डिभाइस' बजारमा ल्याएको छ। विषेशगरी पसल, सुन पसल र स्टोरहरू आदि ठाउँ चोरीको जोखिममा परिरहेका छन्। चोर आएको संकेत दिने, चोरलाई तर्साउन साइरन बजाउनेजस्ता सिस्टमबाट नेपाली बजार सुहाउँदो डिभाइसको विकास गरिएको प्रालिले जनाएको छ। हालसम्म विभिन्न अवस्थाका लागि ५ प्रकारका यस्ता मेसिनहरू विकास भएका छन्।

मेसिनका रिमोट डिटेक्टरले कुनै कोठा वा सुरक्षा क्षेत्रमा विनासूचना कुनै मानिस प्रवेश गऱ्यो भने तुरुन्त 'मेन युनिट'लाई खबर दिने र यसले तुरुन्तै त्यस क्षेत्रमा ठूलो साइरन बजाइदिने बताइएको छ। साथै पाँचवटासम्म नम्बरमा तुरुन्त फोन गरिदिने र त्यसको माध्यमबाट रेकर्ड गरिएको भ्वाइस सम्पूर्ण नम्बरमा सन्देशका माध्यमबाट पुऱ्याइन्छ।

## एभरेष्ट बैंकको नयाँ शाखा

**एभरेष्ट बैंक** लिमिटेडले बालाजुमा नयाँ शाखा खोलेपछि यो निजी क्षेत्रको सबैभन्दा ठूलो संजालयुक्त बैंक बनेको छ। सन् १९९६ मा पञ्जाब नेसनल बैंकसँग र नेपाली लगानीकर्ताहरूको संयुक्त लगानीमा स्थापित यो बैंक सन् २००६ मा 'बैंक अफ दि इयर' बनेको छ।




# 'बी' डिभिजन लिग नहुने

■ नवीन अर्याल/काठमाडौं

**नेपाली फुटबलको** सर्वोच्च निकाय अखिल नेपाल फुटबल संघ (एन्फा)समक्ष अठारवटा माग राख्दै विगत आठ महिनादेखि आन्दोलनमा उत्रिएका 'बी' डिभिजन क्लबहरूको माग पूरा गर्ने सम्बन्धमा ठोस पहल नभएपछि यो वर्षको 'बी' डिभिजन लिग लगभग नहुने पक्का भएको छ।

'बी' डिभिजन लिगमा आबद्ध बाह्रमध्ये सातवटा क्लब आफ्नो माग सम्बोधन नभएको भन्दै आन्दोलनमा छन् भने एन्फा अध्यक्ष गणेश थापाले गत साता महेन्द्र पुलिस क्लबको सम्मानमा नक्सालस्थित पुलिस हेडक्वाटरमा आयोजित सार्वजनिक समारोहमा आफूसँग निहुँ खोजिरहेका आन्दोलनरत सातवटा 'बी' डिभिजन क्लबहरूको मान्यता खारेज गर्ने र उनीहरूको स्थानमा 'सी' डिभिजनका सात क्लबलाई 'अपग्रेड' गर्ने बताएका छन्। उनले सोही समारोहमै अर्को वर्षदेखि 'सी' डिभिजन लिग खारेज गर्ने मन्तव्य दिएपछि 'बी' डिभिजन लिग हुने कुरामा थप अन्योल छाएको मात्र छैन, नेपाली फुटबलको आगामी दिन विवादबाट गुज्रिने प्रस्ट देखिन्छ।

यद्यपि, फुटबलको एक्लो हर्ताकर्ता मानिने थापाको यो भनाइलाई एन्फाका अन्य पदाधिकारीहरूले निजी विचार भनेका छन्। तर, २०६३ सालको 'बी' डिभिजन लिग सञ्चालन गर्ने सम्बन्धमा चैतको पहिलो साता बितिसक्दा पनि अहिलेसम्म कुनै निर्णय नहुनुले यो वर्ष 'बी' डिभिजन लिग हुने कुरामा एन्फाकै पदाधिकारीहरू विश्वस्त छैनन्। त्यसमा पनि दुई साताअघि २०६३ सालको 'ए' डिभिजन लिग चार महिना लगाएर सम्पन्न गराएको एन्फा अहिले जुनियर लिग गराउन व्यस्त देखिएको छ।

गत वर्ष एन्फाले लिगलाई व्यवस्थित गर्ने सम्बन्धमा 'सी' डिभिजन र 'बी' डिभिजनको लिग भएपछि मात्र 'ए' डिभिजन लिग गराउने नियम बनाएको थियो। विवादलाई थाती राख्दै एन्फाले 'बी' डिभिजन क्लबहरूका पदाधिकारीमाझ 'फुटाउ र राज गर' भन्ने मान्यता अघि सार्दै उनीहरूको माग सम्बोधन नै नगरी यो वर्ष 'सी' डिभिजनबाट एकैपल्ट 'ए' डिभिजन लिग सम्पन्न गराएको छ। १८ बुँदा अघि सार्दै साउन २ गतेदेखि आन्दोलनमा उत्रिएका दसवटा 'बी' डिभिजन क्लबमध्ये अहिले तीनवटा क्लब (काठमाडौं क्लब, बाँसबारी र टुसाल) एन्फा अध्यक्ष गणेश थापाको क्याम्पमा छिरिसकेका छन्।

'हाम्रा माग लत्याएर एन्फा अगाडि बढ्यो भने नेपाली फुटबलका लागि त्योभन्दा दुःखद दिन अरू हुनेछैन', एन्फाका पूर्व कोषाध्यक्ष तथा आन्दोलनरत युनाइटेड युथ क्लबका अध्यक्ष कृष्णभक्त मानन्धरले *समय*सँग भने। यता एन्फाका सहसचिव धीरेन्द्र प्रधान वार्ताका लागि आन्दोलनरत क्लबहरूलाई ३-४ पल्ट पत्र पठाए पनि क्लबहरूले कुनै चासो नलिएको दाबी गर्छन्। उनी क्लबहरूले राखेको मागको सम्बन्धमा सत्रवटा बुँदासम्म कुरा गर्न सकिने, तर त्यसका लागि क्लबहरूले अठारौं बुँदाको


युनाइटेड युथ क्लबका अध्यक्ष कृष्णभक्त मानन्धर

तस्बिरहरू : समय

अडान छोड्नु पर्ने बताउँछन्। 'अठारौं बुँदा छोडेर उहाँहरू आउनुभयो भने सत्रौं बुँदासम्म कुरा हुन सक्छ', उनले *समय*सँग भने।

तर, मानन्धर दसवटा क्लबहरूले राखेको जायज माग पूरा गर्नभन्दा पनि एन्फा नेतृत्व क्लबहरूको एकता भंग गर्ने फोहरी खेलमा लागेको दाबी गर्छन्। 'पहिले त एन्फाले क्लबहरूलाई लडाउने र भिडाउने फोहरी काम बन्द गर्नु पर्‍यो। त्यसपछि क्लबको अधिकार सुनिश्चित हुनु पर्‍यो। संघको हिसाब पारदर्शी हुनु पर्‍यो', आफ्नो मागको विषयमा मानन्धर भन्छन्। उनी पौष ७ गते एन्फाले पठाएको धम्कीपूर्ण पत्र देखाउँदै भन्छन्, '६ महिनासम्म चुइँक्क पनि नबोलेको एन्फाले एकैपल्ट लिगमा भाग नलिए 'सी'मा झारिदिन्छु भन्ने ब्यहोराको पत्र पठाउनु खेदपूर्ण छ।' ■


म्याराथनमा सहभागी धावकहरू

## रमाइलोका लागि म्याराथन

'**रमाइलोका लागि** दौड' भन्ने मूल नाराका साथ गत साता (चैत ३ गते) काठमाडौंमा भएको एनआइबिएल म्याराथन-२००७ को उपाधि नेपालका चिरपरिचित धावक अर्जुनप्रसाद ढकाल र कान्छीमाया कोजूले जितेका छन्।

नेपाल इन्भेस्टमेन्ट बैंकको आयोजनामा कुल ३ हजार प्रतियोगी समावेश यो प्रतियोगिताको व्यवसायिकतर्फको उपाधि महेन्द्र पुलिस क्लबका अर्जुनले जिते। उनले २१ किलोमिटर दूरी १ घन्टा नौ मिनेट ३२ सेकेन्डमा पूरा गरे। कोजूले महिलातर्फ १० किलोमिटर दूरी ३८ मिनेट ४२ दशमलव ९९ सेकेन्डमा पूरा गरिन्।

विभिन्न आठ विधामा पुरस्कृत गरिएको प्रतियोगितामा २१ किलोमिटर एम्योच्योरतर्फ लक्ष्मण मल्ल पहिलो भए। यही प्रतिस्पर्धामा विदेशीतर्फ डिरेक कुगनले उपाधि जिते। वित्तीयसंस्थामा कार्यरत कर्मचारीहरूमा पुरुषतर्फ भीम अवालेले सबैलाई उछिने। महिलातर्फ कल्पना सुवेदी पहिलो भइन्। स्कुले छात्रतर्फ दीपक देसल र छात्रातर्फ वृन्दा श्रेष्ठ प्रथम भए। ४० वर्षमाथि र ५० वर्षमुनिसम्मको १० किलोमिटर प्रतिस्पर्धामा महेन्द्रमान महर्जन प्रथम भए। ५० देखि ६० वर्षसम्मको स्पर्धामा शिवकुमार लामाले उपाधि जिते। ६० वर्षमाथिको दौडमा रविराज थापा पहिलो भए। शारीरिक अशक्तहरूको दौडमा तुल्सी बाँस्कोटाले पहिलो स्थान ओगटे।

कुल पाँच लाख धनराशि पुरस्कार भएको यो प्रतियोगिताको मुख्य लक्ष्य ऐतिहासिक पाटनदरबार संरक्षणका लागि २५ लाख संकलन गर्नु थियो। 'दौडमा सहभागी हुने सबैलाई आभारी दिन चाहन्छौं। हामीले लक्ष्यअनुसारको रकम संकलन गर्‍यौं', नेपाल इन्भेस्टमेन्टका म्यानेजर मन्जु बस्नेतले भनिन्। बैंकका अनुसार दौडबाट संकलन भएको राशिबराबरको थप रकम वर्ल्ड मोनुमेन्ट्स फन्डले उपलब्ध गराउने भएको छ। 'यो दुवै रकम संकलन गरेर ५० लाख रुपैयाँ पाटनदरबारको सुन्दरीचोक पुनर्निर्माण समितिलाई उपलब्ध गराउँछौं', उनले भनिन्। ■

# अप्रत्याशित क्रिकेट



क्रिकेटले लियो ज्यान : बब उल्मर

**क्रिकेट खेलको** सबैभन्दा ठूलो गुण भनेको नै अप्रत्यासित नतिजा हो । गत आठ वर्षमा क्रिकेटको यो मान्यतालाई कुनै एक देशले चुनौती दिँदै आइरहेको छ भने त्यो देश हो, अस्ट्रेलिया । सन् १९९९ र २००३ को विश्वकपमा लगातार कब्जा जमाएपछि अहिले अन्तर्राष्ट्रिय क्रिकेटमा अस्ट्रेलियाको दबदबा कायम छ । त्यसै कारण पनि होला वेष्ट इन्डिजमा सञ्चालन भइरहेको नवौं विश्वकप क्रिकेटको दाबेदारको रुपमा फेरि पनि अस्ट्रेलियाको सम्भावनालाई खेलप्रेमी तथा विज्ञहरूले स्विकारेका छन् ।

विश्वकपमा सहभागी हुन क्यारेबियन महाद्वीप आइपुग्नुअघि दक्षिण अफ्रिका र न्युजिल्यान्डबाट गतिलो पराजय बेहोरेको अस्ट्रेलियाले अहिले दक्षिण अफ्रिकाबाट गुमाएको एक दिवसीय राष्ट्रको नम्बर एक स्थान फेरि प्राप्त गर्ने महत्त्वाकांक्षा पालेको मात्र छैन, लगातार तेस्रोपल्ट विश्वकप जितेर ह्याट्रिक गर्ने अभियानमा पनि कस्सिएर लागेको छ । यही अभियानअन्तर्गत अस्ट्रेलिया विश्वकप क्रिकेटको अन्तिम आठ समूहमा समावेश भइसकेको छ । यद्यपि, विगतका विश्वकपमा कुनै पनि टोलीलाई आफ्नो अगाडि राम्रोसँग उभिन नदिएको परिप्रेक्ष्यमा यसपालिको विश्वकपमा कमजोर मानिएका देशहरूको उत्कृष्ट प्रदर्शन र अप्रत्यासित नतिजाले अस्ट्रेलियाको तेस्रोपल्ट विश्वकप जित्ने अभियानलाई प्रभावित पार्ने देखिएको छ ।

विश्वकपका समूहगत खेलहरू समाप्तिको संघारमा पुगिसकेका छन् । त्यसमा अस्ट्रेलियासँगै समूह 'क'मा रहेको दक्षिण अफ्रिका अन्तिम आठमा समावेश भइसकेको छ । समूह 'ग'बाट न्युजिल्यान्ड अर्को चरणमा समावेश भइसकेको छ भने समूह 'घ'बाट वेष्ट इन्डिजले अन्तिम आठमा आफ्नो स्थान सुरक्षित पारिसकेको छ । वेष्ट इन्डिजको समूहमा रहेको सन् १९९२ को विश्व च्याम्पियन पाकिस्तान आयरल्यान्डसँग दोस्रो खेलको अप्रत्यासित नतिजापछि विश्वकपबाट बाहिरिसकेको छ । यो नतिजाका कारण अन्तर्राष्ट्रिय क्रिकेटलाई नै स्तब्ध पार्ने घटनाको रुपमा पाकिस्तानका अंग्रेज प्रशिक्षक बब उल्मरको निधन भएको छ । यद्यपि, उनको निधनलाई शंकाको



तस्वीर : एजेन्सीहरू

न्युजिल्यान्डका डेनियल भिटोरी आउटको अपिल गर्दै ।

रूपमा हेरिएको छ । पाकिस्तानका कप्तान इन्जमाम उल हकलगायत पाकिस्तानी क्रिकेट बोर्डका प्रमुख नसिम असरफले पदबाट राजीनामा दिएका छन् । पाकिस्तानी क्रिकेट बोर्डको छनोट समिति भंग गरिएको छ । यो समूहमा पाकिस्तान अप्रत्यासितरुपमा बाहिरिएपछि आयरल्यान्ड र जिम्बाबेमध्ये एक टोलीको अघिल्लो चरणमा जाने बाटो खुलेको छ ।

समूह 'ख'मा बंगलादेशको गतिलो प्रदर्शनका कारण अन्तर्राष्ट्रिय प्रतियोगिताको लामो अनुभव बटुलेका विश्व च्याम्पियन भारत र श्रीलंका एउटै समूहबाट दोस्रो चरणमा समावेश हुने सम्भावना कमजोर बन्न पुगेको छ । बंगलादेशले अप्रत्यासित नतिजाको रुपमा पहिलो खेलमै भारतलाई ३ विकेटले पराजित गरेको थियो । यद्यपि, भारतले दोस्रो खेलमा विश्वकपको सबैभन्दा सानो देश बर्मुडालाई अन्तर्राष्ट्रिय क्रिकेटमा अहिलेसम्मकै सर्वाधिक कुल योगफल (४१३/५) बनाउँदै पराजित गरे पनि बंगलादेशसँगको हारले यो देशको अन्तिम आठमा समावेश हुने सम्भावना कमजोर बनाएको छ । भारतले अन्तिम आठमा प्रवेश पाउन अन्तिम खेलमा श्रीलंकालाई हराउनु पर्ने बाध्यात्मक स्थिति सृजना भइसकेको छ । यो विश्वकपमा अनुशासनको कारबाहीमा इङ्ल्यान्डका स्टार अलराउन्डर एन्ड्रयु फ्लिन्टफ परेका छन् । न्युजिल्यान्डसँगको पहिलो खेलमा पराजित भएपछि राति अत्यधिक मदिरा सेवन गरेका फ्लिन्टफ आफूले हकाएको 'पेडल बोर्ट'बाट पानीमा खसेका थिए । उनको उपकप्तान पद इङ्ल्यान्ड तथा वेल्स क्रिकेट बोर्डले खोसेको छ भने उनलाई क्यानडासँगको दोस्रो खेलमा दण्डस्वरुप टोलीमा समावेश गरिएन । उनीसँगै राति बम्म पार्टीमा बसेका जेम्स एन्डरसन, इयान बेल, वोन लुइस, पाउल निक्सन र लिआम प्लुङ्केटलाई आर्थिक जरिवाना गरिएको छ । यो घटनामा इङ्ल्यान्डका प्रशिक्षकद्वय केभिन साइन र जेरेमी स्न्यापलाई पनि जरिवाना गरिएको थियो । ■




मिस्टर धरानहरू

# गठिला मुक्ति

## तेह्रौं मिस्टर धरान शारीरिक सुगठन प्रतियोगितामा मुक्तिराज राईले पहिलो उपाधि हात पारेका छन् ।

**धरानमा** एक साताभित्र दुईवटा शारीरिक सुगठन प्रतियोगिताको आयोजना भएको छ । गत चैत ४ गते तेह्रौं मिस्टर धरान प्रतियोगिता सकिएको छ भने आगामी चैत १० गते अर्को राष्ट्रियस्तरको प्रतियोगिता हुँदै छ ।

धरान शारीरिक सुगठन संघको आयोजनामा भएको तेह्रौं मिस्टर धरान शारीरिक सुगठन प्रतियोगितामा मुक्तिराज राईले पहिलो उपाधि हात पारेका छन् । फिजिकल फिटनेस सेन्टरसँग सम्बद्ध राईले फाइनलमा १८ जना प्रतिस्पर्धीलाई उछिन्दै तेह्रौं मिस्टर धरानको उपाधि हात पारेका हुन् । ६५ केजी तौल समूहबाट प्रतिस्पर्धा गरेका राईले मिस्टर धरानको उपाधि हात पारेपछि अझ महत्त्वपूर्ण प्रतियोगितामा भाग लिने आत्मविश्वास बढेको बताए ।

२०२७ सालदेखि सुरु भएको मिस्टर धरान बीचमा लामो समय स्थगित भएर केही वर्षयदेखि नियमित रूपमा हुन थालेको हो । पहिलोपटक प्रतियोगिता हुँदा रमेश खनाल मिस्टर धरान भएका थिए । खनालले हासिल गरेको सामाजिक प्रतिष्ठाका कारण पनि शारीरिक सुगठनमा लागेका धरानका धेरै युवा मिस्टर धरान हुने सपना साँचेर दिनहुँ व्यायामशाला धाउँछन् । धरानमा अहिले दर्जनौं व्यायामशाला छन् ।

यस वर्ष तेह्रौं मिस्टर धरानमा अनोज श्रेष्ठ दोस्रो, मनीष लिम्बू तेस्रो र पूर्ण तामाङ चौथो भए । दोस्रो स्थान हात पार्ने अनोज श्रेष्ठले 'मोस्ट मस्कुलर', तेस्रो हुने मनीष लिम्बूले 'मोस्ट इम्प्रुभर'को उपाधि पनि हात पारे । त्यसैगरी सोहन श्रेष्ठले 'बेस्ट पोजर'को उपाधि जिते ।

एघारौं र बाह्रौं मिस्टर धरान प्रतियोगिताको आयोजना गर्ने एलाइनेट जिमले आउँदो चैत १० गते खुला राष्ट्रव्यापी 'मिस्टर बुढासुब्बा' प्रतियोगिताको आयोजना गर्दै छ । मिस्टर बुढासुब्बाको उपाधि हात पार्नेलाई २५ हजार नगद पुरस्कार प्रदान गरिनेछ । त्यसैगरी दोस्रो र तेस्रोलाई क्रमशः १५ र १० हजार रुपैयाँ पुरस्कार राशि राखिएको छ ।

एलाइनेट जिमले 'मिस्टर बुढासुब्बा'मा सयभन्दा बढी खेलाडीले भाग लिने आशा राखेको छ । वीरगन्जमा राष्ट्रव्यापी रुपमा 'मिस्टर हमदर्द' हुँदा असीजनाले भाग लिएको इतिहासको आधारमा एलाइनेटले यस्तो आशा राखेको हो । 'वीरगन्जजस्तो ठाउँमा १५ हजार पुरस्कार राखिएको मिस्टर हमदर्दमा त असीजनाले भाग लिए', एलाइनेट जिमका उपाध्यक्ष राजु तामाङ भन्छन्, 'यसकारण पनि शारीरिक सुगठन फस्टाएको धरानजस्तो सहरमा २५ हजार रुपैयाँ पुरस्कार राखिएको मिस्टर बुढासुब्बामा सयभन्दा बढीले भाग लिन्छन् ।'

मिस्टर बुढासुब्बामा भाग लिनका लागि काठमाडौंको ज्याँठा जिम हलले पनि सम्पर्क गरेको तामाङ बताउँछन् । ज्याँठा जिम हल 'मिस्टर नेपाल'को उपाधि जित्ने खेलाडी उत्पादन गर्ने व्यायामशालाको रुपमा प्रसिद्ध छ । मिस्टर बुढासुब्बामा विगतमा मिस्टर नेपाल भइसकेका खेलाडीहरूले पनि भाग लिन सक्ने तामाङ बताउँछन् ।

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)

# जिल्ला संघ गठन

**नौ वर्षपछि** मोरङ जिल्ला क्रिकेट संघ गठन भएको छ । २०५४ सालदेखि पुरानै कमिटीमा रहेर काम गरिरहेको संघ २४ सदस्यीय नयाँ कार्यसमिति चयन गर्दै गठन भएको छ । जिल्लामा रहेका आठवटा 'ए' डिभिजन क्रिकेट क्लब, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी, व्यापारी, खेल संघसँग सम्बन्धित अन्य निकायका पदाधिकारीहरू, राखेप कार्यालयका सचिव चण्डिका बास्तोला, स्कुल तथा कलेजका प्रतिनिधिहरू समावेश भएको भेलाले नरेश श्रेष्ठलाई अध्यक्ष पदमा मनोनीत गरेको छ ।

बरगाछीस्थित गुराँस पुस्तकालयको सभाकक्षमा भएको भेलाले रविन दाहाललाई सचिव, सुनिल पौडेललाई कोषाध्यक्ष, मोहम्मद साद 'बाबु'लाई उपाध्यक्ष तथा अशोक रेग्मीलाई सह-सचिवमा मनोनीत गरेको छ । गठन भएको जिल्ला संघलाई नेपाल क्रिकेट संघले अनुमोदन गर्न बाँकी रहेको नवनियुक्त जिल्ला संघका अध्यक्ष नरेश श्रेष्ठले बताए । 'जिल्लाको गठनले मोरङमा क्रिकेटको गतिविधि सुचारु गर्न मद्दत मिल्नेछ', श्रेष्ठले समयसँग भने । नौ वर्षअघिको मोरङ जिल्ला क्रिकेट संघको अध्यक्षमा पनि श्रेष्ठ नै थिए ।

# एञ्जल्स विजयी

**नेपालगन्जमा** सञ्चालित छात्रा क्रिकेट प्रतियोगितामा एञ्जल्स माध्यमिक विद्यालय विजयी भएको छ । विगत तीन वर्षदेखि सञ्चालन हुँदै आएको यो प्रतियोगितामा विगतका विजयी विद्यालयहरूलाई हराउँदै यसपालि एञ्जल्सले उपाधि जितेको हो । महिला क्रिकेटका कारण एसियाली क्रिकेट महासंघ (एसिसी)बाट समेत सम्मानित भएको बाँके क्रिकेट संघले आयोजनामा गरेको प्रतियोगिताको फाइनलमा एञ्जल्सले सूर्योदय माविलाई हराएको थियो ।

प्रतियोगितामा विगतका विजयी समूह तथा क्रिकेटको राम्रो मानिएका विद्यालयहरूले राम्रो प्रदर्शन गर्न सकेनन् । विगतमा टेनिस बलबाट सञ्चालन गरिएको प्रतियोगितामा यसपालि भने लेदर बल प्रयोग गरिएको थियो । बाँकेका १५ माध्यमिक तथा उच्च माध्यमिक विद्यालयमा अध्ययन गर्ने छात्राहरूले प्रतियोगितामा भाग लिएका थिए ।

■ **रुद्र खड्का/नेपालगन्ज**

**भोलि लेखिने संविधानका लागि हुन गइरहेको चुनावमा राजनीतिक दलहरूले खेलकुदलाई पनि महत्त्व दिऊन् भन्न आपसी अन्तरक्रिया पनि चलाउनु पर्छ । जहिले पनि अल्पकालीन सोच राखेर पद मात्रै ओगट्ने रणनीतिमा खेलसँग सम्बन्धित क्षेत्र आपसी विवादमा रमाइरहने हो भने यसको असफलताको जिम्मेवारी लिन पनि तयार रहनु पर्छ ।**



सुधीर अर्ज्याल

# कहीं नभएको जात्रा खेलकुदमा

**जनआन्दोलन-२** को सफलतापश्चात् माओवादीसहितको आठ दलको सरकार बनेपछि जेठमा संविधानसभाको चुनावमा जाने सर्वपक्षीय सहमतिले अन्य क्षेत्रझैं खेलकुदमा पनि नयाँ परिवर्तन आउने आशामा खेलप्रेमीहरू थिए । तर, नयाँ सरकार नबन्दै खेल क्षेत्रमा भइरहेको गतिविधिलाई हेर्दा यस क्षेत्रका हर्ताकर्ताहरू 'मौकामा चौका' हान्ने दाउमा लागि रहेको भान पर्छ ।

आफ्नो कार्यकाल नै निश्चित नभएको राष्ट्रिय खेलकुद परिषद् एकातिर भिजन-२०२० जारी गर्छ भने अर्कोतिर खेल संघहरूको प्रजातान्त्रिक ढंगले निर्वाचन नभइसकेको अवस्थामा नेपाल ओलम्पिक कमिटी चुनावी 'च्याँखे दाउ' जिते भन्ने आत्मरतिमा रमाइरहेको छ । यसबाहेक कुनै जिल्ला एवं क्षेत्रीय खेल गतिविधि गर्न नसकेको परिषद्मा बढुवाको विवादलाई लिएर तालाबन्दीको थप जुहारी चलिरहेको छ । अल्पकालमा जसलाई जे गर्दा फाइदा हुन्छ, त्यसरी नै काठमाडौंको खेल क्षेत्र अहिले 'धमिलो पानीमा माछा मार्ने' गतिविधिमा व्यस्त छ ।

सर्वपक्षीय सहमतिमा संविधानसभाको चुनाव गराउन नयाँ सरकार गठन हुने प्रक्रियालाई नपर्खी खेल क्षेत्रका नेतृत्वकर्ताहरू आफ्नो स्थान सुरक्षित गराउने हतारमा लागेको देख्दा उनीहरूमा दीर्घकालीन सोचको अभाव रहेको महसुस प्रस्ट झल्कन्छ । विना सार्वजनिक सूचना जारी गरी केन्द्रीकृत रुपमा बढुवा गर्नु, नयाँ सरकार गठन भएपछि त्यसको विश्वास लिएर अघि बढ्नुको साटो भिजन-२०२० जारी गर्नु, कर्मचारी र प्रशिक्षकहरूले काम नपाएर घाम ताप्नु परिरहेको सन्दर्भमा करारमा थप कर्मचारी भर्ना गर्नु आदिले परिषद्को अनावश्यक हतारो पुष्टि गर्दछ । त्यसै गरी जिल्ला र क्षेत्रमा कुनै संगठन अथवा निर्वाचन नगरी कर्मचारी हकहितका लागि भनेर आफूखुसी संघहरू गठन र पुनर्गठन भइरहेका छन् । मोफसलमै रहेर काम गरेको कारणले बढुवामा नपरेका कर्मचारीहरूको हकहितको लागि आवाज उठाउनुको सट्टा सबैजना केन्द्रमै बसेर तालाबन्दीको जुहारी खेलिरहेका छन् । यिनै हतारोको शृंखलामा नेपाल ओलम्पिक कमिटीको आफूखुसी सम्पन्न कथित चुनावको 'महा-हतारो' ले त सबै सीमा पार गरेको छ । वास्तवमा नेतृत्ववर्गमा रहेकाहरू अहिले जरामा पानी हालेर खेलरुपी रुख हुर्काउनुको साटो टुप्पामा पानी हालेर खेलक्षेत्र हराभरा रहेको क्षणिक भ्रमको खेती गर्न व्यस्त देखिन्छन् ।

राष्ट्रिय खेलकुद परिषद्ले गरेको कर्मचारी बढुवा विवादको बारेमा कतिसम्म लेखिइसकेको छ भने त्यसबारे थप लेख्नु भनेको कलम र मसीको बरबादी मात्र हो । असारमा गठन भएको परिषद्ले अहिलेसम्म विधानअनुसारको जिल्ला र क्षेत्र गठन गर्न नभ्याउने, प्रतियोगिताको नाउँमा सिन्को पनि नभाँच्ने अनि कामै नभएको बेला कर्मचारी सरुवा गर्ने अनुत्पादक शैलीले यसको औचित्यमाथि प्रश्न उठाउने बेला आइसकेको छ । केन्द्रमा भएको दोहोरो तालाबन्दी खुलाउन मन्त्रीसम्मले पहल गर्ने तर आफू अन्यायमा परेको भनी मोफसलमा भएको तालाबन्दीमा कानमा तेल हालेर बस्ने परिषद्को नाम काठमाडौं खेलकुद परिषद् किन नराख्ने ?

कर्मचारी प्रशिक्षकहरूको हकहितको लागि आजको प्रजातान्त्रिक युगमा आवाज उठाउन अवश्य पनि पाइन्छ । तर, काठमाडौंलाई मात्र केन्द्र बनाएर मोफसलका प्रशिक्षक, कर्मचारीको समस्यालाई ध्यान नदिने प्रवृत्तिलाई कसरी सकारात्मक मान्ने ?


वर्तमान राजनीतिक अन्योलले गर्दा धमिलिएको खेल वातावरणमा माछा मार्ने दाउ लिएर नयाँ पात्रको रुपमा नेपाल ओलम्पिक कमिटी अगाडि आएको छ । नेपाल ओलम्पिक कमिटीले त झन् आफ्नो बाँसबारीस्थित मुख्यालयमा बोर्ड लट्काउने र अन्तर्राष्ट्रिय सहभागिताको बेला 'एक्रिडेसन कार्ड' बनाउने बाहेक गरेको कामको विवरण दूरवीनबाट हेर्नु पर्ने अवस्था छ । वर्तमान तरल राजनीतिक अवस्थाको मौका छोपी नेपाल ओलम्पिक कमिटीले एक साताको समय राखी कोठे चुनाव गराउने पुरानै परम्परा यसपालि पनि कायम राखेको छ । के आधारमा क्षेत्रीयस्तरबाट आउने प्रतिनिधिहरूको व्यवस्था, महिलाको प्रतिनिधित्व र ओलम्पियनबाट प्रतिनिधित्व हुने व्यवस्था हटाइयो भन्ने प्रश्नको जवाफ कसले दिने ? यदि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले यस्तो व्यवस्था गरेको हो भने यस्तो अप्रजातान्त्रिक संशोधनविरुद्ध किन आवाज उठाइएन । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीमा ओलम्पिक खेलाडीहरूबाट चुनावमा प्रतिनिधित्व गराइन्छ । तर, नेपालमा त्यस्तो प्रावधान नै नराख्ने दोहोरो मापदण्ड कसरी अपनाइयो ।

होइन, शाही शसनकालमा 'सबै माथिको' आदेश भनेझैं ओलम्पिक चुनावमा पनि विदेशीकै आदेश भन्ने हो भने नेपाल ओलम्पिक कमिटीको प्रधानकार्यालय पनि यहाँबाट सारेर स्विजरल्यान्ड लगे हुन्छ । त्यसो भएमा यहाँका खेलप्रेमीहरूले यसलाई डलरमा रमाउने एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था भनेर चर्चा गर्न छाड्नेछन । प्रश्न किशोरबहादुर, ध्रुवबहादुर, उपेन्द्रकेशरी अथवा जीवनरामको हारजितको होइन, यो मुलुकमा खेलकुद क्षेत्रमा प्रजातान्त्रिक एवं पारदर्शी पद्धतिको विकास हुने कि नहुने भन्ने हो । जसलाई जुन संघबाट कुनै बैठकविना आफूखुसी प्रतिनिधि बनाएर ल्यायो अनि जसले धम्कीको राजनीति गऱ्यो, त्यसलाई पुरस्कृत गर्दै पद थमाउने परिपाटी लागू गर्दै हामीले खेल क्षेत्रमा कुन पद्धति स्थापित गर्न खोजेका छौं ? यो प्रश्नको जवाफ कसले दिने ? ओलम्पिक कमिटीको वर्तमान नेतृत्वले, राष्ट्रिय खेलकुद परिषद्को नेतृत्वले वा शिक्षासँगै खेलकुद सम्हालेर बसेका मन्त्री डा. मंगलसिद्धि मानन्धरले ? त्यसमाथि, कानुनी राज्यको खिल्ली उडाउँदै भएको चुनावमा विदेशी प्रतिनिधिले 'हामीलाई कुनै कानुन लाग्दैन' भन्नेसम्मको गैर जिम्मेवारीपूर्ण अभिव्यक्ति दिएर जाँदा हाम्रो शिर लाजले निहुरिनुको साटो झन् कृतज्ञ भएको देख्दा कुन स्वाभिमानी खेलप्रेमीको चित्त नदुखेको होला ?

यथार्थपरक भएर भन्ने हो भने, अन्तरिम संविधान संशोधनबाट राज्यको पुनर्संरचना, संघीय शासनप्रणाली, सबै अंगमा समानुपातिक समावेशी प्रतिनिधित्व जस्ता प्रावधान थपिसकेको परिप्रेक्ष्यमा नेपालका खेलकुदसँग सम्बन्धित निकायहरू अलग रहन सक्तैनन् । माथि उल्लेखित आधारभूत कुरा खेलकुद क्षेत्रमा कसरी समावेश गर्ने भन्ने विषयमा खेलकुदको विकास गर्ने जिम्मा पाएका परिषद्, ओलम्पिक कमिटी, खेलसंघ एवं कर्मचारी संघहरू आपसी छलफल, बहस आदिमा नलागेको देख्दा दुःख लाग्छ । यसले भोलिको नयाँ नेपालमा खेलकुद क्षेत्र अपर्याप्त तयारीले फेरि पछाडि धकेलिने निश्चित छ । भोलि लेखिने संविधानका लागि हुन गइरहेको चुनावमा राजनीतिक दलहरूले खेलकुदलाई पनि महत्त्व दिऊन् भन्न आपसी अन्तरक्रिया पनि चलाउनु पर्छ । होइन, जहिले पनि अल्पकालीन सोच राखेर पद मात्रै ओगट्ने रणनीतिमा खेलसँग सम्बन्धित क्षेत्र आपसी विवादमा रमाइरहने हो भने यसको असफलताको जिम्मेवारी लिन पनि तयार रहनु पर्छ । अहिलेको समय पदका लागि आपसी विवाद गरेर केन्द्रमा बसेर तमासा गर्ने होइन । यो बदलिँदो परिप्रेक्ष्यमा समग्र नेपालमा खेलकुद क्षेत्रको विकास कसरी गर्ने भन्ने चिन्तन गर्ने समय हो ।

*(लेखक राखेपका पूर्व सदस्य हुन् ।)*

# उत्तरी गोलार्द्ध घुमेपछि




**स्कुल पढ्दाखेरि** नै साहित्यकार हेमराज पहारीले भूगोल शिक्षकबाट अमेरिकाको बारेमा धेरै कुरा सुनेका थिए । अमेरिका अत्यधिक सुविधा सम्पन्न छ रे, शिक्षा, स्वास्थ्य, सञ्चारलगायत क्षेत्रमा त्यहाँ अभूतपूर्व प्रगति छ रे । यस्तै आकर्षक विषयले साहित्यकार पहारीलाई त्यस बेलादेखि नै अमेरिका मोह पलाएको थियो । प्रथम श्रेणीमा एसएलसी पास गरेपछि पनि प्लान पाएर विदेश जान पाइएला कि भन्ने झिनो आशा पनि नभएको होइन, तर परिस्थितिवश मुलुकमै आइएस्सी गर्नुपर्ने वातावरण सिर्जना भएपछि त्यो पनि योजनामै सीमित रह्यो ।

अमृत क्याम्पसबाट आइएस्सी गरेपछि आफूले पढेको मल्टीपर्पस हाइस्कुलमा शिक्षकको रुपमा काम गरे, उनले । त्यस बेला मल्टीपर्पस हाइस्कुलबाट शिक्षकलाई तालिमका लागि अमेरिका पठाइन्थ्यो । त्यही लोभले गर्दा उनले त्यहाँ मास्टरी गर्ने विचार गरेका थिए । उनले त्यहाँ मास्टरी गर्न सुरु पनि गरे, त्यही सालबाट शिक्षकलाई तालिमका लागि अमेरिका पठाउने प्रक्रिया बन्द भयो । यसले हेमराजलाई केही मात्रामा मानसिक आघात पार्‍यो । तैपनि उनी अमेरिका जानका लागि पहलकदमी गर्न पछि हटेनन् ।

पोखरा आएका अमेरिकी प्याट्रिक ह्यारिसनसँग प्रगाढ मित्रता कायम भएपछि आखिरमा उनको अमेरिका जाने सफल साकार भयो । हेमराजले त ३० वर्षअघि अमेरिका जाने अवसर प्राप्त गरे । त्यहाँ अवधिमा उनी युरोप, जापानसमेत घुम्ने अवसर प्राप्त गरे । आफ्नो समुद्रपार यात्राका वृत्तान्त समेटेर उनले भर्खरैमात्र 'उत्तरी गोलार्द्धको एक फन्को' नाम किताब सार्वजनिक गरेका छन् ।

समुद्रपार यात्राका क्रममा जर्मनी, हल्यान्ड, बेलायत हुँदै अमेरिकाबाट फर्कने क्रममा जापानमा बिताएका क्षणलाई पहारीले लोभलाग्दो तरीकाले किताबमा पस्केका छन् । अमेरिकामा सबैभन्दा बढी समय बिताएकोले गर्दा होला, किताबका सबैभन्दा बढी पृष्ठ अमेरिकाकै चर्चा परिचर्चामा खर्च गरेका छन् । अमेरिकी शिक्षणसंस्था, चाडवाड, सुरक्षाव्यवस्था, देहव्यापार, चुनावलगायत विभिन्न पक्षहरूको बारेमा पहारीले किताबमा विस्तृत रुपमा वर्णन गरेका छन् । 'अमेरिका बसूँ कि नबसूँ ?'मा उनले लेखेका छन्, 'आफ्ना प्रतिभालाई अड्याएर राख्न नराख्ने राष्ट्रको जयजयकार गर्दै एकबारको जुनीमा नारकीय जीवन बिताउन को चाहन्छ ? गाउँको मान्छे आफ्नो जन्मथलो छाडेर सहरमा बस्न हुने भएपछि सहरको मान्छे पनि आफ्नो जन्मथलो छाडेर विदेशिन किन नहुने ? आखिर सुखसुविधा र अवसर त सबैलाई चाहिँदो रहेछ । तसर्थ, मैले अमेरिकामै बस्ने निर्णय गरेँ । मेरो डोलायमान भइरहेको मन बल्ल स्थिर भयो ।'

अमेरिका घुम्दा पहारीले अनुभूति गरेका कुरालाई मार्मिकरुपमा चित्रण गरेका छन् । यान्त्रिक जीवनले गर्दा एकोहोरो भइरहेको अमेरिकी जीवनका विभिन्न आयाम केलाएका छन् । बढ्दो पारिवारिक विग्रहले गर्दा एकान्तिक बन्दै गएको त्यहाँको बुढ्यौलीको चित्र उतारेका छन्, उनले । यसका साथै भौतिकताको पराकाष्ठाले गर्दा अमेरिकामा बढ्दो आत्महत्याको शृंखलाको प्रसंग पनि ल्याएका छन् । 'अमेरिकी मानसिकता'मा उनी लेख्छन्, 'एक्लाएक्लै बस्न सक्ने र घुमफिर गर्ने कुरामा पश्चिमाहरू जतिसुकै अभ्यस्त भए पनि उनीहरू प्रशस्त मात्रामा एकलोपनका सिकार पनि भइरहेका हुन्छन् । १२-१३ वर्षको कलिलो बच्चाले पनि आत्महत्या गर्छ । कतिपय एकला मानिस घरभित्रै उपचार नपाएर मरेको कुरा छिमेकीलाई पनि थाहा हुन्न ।'

किताबको परिशिष्टमा दुवै गोलार्द्ध, मध्यअमेरिका, दक्षिण अमेरिका, अफ्रिका, अस्ट्रेलियालगायत मुलुकको नक्सा राखिएको छ ।

पछिल्लो समयमा यात्रानिबन्धको क्षेत्रमा प्रकाशन भएका किताबमध्ये यो सरल भाषामा लेखिएको पठनीय कृति हो । निबन्ध पढ्न सुरु गरेपछि छोड्न मन लाग्दैन, पाठकलाई तानिरहन्छन् निबन्धले । किताब कतिपय प्रसंग दोहोरिएका पनि छन्, कहीँकहीँ सम्पादनको पनि अभाव खट्किन्छ । पहारीको निबन्धकारिताबारे डा. दीनबन्धु शर्मा लेख्छन्, 'सलल बगेको शुद्ध भाषा र कतिपय विदेशी भाषाका शब्दहरूको अनुवाद गर्ने लेखकको आफ्नो नूतन शैलीले पनि निबन्धहरूलाई पठनीय बनाएका छन् ।'

■ छत्र कार्की



किताब : दुई खोलीको मुहान
लेखक : विष्णुप्रसाद पौडेल
पृष्ठ : ५५
मूल्य : रु ७५।-
प्रकाशक : सूर्य गौतम




किताब : किन... ?
लेखक : विश्वरमण न्यौपाने
पृष्ठ : ९६
मूल्य : रु ७५।-
प्रकाशक : यात्रा नेपाल




किताब : अपरिभाषित
अनुवादक: शैलेन्द्रप्रकाश नेपाल
पृष्ठ : १३६
मूल्य : रु ६५।-
प्रकाशक : रत्न पुस्तक भण्डार



किताब : काठमाडौं उपत्यकाका विष्णुविभव मूर्ति र चित्रहरू
लेखक : डा. वीणा पौड्याल
पृष्ठ : २०६
मूल्य : रु २००।-
प्रकाशक : नेपाल र एशियाली अनुसन्धान केन्द्र



# सिनामको लाटो



■ युवराज नयाँघरे

**हतियारको उन्माद धेरै चम्कियो। सबथोक बिलायो। मान्छेले हाँसो हेर्न खुब खोजे। सिनाम त झन् आकुल। किनभने नहुने कुरो भयो त्यहाँ।**

**कुरो ठूलो थियो।** कुरो दुःखद थियो। थुप्रै नहुने क्रममा त्यो भयो र त्यसले पायो चर्चा। घटनाले वरपर खुबै स्थान पायो। हरेक नयाँ सन्दर्भमा पनि त्यो पुरानिएन। नयाँ-नयाँ ढंगमा देखियो। हार्नेहरू भनिरहेथे- नजितेको पो त!

मान्छेहरू मारिने र मार्ने क्रम जारी छ।

रिसले नयाँ-नयाँ जामा पहिरेको छ र हजार जिब्रो लपलपाएर पोखेको छ आफूलाई। नेपाली कागजमा तयारी मुचुल्का थियो, तयारी साक्षी बस्नेका नाउँ थिए।

म द्वन्द्वले बेस्सरी थला परेको कुरा गर्दै छु। बोली सुनेर बहिष्कार गर्नु बेग्लै कुरा हो। विचारकै बेवास्ता गर्नु पनि अर्को तर्क हो। तर बोली थाहा नपाए पनि कोही मारिनु-सत्ता, समय र शासकहरूको यो कस्तो क्रूरता हो?

मलाई निल्न, खोज्छ यो कुराले।

जंगलको हुंकार छ।

सत्ताको दम्भ छ झन् चर्को।

धेरै मान्छेहरू असमानताको विरुद्धमा अनेक आवाजमा ओर्लिएका छन्। सीमाको कुनै अंकन छैन। तारबार, तारघेरा र निषेधका चुकुल फ्याँकेर, भत्काएर मान्छेले बस्तीदेखि आवाज घन्काए। प्लेकार्ड, ब्यानर र भित्तेलेखनमा लगभग प्रतियोगिताको लहरै ल्याए।

पहाडको एउटा गाउँ हो- सिनाम।

चट्टानमा अरू दुःख र सामन्तीका पुराना ट्वारट्वारे आवाजले ब्यूँझँदै-मर्दै गरेको एउटा गाउँ, सिनाम।

ताप्लेजुङको बस्ती यो।

देशभरि छन्- लडिरहेका छाती र गर्विला स्वरहरूको दबदबा। दबाउन खोज्ने बन्दुक र रगत छादी-छादी मरेका मान्छेको सूची पनि म गन्न भ्याइरहेको छैन।

जताततै त्यो सूचीलाई महत्त्व नदिएर बन्दुकको अनुहार अझ बलेको छ धपक्क।

रगत खाएको बाघले मान्छेको रगत मात्र खोज्छ। तर तरबार चलाउन पल्केको मान्छेले साराको घरबारदेखि मनबारसम्म उजाड्न खोज्दो रै'छ। दुई हजार अन्ठाउन्नपछि एउटा पुरानो धडधडीमा बाँचेको कालचस्मेले देशभरि त्यस्तै गऱ्यो, त्यही गऱ्यो।

तल धेरै तल काबेली बग्छ।

त्यसका छालमा बस्तीका थुप्रै सपनाहरूले हेरे आफ्नो अनुहार। जताततै अहंकारले जिब्रो लपलपाएर बन्दुक मात्र बोल्थ्यो। वन, भीर, बजार र बेंसीभरि मानिसका अनुहार कोपरिन्थे र विद्रोहीका लाममा उभ्याइन्थे।

सिनामबाटै उकालीमा एक वृद्धले लट्ठीमा अडेसिएर बोले-

'बाबु, कोही माओवादी हुन्छ भने उसको मर्जी! तर हुँदै नभएको मान्छेलाई तँ त्यही होस् भन्ने बनाएर मार्नु काँसम्मको बेइमानी यो!'

दाह्री भ्याप्प पालेका नातिले पत्रिका सेन्सर गराउन सदरमुकाम जाँदै गर्दा विद्रोहीको फत्तुर पाएर तारिख धाएको कुरो बताए चार कोरी उमेर खाएका बूढाले।

मान्छेका आँखामा आँसु धेरै अघि सकिएथे। बिहानदेखि अबेलासम्म रुनु परेपछि आँखाबाट कसरी बर्सन्छ आँसु। सिनाममा अहिले त्यही भइरहेथ्यो। जताततै नहुने कुरो भएकोमा सारा चिन्ताको चाङ थुप्रिएथ्यो त्यो बस्तीमा।

चहऱ्याएका आँत थिए। पटपटी फुटेका हातहरू थिए। थिल्थिलो भएको शरीरले नयाँ अत्याचार र दमनका लबटा खाएका खाएकै थिए। सिनामसँग कहने नौलो घाउ थिएन-पुरानै रुवाबासी र व्यथाको बगाल थियो।

'भालेका डाकमा सेना पसेर बस्तीको धान लुटियो!'

'यस्ता जुत्ता लानु हुन्न। जंगलका मान्छेलाई सघाउँछौ तिमीहरू!'

'यो मोटो खसी नदिए-तिमीहरूको च्याँसे गर्धन भाँचिन्छ!'

सिनामको यो खबर सहर पुग्न सक्तैन। किनभने उकालो र ओह्रालो। देशले खेपेको ओह्राली यहाँ पनि छ, त्यहाँ पनि छ। देशले बनाएको नक्कली उकालो यहाँ पनि छ, त्यहाँ पनि छ।

बत्ती निभ्छ, झमक्क साँझमा।

'यस्तो किन?'

मैले सोधेको थिएँ।

'उज्यालो देखेपछि खानतलासीको निहुँमा घर पसी सबथोक लुट्छन्।'

म हाम्रा रक्षकहरूको उज्यालो पुरुषार्थ सुनिरहेको छु सिनाममा।

कुनै साँध, सिमाना र रेखा नभएको समयमा बाँचेको छु। संसार खुला र उज्यालोको स्वर उरालिरहेको छ। तर सानो जमात अँध्यारोको गाथा गाइरहेको छ।

रगतले मुछिएका हातले फेरि हतियार समाएर आदेश मग्न छ। रक्तमुछेल अनुहारले गम्भीरताको चालढालमा आफूलाई विशिष्ट बनाएको शालीनतामा दंग छ ऊ।

सिनाम, त्यही पीडाबोधमा आकुलव्याकुल छ।

जित र हारको नतिजा आफैं गर्नेहरू छन्।

आफैंले आफैंलाई पगरी लगाएको, महान् उल्लासमा खित्का छोडेको अनुहार सिनामदेखि परपरसम्म सुनिन्छ ।

एक मानो घिउ बेचेर सिनामले कर तिर्छ राज्यलाई । अनि त्यही राज्यले एसएलआर र बारुद पठाउँछ सिनामका पँधेरो र पिँढीमा । एउटा बाख्रो बेच्छ र तिरो तिर्छ देशलाई सिनाम । प्रत्युत्तरमा आधुनिक हतियारका उरुङखात पठाएर कर्तव्य पूरा गर्छ राज्य । लाग्छ, यसमा दुःख नमानौं-गौरवले पुलकित होऔं ।

हतियारको उन्माद धेरै चम्कियो । सबथोक बिलायो । मान्छेले हाँसो हेर्न खुब खोजे । सिनाम त झन् आकुल । किनभने नहुने कुरो भयो त्यहाँ ।

तल्लो गाउँको कुरो थियो यो-

तास खेल्थे मान्छेहरू । मकैका मुठीमा पैसाको गणना हुन्थ्यो । पहँला मकै पैसामा अनूदित । समय कटनीको राम्रै मेलो । जंगलको उर्दी थियो- जुवा तास पूरै बन्द ।

एक साँझ तल्लाघरे र माथ्ला टोलेका तीन-चार भेला भएर फिट्न थाले तास । यसै बीचमा कसैले भन्यो, मिलिसियाका आँखा परे भाटा खाइन्छ । अनि डरले गाँठो पर्दै भित्रतिर तासको खाल डट्यो ।

यै बेला साँझको सिकार खेल्न पसेका बन्दुकेले बाटामास्तिरको घरमा कल्याङमल्याङ सुनेर कराए- 'केको खलबल ? एमबीको बैठक हो कि क्या हो !'

एमबीको नाउँ सुन्नासाथ जुवाडेहरूको सातो गयो । तिनले अगाडिको टुकी निभाए झापझुप्प । र, सास दबाएर छिरे खाटमुनि ।

गस्तीमा हिँडेका सेना र प्रहरीलाई थप आशंकाले हुनसम्म प्रमाण भो । तिनले टाउकाको मोल पढेकै थिए । जिउँदो वा मरेको विद्रोही नेताका मूल्यवान् टाउका यही एकान्तका घर हुँदो छन् भन्ने अड्कल काटेथे धेरै चोटि । र, घरभित्र पसेर राम्रै खोजखबर गरे । अँध्यारोमा भेटिएका सबै ज्यान निसाना बने एसएलआरका ।

सिनामका ओठमा एकपटक फेरि नुनिला आँसुको स्वाद सजियो । गहको दुःख भक्कानो भएर गीतका फाँकीमा ओर्लियो ।

जतातते यस्तै उन्मादका लप्काहरू छन् ।

सिनाम ।

अरू सम्भावित स्थितिलाई नथेग्ने संशयमा बाँचेको छ । हरेकपटक मरेको जीवन कसरी जीवितको श्रेणीमा पर्छ ? हरेक क्षण मूर्च्छा परेर सास फेरेको गौरव कसले लिएको छ ?

यी उत्तर कसैले पाएको छैन सिनामका घर, पिँढी र गोरेटोहरूमा । र, सम्भावनाका कुनै बिन्दु पनि देखिरहेको थिइनँ म ।

फेरि नहुनुपर्ने कुरा भयो ।

शक्तिले खुट्टो घुमाएको अलि-अलि हो र ! दम्भलाई नरमुण्डमाला लगाउने हतारो छ विचित्रकै । त्यही प्रहारमा सिनामको कुरो हो त्यो । जुन नहुनु पर्थ्यो-नृशंस र पातकी शैलीले भयो, भयो ।

कोही, कसैको आदेशले जीवनमा सास फेर्दै-फेर्दैन ।

मान्छेहरूले यसो भने सिनाममा-

'काबेली तर्दै छन्, सरकारी बन्दुकहरू !'

बाँच्नुपर्ने अनुहारको आग्रह जतातते छ । लालाबाला यताउता छरेर बस्ती चकमन्नपूर्वक बाँच्न खोज्यो । सबैले सोचे, दुई खुट्टाले टेक्नु मात्र जीवनको परिचय काँ बन्दो रै'छ र !

अनि पिँढीमा तिनले झुन्ड्याएका मकैका खोसेल्टाहरू चराले ठुङ्न थाले । बारीमा रोप्न उमारेको खोर्सानीको बीउ त्यतिकै झ्याँगियो । सिसाको मोही त्यत्तिकै अमिलियो ।

नभन्दै जंगलको बारुद मास्न सरकारका बन्दुकले खुबै बर्साए गोली । वरपर जतातते छानबिन र नांगेझार मजैले भयो । बोट फाँडेर जानेहरूलाई सोधियो- 'किन यस्तो ?'

'बोटको हाँगामा लुकेको हुन्छ !'

बन्दुकले बेपर्वाह बोल्यो ।

भूमिगतको कथा सिनामभरि थिए बग्रेल्ती । अत्यास, आशंका र त्रासका अनौठा बोलीमा इसाराहरू निकै थिए । जुनै बेला जे पनि हुन सक्ने भयाक्रान्त मौसममा मान्छेका छाती बल्किएका थिए- ढुकढुक...ढुकढुक...!

बिहानै हेलिकप्टरबाट झरेका बन्दुकले सबै शैलीका तागत देखाए । सिनाम अघोरै आतियो । ऊसँग लालाबाला र गरिबी थियो । लालाबालासँग हुन्छ करुणाको याचना । गरिबीले अँध्यारोमा उघारेको हुन्छ आँखा पिर्लिक्क... पिर्लिक्क...।

'विद्रोहीको कुनै बीउसमेत नराख्नू !'

थुप्रै पतिहरूको आदेश थियो ।

भात खाएर आँतमा रात नपाएका कलिला बन्दुकेहरूको ठिक बेठिक छुट्याउने कसरी ल्याकत हुनु ? तिनले कोठाचोटामा बजारे बुट, पेटी र बन्दुकका कुन्दा ।

एउटा पिँढीमा थियो- अकबरे ।

ऊ बक्खे लाटो । बोली बालखैमा बेपत्तियो । धामीको शरणमा परिन् उसकी आमा । डाक्टरको ओखती र हात पाएन अकबरेले ।

बन्दुकको हुल पस्यो- अकबरेको झुप्रामा ।

'एइ भ्याक्ने, काँ छन् गुरिल्ला !'

बन्दुकेले झाँगलझुँगल पार्‍यो अकबरेलाई ।

उसले क्यै बुझेन । हातको इसारामा भन्यो-थाहा छैन ।

'एइ भ्याक्ने, एक्टिङ गर्छस् !'

बन्दुकेले चड्कन दियो ।

त्यो हुद्दाले लाटोमाथि मजाले प्रहार गर्‍यो ।

'हिजोसम्म घाँस काट्दा गीत गाउँथ्यो, अहिले लाटाको नाटक गर्छ !'

संगीनसाथको बन्दुकेले हातको रगत पुछ्यो ।

त्यतिन्जेलमा रुवाबासी खुबै सुनियो । बलेका बत्तीहरू झापझुप्प एक-एक गरी निभ्दै गए । अघिदेखि भुकेका कुकुरहरू नि सामसुम्म भए । घोर चकमन्नलाई अघोर दमनले दबाइरहेथ्यो ।

गोलीको भाँडभैलोमा मान्छेका मन चुँडिइरहेथे अनवरत । कुनै उजुरबाजुर र बिन्ती गर्ने ढुंगाको चिनोचपेटो थिएन, छँदै थिएन । खबर, रेडियोमा अधिकारले पञ्जापत्र लगाइरहेको समाचार कता-कता सुनिन्थ्यो ।

भोलिपल्ट लाटोको लास हेर्दै एउटी गोठाल्नीले भनेको सुनियो-

'बोल्नेहरू त मारिन्थे नै, यो देशमा लाटोले नि बाँच्न पाएन !' ■

कविता

# घाउलाई घाउ दुख्दैन

■ आरएम डंगोल

कुनै पनि क्षण
कुनै पनि घटना घट्न सक्छ
मैले घटनालाई
दुर्घटनाको रूपमा बुझ्ने गरेको छु,

दुर्घटना नियोजित हुँदैन
यो आकस्मिक हुन्छ
दुर्घटनामा परेपछि
आफ्नै विश्वास अविश्वसनीय बन्न पुग्छ
यस्तो धेरैपटक भएको छ,

अखबारमा छन्
घटना शृंखला
ती सबै दुर्घटित इतिहासका साक्षी बनेका छन्
देशको नाममा खाइएको सपथ
संसद्मा पुगेर बेवारिस बन्ने गरेको छ
संसद्मा पुगेर थन्किएका छन्
दुर्घटनाका सबै-सबै मिसिल,

संसद्मा
अन द रेकर्ड छ सबै घटना,

हतियार व्यवस्थापनको अभिलेख
हतियार उन्मादको भिडियो रेकर्ड
दिनदिनै भेटिने
बेवारिस लासको फोटो
र, मौसमी भविष्यवेत्ताहरूको अडियो क्यासेट
क्रमशः
यस्ता नयाँ दुर्घटनाहरू
पुरानो हुने गरी दोहोरिँदै छन्,

सबैले सुनेका छन् समाचार
सबैले हेरेका छन् टेलिभिजन
सबैले पढेका छन् अखबार,

हामी
समाचार सुन्नु, समाचार हेर्नु
अथवा, घटना देख्नुको
सबै-सबै दुर्घटनाहरू भोगिरहेछौं,

तपाईं अब
कहीं देख्नुहुन्न-
हड्ताल, जुलुस, धर्ना
नाराबाजी, हुलहुज्जत
र, आरोप-प्रत्यारोपको घटना
यी सबै
दुर्घटनाजस्ता बनेका छन्,

सबै-सबै घटना
दुर्घटना बनेपछि
आफ्नै शरीरको घाउ
आफैंलाई दुख्दो रहेनछ,


हो त नि
घाउलाई घाउ दुख्दैन ।



नाटक प्रदर्शन सुरु हुने अघिल्लो दिन प्रज्ञा प्रतिष्ठानमा रिहर्सल गर्दै कलाकारहरू

तस्बिरहरू : निरज सापकोटा

# छरिएका सपना



नाटकका निर्देशक हरिहर शर्मा

**अमेरिकी परिवेशमा लेखिएको भए पनि यो नाटक हाम्रो सामाजिक अवस्थासँग पनि ठ्याक्कै मिल्छ। हाम्रो सन्दर्भमा पनि उपेक्षित परिवारका दमित चाहना, आकांक्षा र कुण्ठा नाटकले ठ्याक्कै अभिव्यक्त गरेको छ।**

'म व्यापार गरेर गोरासरह धनाढ्य बन्छु।'
'म डाक्टर बनेर समाजमा प्रतिष्ठा आर्जन गर्न चाहन्छु।'

वाल्टर योङ्गरको मृत्युपछि जीवनवीमाबाट आउने १० हजार डलर खर्च गर्ने विषयमा उसका छोरा र छोरीले बुनेका योजना हुन्, यी। तर, श्रीमती योङ्गरको भने इच्छा बेग्लै छ। 'डेराको जिन्दगी कति गुजार्नु, जीवनवीमाबाट आउने रकमले यसो एउटा सानो घर बनाउन पाए हुन्थ्यो', श्रीमती योङ्गर आफ्नो चाहना दर्शाउँछिन्। श्रीमती योङ्गरको चाहनालाई बुहारीले मात्र साथ दिन्छे, अरू सदस्य भने आ-आफ्नै धुनमा मस्त छन्।

दस हजार डलर कसरी खर्च गर्ने भन्ने विषयमा परिवारका सदस्यबीच मतान्तर भएपछि असामञ्जस्यको स्थिति उत्पन्न हुन्छ। वाल्टर योङ्गरको अनुपस्थितिमा नेतृत्वको ठूलो अभाव खट्किन्छ। छोराको जिद्दीका अघि आमाको सुझावले कुनै काम गर्दैन। उसले जीवनवीमाको केही अंश व्यापार गर्ने भनेर खर्च गर्छ। व्यापारिक कारोवारको सिलसिलामा उसको पार्टनरले भए भरको रकम कुम्ल्याउँछ। आखिरमा ऊ आर्थिकरूपले टाट पल्टिएर विक्षिप्त अवस्थामा पुग्छ। त्यस्तै छोरीको पनि त्यस्तै मनोदशा छ, उसले डाक्टरी पढ्न कम्ती दौडधुप गर्दिन। तर, सोचेजस्तो कहाँ हुन्छ र उसका सारा प्रयास निरर्थक हुन्छन्। डाक्टर बनेर नाम र दाम दुवै कमाउने उसको सपना चकनाचुर हुन्छ।

विभेदको सिकार भएको एउटा निग्रो परिवार युगौंदेखि जकडिएको सामाजिक प्रथा र मूल्य-मान्यताविरुद्ध विद्रोह चाहन्छ, स्वतन्त्रता चाहन्छ अनि चाहन्छ उन्मुक्ति। समाजमा गोराद्वारा हेपिएका, थिचिएका योङ्गर परिवारका सदस्य उच्च पहिचान बनाउन तम्तयार छन्। छोराको सफल उद्योगी बन्ने र छोरीको डाक्टर बन्ने आकांक्षाले शिक्षा, स्वास्थ्य, उद्योगमा विद्यमान एकाधिकारका कारण मूलधारमा आउन नसकेका जातिको चाहनालाई अभिव्यक्त गरेको छ।

महत्त्वाकांक्षी योजना र सपना असफल बनेपछि योङ्गर परिवार मानसिक द्वन्द्वमा रुमलिन्छ। त्यहाँ मनमुटाव देखिन्छ, तनाव सिर्जना हुन्छ। 'जे हुनु त भयो, चिन्ता लिएर केही हुँदैन', श्रीमती योङ्गरले परिपक्व व्यवहार देखाउँछिन्। बचेखुचेको रकमबाट सानो घर किनेर योङ्गर परिवार बसाइ सर्छ। असफलताबाट पाठ सिकेर भावी जीवनलाई कसरी सहज बनाउँदै लैजाने भन्नेबारेमा सरसल्लाह हुन्छ। परिवारका सदस्यबीच सम्बन्ध सामान्य हुँदै हुन्छ। सुरुमा परिवारका सदस्यबीच तनाव उत्पन्न भए पनि पछि सम्बन्ध सुखदरूपमा टुंगिन्छ।

प्रसिद्ध अमेरिकी लेखक लोरेन ह्यान्सवरीद्वारा लिखित पुलिट्जर पुरस्कार जित्न सफल नाटक 'अ रेजिन इन द सन'को नेपाली अनुवाद 'किसमिसको बिस्कुन' नाटकले अमेरिकामा बस्ने एउटा निग्रो परिवारभित्रको सामाजिक मनोदशाको सफल चित्रण गरेका छन्। प्राध्यापक डा. पद्मप्रसाद देवकोटाले नेपालीमा अनुवाद गरेको उक्त नाटकले विशृंखलित अवस्थालाई सन्तुलितरुपमा पस्केको छ।

नाटकका निर्देशक हरिहर शर्मा भन्छन्, 'अमेरिकी परिवेशमा लेखिएको भए पनि यो नाटक हाम्रो सामाजिक अवस्थासँग पनि ठ्याक्कै मिल्छ।' हाम्रो सन्दर्भमा पनि उपेक्षित परिवारका दमित चाहना, आकांक्षा र कुण्ठालाई ठ्याक्कै नाटकले अभिव्यक्त गरेको शर्माको धारणा छ। नेपाली रंगमञ्चमा स्थापित रंगकर्मीलाई छनोट गरेर नाटकको प्रस्तुतिलाई सकेसम्म नवीन ढाँचामा ल्याउने जमर्को गरिएको छ। निर्देशक शर्मा भन्छन्, 'विश्वविख्यात पुलिट्जर पुरस्कार जित्न सफल यो नाटक नेपालीमा अनुवाद भएर मञ्चन हुनु सुखद एउटा कुरा हो, सामाजिक विषयवस्तुको मनोवैज्ञानिक विश्लेषण अर्को सुन्दरतम पक्ष हो।'

नाटकमा शकुन्तला शर्माले श्रीमती योङ्गर (आमा)को रुपमा बेजोड भूमिका निर्वाह गरेकी छन्। छोराको भूमिकामा देखिएका शैलेन्द्र सिंखडा, बुहारीको भूमिकामा रेखा थापा र छोरीको भूमिकामा दीपा पाण्डे देखिएका छन्। अन्य कलाकारमा रमेश अधिकारी, कुमार विष्ट, सरोज विष्ट, जीवन बस्नेत, कुमार बस्नेतलगायत छन्।

दुई मुलुकबीचको सांस्कृतिक सहकार्यलाई अझ जीवन्त बनाउने उद्देश्यले नेपाल प्रज्ञाप्रतिष्ठान र अमेरिकी दूतावासको आयोजनामा यो नाटक चैत ७ गतेदेखि ५ दिनसम्म राजधानीमा प्रदर्शन गरिने भएको छ। नेपाल प्रज्ञाप्रतिष्ठानको इतिहासमै पहिलोपटक विदेशी नाटकलाई नेपालीमा अनुवाद गरेर मञ्चन गरिएको जनाइएको छ।

■ छत्र कार्की/काठमाडौं

# बन्दै छ माओवादी सिनेमा

चितवन घर भएका निर्देशक विमल पौडेलले माओवादी जनयुद्धमा आधारित सिनेमा बनाइरहेका छन् । दसवर्षे माओवादी जनयुद्धबारे अहिले थुप्रै सिनेमा बनिरहे पनि पौडेलको 'जनयुद्ध' भने माओवादीले नै बनाउँदै गरेको हो । चलचित्रमा सुशील क्षेत्री, नन्दिता केसी, आकाश अधिकारी, रामचन्द्र अधिकारीजस्ता व्यवसायिक कलाकारको अभिनय रहनेछ ।


पार्टीको सांस्कृतिक मोर्चा अखिल नेपाल जनसांस्कृतिक महासंघको पहलमा यो सिनेमा निर्माण हुँदै गरेको हो । चलचित्रमा व्यवसायिकअतिरिक्त पार्टीकै कलाकार पनि छन् । यसअघि केही चलचित्र बनाइसकेका पौडेल अहिले महासंघका सदस्य छन् ।

माओवादी सेनाको तेस्रो डिभिजन रहेको चितवनको शक्तिखोर, जुटपानी र आसपासका क्षेत्रमा चलचित्रको छायांकन भइरहेको छ । केही दृश्यका लागि रोल्पा पुग्ने योजना छ । संविधानसभाको निर्वाचन हुने बेलासम्म सिनेमा प्रदर्शनका लागि तयार हुने पौडेल बताउँछन् ।

■ **रमेशकुमार पौडेल/काठमाडौं** (तस्वीर पनि)



माओवादी चलचित्र 'जनयुद्ध'को दृश्य



कलाकार लक्ष्मण श्रेष्ठको एक सिर्जना

# उत्कृष्ट सिर्जना, महँगा सर्जक

**मुम्बईको** त्यत्रो भीडमा कलाकार लक्ष्मण श्रेष्ठलाई नचिन्ने कलापारखी सायदै होलान् । त्यसो त ख्यातिको शिखरमा पुगेका लक्ष्मणको परिचय युरोप-अमेरिकासम्म पनि फैलिएको छ । लक्ष्मण नेपालमा जन्मिए, तर उनको कर्मथलो बन्यो मुम्बई । सानैदेखि चित्रकला भनेपछि हुरुक्क हुने लक्ष्मणले मुम्बईको जेजे स्कुल अफ आर्टबाट कलाको औपचारिक शिक्षा लिएपछि कर्मथलो पनि मुम्बईलाई नै बनाए । कन्टेम्पोरी आर्टमा छुट्टै पहिचान बनाएका उनले विश्वका विभिन्न सहरमा कला प्रदर्शनी गरिसकेका छन् ।

लामो समयपछि गत साता राजधानीमा लक्ष्मणको एकल चित्रकला प्रदर्शनीको आयोजना गरियो । सिद्धार्थ आर्ट ग्यालरीले आयोजना गरेको उक्त प्रदर्शनीमा मुलुकका कलाकार, कलाका विद्यार्थी, संकलकहरु र बौद्धिक वर्गको उल्लेखनीय संख्यामा उपस्थिति रहेको थियो । मुम्बईका महँगा कलाकारको रुपमा परिचय बनाएका उनका ३१ वटा चित्रहरू प्रदर्शनीमा राखिएका थिए । उनका चित्रहरुको त औसत मूल्य डेढ करोड रहेको जानकारी दिइएको थियो । राजधानीका कलासंकलकहरूले पहिले नै संकलन गरेका लक्ष्मणका चित्रहरू पनि प्रदर्शनीमा राखिएका थिए । सुरक्षाको कारण देखाउँदै संकलकहरूले साँझमा चित्रहरू घरमै फिर्ता लगेका थिए ।

मुलुकबाहिर बसेर पनि प्रतिष्ठा आर्जन गरेका लक्ष्मणको चित्रकलाको आधुनिक शैली बेजोड रहेको वरिष्ठ कलाकार उत्तम नेपाली बताउँछन् । उनी भन्छन्, 'कला प्रदर्शनीबाट उनको अद्भुत सिर्जनशीलता धेरैले हेर्ने अवसर पाए, जुन खुसीको कुरा हो ।' लक्ष्मणसँग पहिलेदेखि सुमधुर सम्बन्ध कायम राख्दै आएका उत्तम नेपाली यो प्रदर्शनीबाट राम्रा कलाकारको रुपमा स्थापित लक्ष्मणलाई नजिकबाट चिन्न सजिलो भएको विचार राख्छन् ।

■ **छत्र कार्की/काठमाडौं**





◀ १७ वर्षअघि २०४६ चैत ३ मा स्रष्टाहरूले कालो पट्टी बाँधेर तत्कालीन निरंकुश सरकारको विरोध गरेका थिए

# जारी छ खबरदारी

**विगत ३-४** वर्षदेखि सिर्जना- चैत ३ नामक अभियानको गतिविधिमा पहिलेको तुलनामा केही कमी भएको छ। त्यसअघि वर्षभरिमा कम्तीमा पनि ४-५ वटा कार्यक्रम गर्दै आएको यस अभियानले एकचोटि भए पनि कार्यक्रम गरेर निरन्तरता भने दिएको छ। गत चैत ३ गते पनि सरस्वतीसदनमा भेला भएर स्रष्टाहरूले अभिव्यक्ति स्वतन्त्रताको पक्षमा आफ्नो मत जाहेर गर्दै ऐतिहासिक दिनको स्मरण गरे। साहित्यकार स्नेह सायमी भन्छन्, 'स्वतन्त्रता पक्षधर साहित्यकारहरू भेला भएर परम्परागत कार्यक्रमलाई निरन्तरता दिनेसम्म भए पनि प्रयास भएको छ।' साहित्यकार सायमीका अनुसार अहिलेको अवस्थामा यो अभियानलाई अझै संस्थागतरूपमा अघि बढाउनुपर्ने आवश्यकता रहेको छ।

एक वर्षपछि भएको उक्त कार्यक्रममा जनआन्दोलन-२ पछि पनि मुलुकले अझै एउटा निश्चित बाटो समात्नुको सट्टा संक्रमणकाल लम्बिँदै गएको अवस्थाप्रति स्रष्टाहरूले चिन्ता व्यक्त गरे। प्रगतिशील लेखक संघका अध्यक्ष निनु चापागाईको भनाइ थियो, 'जनआन्दोलन-२ पछि सबै अधिकार जनताको हातमा आयो भनिए पनि अझै निश्चिन्त हुने अवस्था छैन, पूर्ण स्वतन्त्रता प्राप्त नभएसम्म स्रष्टाहरूले खबरदारी जारी राख्नुपर्छ।'

२०४६ सालको जनआन्दोलनबाट जन्मेको साहित्यकारहरूको संस्था सिर्जना चैत-३ ले यसपटक अलि बेग्लै तरिकाले वार्षिक कार्यक्रम आयोजना गर्‍यो। २०४६ सालको जनआन्दोलनका बेला पञ्चायती व्यवस्थाविरुद्ध घण्टाघर सरस्वतीसदनअगाडि कालोपट्टी बाँधेर सडकमा उत्रिएका दिवंगत स्रष्टाहरूको सम्झनामा उनीहरूका कविता वाचन गरियो।

युद्धप्रसाद मिश्र, मोहन कोइराला, शिव अधिकारी, जनकप्रसाद हुमागाई, पारिजात, वासु शशिलगायत दिवंगत साहित्यकारहरूका सामाजिक न्याय, स्वतन्त्रता, समानता, नागरिकअधिकारसम्बन्धी विषयवस्तु समेटिएका कविता पाठ गरियो। दिवंगत कविहरूको कविता स्नेह सायमी, लक्ष्मी माली, राजेन्द्र शलभ, हेमनाथ पौडेललगायत कविहरूले पढेका थिए।

यसपटक सामाजिक न्याय, लोकतन्त्र र स्वतन्त्रता पक्षधर स्रष्टाहरू भेला भएर पञ्चायतकालको कालरात्रिको सम्झना गरे। त्यस बेला कालोपट्टी बाँध्ने अभियानमा स्वर्गीय साहित्यकार वासु शशि, युद्धप्रसाद मिश्र, मदनकृष्ण, हरिवंश, दुर्गालाल श्रेष्ठ, प्रकाश सायमी, हरिगोविन्द लुइँटेल, नारायण ढकाल, विमल निभा, विष्णुविभु घिमिरे, डा. तुलसी भट्टराईलगायत स्रष्टाहरूले उल्लेखनीय भूमिका खेलेका थिए।

> जनआन्दोलन-२ का बेला स्रष्टाहरूले सडकमै आएका राजा ज्ञानेन्द्रको शाही सत्ताको विरोध त्यसै गरेका थिएनन्, उनीहरू त्यतिकै विद्रोहमा उत्रेका थिएनन्। वयोवृद्ध स्रष्टा सत्यमोहन जोशीदेखि लिएर डा. सञ्जीव उप्रेतीसम्मका अभिव्यक्ति स्वतन्त्रताका पक्षधर स्रष्टाहरूमाथि शाहीसत्ताले लाठीमात्र होइन, गोलीसमेत बर्साएको थियो।

२०४६ साल चैत ३ गते पञ्चायत व्यवस्थाविरूद्ध चलेको जनआन्दोलनमा ऐक्यबद्धता जनाउन स्रष्टाहरूले प्रज्ञाप्रतिष्ठानमा विरोधको कार्यक्रम राखेका थिए। त्यस बेला त्यहाँ कार्यरत शम्भुजित बाँस्कोटाले ढोका बन्द गर्न लगाएर विरोधको लागि त्यहाँ पुगेका स्रष्टाहरूलाई अवरोध पुर्‍याएका थिए। त्यसपछि त्रिचन्द्र क्याम्पसको सरस्वतीसदन अगाडि कालोपट्टी बाँधेर विरोध जनाएका थिए। त्यो बेला प्रहरीले स्रष्टाहरूलाई कठालो समाएर लाठी र बुटले हान्दै अमानवीय व्यावहार गर्दै गिरफ्तार गरेको थियो। स्रष्टाहरूको जेल पर्दाको अनुभूतिलाई साहित्यकार प्रकाश सायमीले डायरीमा उतारेका थिए। त्यस बेला साहित्यकार आनन्ददेव भट्टले डायरीमा लेखेका कुरा अहिले पनि उत्तिकै सान्दर्भिक छन्, 'हामीले आफ्नो विवेकको आदेशको पालना गरौं।'

चैत ३ को कार्यक्रममा डा. बेञ्जु शर्मा, बुद्ध सायमी, निनु चापागाई, राजकुमार केसीलगायत स्रष्टाहरूले आफ्नो विचार राखेका थिए।

ऐतिहासिक दिनको स्मरण गराउने उद्देश्यले उक्त स्थानमा 'स्रष्टा स्मारक' राख्ने तयारी समेत गर्न लागिएको छ। यसको डिजाइन कलाकार राजन काफ्लेले गरेका छन्। जनआन्दोलन-२ का बेला स्रष्टाहरूले सडकमै आएका राजा ज्ञानेन्द्रको शाही सत्ताको विरोध त्यसै गरेका थिएनन्, उनीहरू त्यतिकै विद्रोहमा उत्रेका थिएनन्। वयोवृद्ध स्रष्टा सत्यमोहन जोशीदेखि लिएर डा. सञ्जीव उप्रेतीसम्मका अभिव्यक्ति स्वतन्त्रताका पक्षधर स्रष्टाहरूमाथि शाहीसत्ताले लाठीमात्र होइन, गोलीसमेत बर्साएको थियो। जनआन्दोलन-२ को सफलतापछि पनि स्रष्टाहरूको नागरिक हकअधिकार सुनिश्चितताको लागि जुन हिसाबले संगठित भएर आउनुपर्ने हो, त्यसरी आउन नसकेको गुनासो छ।

२०४६ सालको आन्दोलनका बेला साहित्यकार वासु शशिले भनेका थिए, 'राजनीतिक कुर्सीको चार खुट्टाले काम नगरेपछि सर्जकको कलमको भूमिका हुन्छ।' हो, अहिले त्यस्तै अवस्था छ, लोकतान्त्रिक सरकार नाममा मात्र सीमित छ, काम एकातिर भए पनि कुम्लो बोकेर ठिमीतिर लाग्ने प्रवृत्ति यथावत् छ। सदाको लागि निरंकुशता र सामाजिक विभेद अन्त्य होस् भनेर जनआन्दोलन-२ का बेला तातिएका स्रष्टाहरू पनि सेलाएका छन्, एकत्रित छैनन् अहिले। आन्दोलन सफल भयो, तर आमप्रवृत्तिमा रतिभर परिवर्तन छैन। यस्तो बेलामा सिर्जना चैत-३ लोकतान्त्रिक स्रष्टाहरूको साझा मञ्च अझै तदारुकतासाथ लागी पर्नुपर्ने आवश्यकता छ। साहित्यकार बुद्ध सायमी भन्छन्, 'अहिलेको अन्योलपूर्ण अवस्थामा सिर्जनामार्फत दिशाबोध गर्ने काम स्रष्टाहरूको हो। त्यसमा अब ढिलाइ गर्नु हुँदैन।'

■ छत्र कार्की/काठमाडौं

# ध्याउन्न नै काउन्सिलिङ



**मनोविज्ञान पढेका सबै काउन्सिलर हुनसक्छन् भन्ने धेरैको धारणा हुन्छ, जुन सत्य होइन । मनोविज्ञानको सैद्धान्तिक ज्ञान र काउन्सिलिङ छुट्टै पाटोका रूपमा रहेको मनोविज्ञ गंगा पाठकको बुझाइ छ ।**

एसएलसी खुड्किलो पार गरेर कलेज भर्ना हुने क्रममा आभा राणालाई नभेटेको भए काउन्सिलर गंगा पाठकको जीवनले सायद अर्कै मोड लिन्थ्यो होला । परिवारकै आग्रह मानेर उच्चशिक्षाका क्रममा मनोविज्ञानको सट्टा विज्ञान विषय रोजेको भए उनले काउन्सिलिङमा विद्यावारिधि गर्ने पहिलो नेपाली हुने अवसर प्राप्त गर्ने थिइनन् । बनारस हिन्दु विश्वविद्यालयबाट 'स्टुडेन्ट काउन्सिलिङ' शीर्षकशोधमा केही समयअघि मात्र विद्यावारिधिको प्रमाणपत्र हात पार्न सफल उनले अहिले एउटा कुशल काउन्सिलरको रूपमा बलियो परिचय बनाएकी छन् ।

३१ वर्षअघि पद्मकन्या क्याम्पसमा भर्ना हुन फाराम लिन आएका बेला आभाले मनोविज्ञानबारे गरेको बखानको प्रभाव उनको किशोर मस्तिष्कमा कसरी पऱ्यो भने विज्ञान पढ्नुपर्छ भन्ने पारिवारिक दबाबले उनको निर्णय बदल्न सकेन । उनी सम्झिन्छन्, 'मैले मनोविज्ञानमा फाराम भरेँ भन्ने थाहा पाएपछि घरका सबै सदस्यको गाली खानुपऱ्यो, साइकोलोजी पढेर यो बेकम्मा हुने भई भन्नेसम्म कुरा भयो ।'

तर मनोविज्ञान छनोट गरेर उच्चशिक्षा अगाडि बढाउने क्रममा उनी कहिल्यै पछाडि फर्कनु परेन । नियमित विद्यार्थीको रूपमा २०३६ सालमा पद्मकन्या क्याम्पसबाट बिए पास गरिन्, तर त्यस बेला नेपालमा पढाइ नहुने भएकाले मनोविज्ञानमा एमए गर्ने उनको धोको तत्काल पूरा भएन । समयको सदुपयोग गर्दै उनले एकवर्षे बिएड के पूरा गरेकी थिइन्, त्रिभुवन विश्वविद्यालयमा एमए मनोविज्ञान कक्षा सुरु भयो । २०४० सालमा प्रथम श्रेणीमा एमए पूरा गरेपछि नेपाल मानविकी क्याम्पस, प्रदर्शनीमार्गमा सहायक प्राध्यापकको हैसियतमा अध्यापन थालेको अढाई दशकको अवधिमा उनले त्रिचन्द्र क्याम्पसमा मनोविज्ञान विभाग स्थापना गर्ने देखि लिएर विभागीय प्रमुखको जिम्मेवारीसमेत सम्हालिसकेकी छन् ।

चितवनस्थित खैरेनी माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गरिसकेपछि उच्चशिक्षा हासिल गर्न उनी काठमाडौं आएकी थिइन् । चार वर्षको उमेरमै पितृवियोग खप्नुपरेकाले बाल्यकाल नरमाइलोसँग बितेको उनी बताउँछिन् । 'त्यस बेला आफूलाई सबैले बेवास्ता गरेको महसुस हुन्थ्यो, झन् बुबा बितेपछि त असुरक्षाको भय बढेको थियो', उनी भनिछन्, 'उचित मार्गनिर्देशनका अभावमै आधारभूत शिक्षा हासिल गरेँ ।' पछि काउन्सिलिङ तालिम लिएपछि उनले बाल्यकालमा व्यहोरेका सबै समस्याको उत्तर पाउँदै गइन् । अहिले काउन्सिलिङ उनको जीवनको पर्याय बनेको छ । मावलीघरमा बस्दा प्रसिद्ध कथाकार गुरुप्रसाद मैनालीको उत्प्रेरणाले सिर्जनात्मक लेखनतिर पनि उनको ध्यान तानिए पनि अहिले पूरै ध्याउन्न काउन्सिलिङमा छ ।

२०४४ सालमा युनाइटेड मिसन टु नेपालबाट काउन्सिलिङ तालिम लिएपछि यो क्षेत्रमा उनको मोह कसरी बढ्दै गयो भने काउन्सिलिङ प्रवर्द्धन गर्ने हिसाबले एउटा संस्था स्थापना हुनुपर्छ भन्ने सोच बीजारोपण भयो । जापानबाट मनोशिक्षणमा दक्षता हासिल गरेकी उमा श्रेष्ठसँगको भेटले यो सोच पनि पूरा भयो, फलस्वरूप २०५३ सालमा नेसनल इन्स्टिच्युट अफ साइकोलोजी नामक संस्था स्थापना भयो । काउन्सिलिङका क्षेत्रमा अग्रणी यो संस्थाले नेपालमा सबैभन्दा पहिला काउन्सिलर तालिम सुरु गरेको थियो, अहिलेसम्म यहाँबाट सयभन्दा बढी काउन्सिलर उत्पादन भइसकेका छन् ।

पहिलोचोटी 'डिप्रेसन' भएको व्यक्तिलाई काउन्सिलिङ गर्दा असहज महसुस भएको उनको अनुभव छ । 'उनको समस्या सुन्दा सुन्दा म पसिनाले निथ्रुक्क भिजेछु, कसरी काउन्सिलिङ गर्ने भन्ने मेसो पाइन । पछि ज्वरो आएर आफैं बिरामी परेँ', उनी सम्झन्छिन्, 'एक मन अरूको दुःख मात्र सुन्नु पर्ने यो काम नै छोडिदिउ जस्तो लाग्थ्यो, तर भित्री मनले दिँदैनथ्यो ।'

मनोविज्ञान पढेका सबै काउन्सिलर हुनसक्छन् भन्ने धेरैको धारणा हुन्छ, जुन सत्य होइन । मनोविज्ञानको सैद्धान्तिक ज्ञान र काउन्सिलिङ छुट्टै पाटोका रूपमा रहेको उनको बुझाइ छ । उनी भन्छिन्, 'कुशल काउन्सिलर बन्नु चानचुने कुरा होइन, अरूको समस्या सुन्न सक्ने, समस्या विश्लेषण गर्ने र त्यसलाई मनन गरेर सही बाटो दिन सक्ने खुबी हुनुपर्छ ।' केही समय यता काउन्सिलिङको विकास तीव्र गतिमा भइरहेको छ । विद्यालय, कलेजलगायत विभिन्न संस्थाले व्यावसायिक काउन्सिलर राख्न थालेका छन् । उनी देखाउनमात्र काउन्सिलर राख्ने परिपाटी बढ्न लागेकोमा चिन्ता व्यक्त गर्छिन् । उनी भन्छिन्, 'काउन्सिलरलाई हल्कारूपमा लिनु उचित होइन, यसका लागि मस्तिष्क र हृदय उत्तिकै आवश्यक पर्छ ।'

'स्टुडेन्ट काउन्सिलर' विज्ञका रूपमा परिचित उनी अहिलेका अधिकांश विद्यार्थी विभिन्न खाले समस्याले ग्रस्त भएको धारणा राख्छिन् । उनी भन्छिन्, 'अहिलेका विद्यार्थीमा आत्मस्वाभिमान, आत्मविश्वास, निर्णय क्षमतालगायत तत्त्वको अभाव छ । अभिभावक र बालबालिकाबीच बढ्दो खाडलले नयाँ पुस्तामा विकराल समस्या आइरहेको छ ।'

■ छत्र कार्की





युवराज घिमिरे

# सिडी प्रविधि, न्यायपालिका र सञ्चारमाध्यम

**अहिले दक्षिण एसियाका** तीन मुलुकमा न्यायपालिका चर्चामा आएका छन्। भारतमा सर्वोच्चका एकजना न्यायाधीशले आफूले धम्की पाएपछि उत्तरप्रदेशका मुख्यमन्त्री मुलायमसिंह यादवविरुद्धको मुद्दा नहेर्ने निर्णय सुनाए, आँखाबाट आँसु झार्दै। न्यायाधीशप्रति अदालतमा मात्र हैन, मुलुकमा विभिन्न भागबाट समर्थन आइरहेको छ। न्यायालयका एक सदस्यलाई कुनै एक पक्षले धम्क्याउनुलाई सभ्य र प्रजातान्त्रिक मुलुकमा उसको व्यक्तिगत मामिला मात्र मानिँदैन, त्यसलाई संविधानको मर्यादा र गरिमासँग जोडिन्छ। स्वतन्त्र न्यायपालिकाको अनुपस्थितिमा प्रजातन्त्र र कानुनी राज्य कोरा कल्पना मात्र सावित हुन्छ र भारतमा संवैधानिक प्रक्रिया तथा प्रजातन्त्रको विकासमा न्यायपालिकाले पुऱ्याएको योगदान सह्रानीय छ। कयौंपल्ट उसले कार्यपालिकाले अपहरण गरेका प्रजातान्त्रिक मूल्य मान्यतालाई खोसेर जनतासमक्ष पुऱ्याएको छ।

भारतको यो घटनाको तुलनामा कयौं गुणा ठूलो विवादबाट ग्रस्त छ, पाकिस्तान। मार्च ९ का दिन राष्ट्रपति परवेज मुसर्रफले सर्वोच्च अदालतका प्रमुख न्यायाधीश इफ्तिखार मोहम्मद चौधरीलाई निलम्बन गरी लामो छुट्टीमा पठाएपछि यसलाई स्वतन्त्र न्यायपालिकामाथिको हस्तक्षेप ठहर गर्दै मुलुकका विभिन्न भागमा अदालत र वकिलहरूको काम बहिष्कार गरेका छन्। कतिपय उच्च न्यायालयका न्यायाधीशहरूले कार्यकारी हस्तक्षेपविरुद्ध राजीनामा गरेका छन्। प्रधानन्यायाधीश चौधरीले राष्ट्रपति मुसर्रफ सेनाका पनि प्रमुख रहन हुने वा नहुने मुद्दा लगायत आमनिर्वाचनको तिथिबारेको विवादमा फैसला दिने तयारीमा रहेका बेला यो निलम्बन संयोग मात्र भएको मान्नेहरूको संख्या धेरै छैन।

पाकिस्तान अस्तित्वमा आएको ६० वर्षमा त्यहाँ आधा अवधि सैनिक नेतृत्व सत्तामा रहेको भए पनि त्यहाँको न्यायालय निकै हदसम्म व्यवसायिक, दक्ष र कार्यपालिकाको अधीनभन्दा बाहिर छ। त्यहाँको सञ्चार क्षेत्र निकै हदसम्म स्वतन्त्र, व्यवसायिक तथा आवश्यकता पर्दा सत्ताविरुद्ध अडान लिन सक्ने हुनाले बृहत् स्वतन्त्रतासँग सरोकार राख्ने कुनै पनि किसिमको दमनमा सरकार उत्रिएमा त्यसको प्रतिरोध हुनु अस्वभाविक हैन। र, त्यसैले न्यायाधीश चौधरीको निलम्बन प्रकरणलाई पाकिस्तानी न्यायपालिकाको स्वतन्त्रतासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा रुपमा हेरिनेछ।

यी दुई घटनाक्रमकै शृंखलामा केही नेपाली सञ्चारमाध्यममा सिडीमा टेप गरिएका वार्तालाई प्रमाणका रुपमा स्वीकार गर्दै न्यायपालिकामा भ्रष्टाचार भएको रिपोर्ट लेखहरू प्रस्तुत गरिएका छन्। र, भारत तथा पाकिस्तानमा जसरी अदालतको पक्षमा अहिलेसम्म खासै आवाज उठेका छैनन्। अदालत तथा सिडी प्रकरणमा नाम आएका वा संलग्न मानिएका न्यायाधीशहरूको भनाइ नराखीकन सञ्चारमाध्यममा आएका टीकाटिप्पणी र निष्कर्षलाई न्यायालयले कुन हिसाबले हेर्ला ? त्यो एउटा पक्ष हो। तर सिडीकै आधारमा र स्वतन्त्र छानबिनविना अदालतका कथित भ्रष्टाचारबारे कुनै निष्कर्षमा पुग्ने प्रवृत्ति सञ्चारमाध्यममा बढ्न गएमा त्यसले कस्तो प्रभाव निम्त्याउला ? यो खासगरी सञ्चारमाध्यमले गम्भीरतासाथ लिनुपर्ने विषय भएको छ।

विगत केही समय अदालतमा देखिएका केही अनियमितता र सन्देहात्मक निर्णयको गहन विश्लेषण र छानबिन सञ्चारमाध्यममा उठ्न थालेपछि सर्वोच्चका केही न्यायाधीशहरूले राजीनामा दिएका सकारात्मक उदाहरणहरू हामीसमक्ष छन्। सञ्चारमाध्यमले कति महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् अदालत तथा राज्यका विभिन्न निकायमा देखिएका तथ्यमा आधारित भ्रष्टाचारका मामिलामा भन्ने प्रमाण हुन्, पूर्वका प्रेस रिपोर्टहरू। न्यायाधीश भ्रष्टाचारको विरोधसँगै सहज तथा सुलभ र पारदर्शी न्यायप्रणालीलाई कसरी विकसित गर्ने भन्ने चुनौती पनि मुलुकसमक्ष छ, जसलाई सञ्चारजगत्ले एउटा तार्किक विन्दुमा पुऱ्याउनमा मद्दत दिन सक्छ।

तर त्यो सबै त्यस बेला मात्र सम्भव हुन्छ, जब न्यायपालिका खास गरी त्यसको सर्वोच्च निकाय जनताको निकाय बन्न जान्छ, जबसम्म उसमाथि कार्यपालिकाको छायाँको ग्रहण लाग्दैन। माघ १९ गतेपछि मात्र हैन, पञ्चायतकालमा पनि नेपालको न्यायपालिकाले साहस र न्यायिक विवेक प्रस्तुत गरेको छ। तर, जनआन्दोलनपछि बनेको सरकारका दलहरू तथा माओवादीको समर्थनबाट बनेको अन्तरिम संविधानमा न्यायपालिकालाई कार्यकारिणीको अधीनमा राख्ने प्रावधान आउँदासम्म सञ्चारमाध्यमले अपेक्षितस्तरमा कुनै प्रतिरोध नजनाउनुले प्रजातन्त्रमा न्यायपालिकाको स्थानबारे सायद भारत र पाकिस्तानमा जस्तो चेतना आइसकेको छैन कि ?

अहिले सञ्चारमाध्यममा आएका रिपोर्टहरूपछि सर्वोच्च अदालतले न्यायाधीश तपबहादुर मगरको अध्यक्षतामा छानबिन गर्न समिति गठन गरेको छ। सामान्यतया अदालतले स्वेच्छाले मानहानिको मुद्दा लिने परम्परा छैन। त्यसैले ऊप्रति सञ्चारमाध्यम न्यायपूर्ण तरिकाले मात्र आक्रामक हुने अपेक्षा गरिन्छ। 'म यो प्रकरणलाई सम्बन्धित सञ्चारमाध्यमकै विवेकमा छाड्छु। म अथवा अदालतका अन्य न्यायाधीशबारे प्रेस रिपोर्टमा आएका टिप्पणीलाई उहाँहरूले कसरी लिनुहुन्छ', *समय*को जिज्ञासामा प्रधानन्यायाधीश दिलीप पौडेलको प्रतिक्रिया थियो। र, प्रधानन्यायाधीशद्वारा गठित समितिले अवश्य पनि प्रेसको भूमिकालाई हेर्नेछैन। त्यो सिडी प्रकरणमा अदालतलाई नियाल्ने एउटा कदम मात्र होला सम्भवतः।

नेपालको भावी राजनीतिक रुपान्तरणमा अदालतको अस्तित्व र भूमिका अहिले खासै आम बहस र चासोको विषय बनिसकेको छैन। तर अदालतलाई दक्ष र स्वतन्त्र बनाउन तथा उसको गरिमाको रक्षा आजको प्राथमिकता बन्न सकेन भने मुलुकको प्रजातन्त्रप्रतिको यात्रा मौलिकरुपमा अधुरो मात्र हैन, अर्थहीन पनि हुनेछ। ■

पाकिस्तान अस्तित्वमा आएको ६० वर्षमा त्यहाँ आधा अवधि सैनिक नेतृत्व सत्तामा रहेको भए पनि त्यहाँको न्यायालय निकै हदसम्म व्यवसायिक, दक्ष र कार्यपालिकाको अधीनभन्दा बाहिर छ। त्यहाँको सञ्चार क्षेत्र निकै हदसम्म स्वतन्त्र, व्यवसायिक तथा आवश्यकता पर्दा सत्ताविरुद्ध अडान लिन सक्ने हुनाले बृहत् स्वतन्त्रतासँग सरोकार राख्ने कुनै पनि किसिमको दमनमा सरकार उत्रिएमा त्यसको प्रतिरोध हुनु अस्वभाविक हैन।